www.csrcnepal.org

# भूमि अधिकार

वर्ष २० | पूर्णाङ्क ६२ | असोज २०८०



## भूमि सुधारबारे नयाँ बहसको आवश्यकता

भूमिमा समान स्वामित्वका लागि संयुक्त पुर्जा अभियान

मानव जाति, भूमि र सामाजिक क्रान्ति

## हाम्रो सपना र दूरदृष्टि

**न्यायपूर्ण एवं दिगो भूमि व्यवस्थासहितको समुन्नत, लोकतान्त्रिक र समतामूलक नेपालको सिर्जना**

## हाम्रो अठोट र कार्यभार

**भूमिहीन तथा कृषि कर्ममा संलग्न किसानको भूमि अधिकार सुनिश्चित गर्दै न्यायपूर्ण भूमि व्यवस्था र दिगो कृषिप्रणालि स्थापीत गर्न योगदान गर्ने**

### हाम्रा आधारभूत मूल्य/मान्यता

- सामाजिक न्याय र प्रकृतिलाई न्याय
- अहिंसा
- सरलता र पारस्परिक सम्मान
- समानुभूति र पक्षधरता
- आत्मनिर्भरता र अन्तरनिर्भरता
- नतिजामुखी, गुणस्तरीय र उत्कृष्टता

### रणनीतिक प्राथमिकताहरू

१. भूमि-कृषि आन्दोलनको समग्र सुदृढीकरण र विस्तार

२. भूमि-कृषि सवालमा ज्ञान निर्माण, कार्यगत अनुसन्धान र प्रकाशन

३. भूमि-कृषिसम्बन्धी नीतिगत बहस र सुशासन प्रवर्धन

४. दिगो कृषि, कृषि सहकारी र सुरक्षित जीविका प्रणालीको विकास

५. भूमि-कृषि सवालको विश्वव्यापी आन्दोलन र सञ्जाल सुदृढीकरणमा योगदान

# भूमि अधिकार

वर्ष २० | पूर्णाङ्क ६२ | असोज २०८०



भूमि आयोग : गति बढाऊ . . . . . . . . . . . . . . . ४
भूमि सुधारबारे नयाँ बहसको आवश्यकता . . . . . . . ५
मानव जाति, भूमि र सामाजिक क्रान्ति . . . . . . . १२
सामाजिक र आर्थिक न्यायको लागि भूमि वितरण . . १७
भूमिमा समान स्वामित्वका लागि संयुक्त पुर्जा अभियान . १९
चुरे संरक्षणमा स्थानीय . . . . . . . . . . . . . . . २३
भूमि नीति र ऐनको कार्यान्वयन नै आजको प्राथमिकता . २५
अभियानमा सिकाइ र भोगाई . . . . . . . . . . . . २७
सुकुमबासी उठिबास र दलीय मौनता . . . . . . . २८
भूमि अधिकारका लागि सङ्घर्ष यात्रा . . . . . . . . ३०
मधेसमा दलित भूमिहीनता . . . . . . . . . . . . . ३२
भूमि साक्षरता र जग्गा मिसन अभियान . . . . . . . ३३

CSRC
आत्मनिर्भर केन्द्र

**प्रकाशक** : सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (सिएसआरसी)
पोस्ट बक्स नम्बर : १९७९०, भूमिघर, टोखा-७, काठमाडौं, नेपाल
फोन : ९७७-१-४९६०४८६, फ्याक्स : ९७७-१-४९५७०३३
इमेल : landrights@csrcnepal.org, वेभसाइट : www.csrcnepal.org

**ग्राफिक डिजाइन** :
बिक्रम चन्द्र मजुमदार | bmajumdar33@gmail.com

**आवरण तस्बिर** : राष्ट्रिय भूमि आयोगमार्फत् धनगढीमाई नगरपालिका वडा नं. १३ का भूमिहीन परिवारले जग्गाधनी पुर्जा प्राप्तीपछि खुसी साट्दै । **फोटो** : कुमार थापा

**प्रष्टिकरण** : यस अङ्कमा प्रकाशित लेखहरू लेखकका निजी विचारहरू हुन् । फरक विचारहरू पनि बहसमा आउन् भन्ने उद्देश्यले प्रकाशन गरिएको छ ।

**अरूको अधिकारको सम्मान एउटा उच्च सिद्धान्त हो ।**

- मेडेलिन के. अल्ब्राइट

# भूमि आयोग : गति बढाऊ

भूमिहीनलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीलाई व्यवस्थित गर्ने उद्देश्यले २०७८ भदौ २५ मा राष्ट्रिय भूमि आयोग गठन भएको हो । भूमिहीन दलित समुदायको भूमिहीनता अन्त्य गर्ने महत्वपूर्ण जिम्मेवारी पनि आयोगलाई रहेको छ । यो संविधानले नै भूमिहीनको समस्या सल्ट्याउन गरेको व्यवस्थाबमोजिमको हो । यो भूमिहीन समुदायको सामाजिक न्यायको पनि विषय हो ।

आयोगको जिल्ला समिति ७७ वटै जिल्लामा छ । जिल्ला समितिमा नियुक्त बाहेक जिल्लास्थित भूमिसम्बन्धी अड्डासँग सम्बन्धित कर्मचारीहरू पनि संलग्न छन् । नापीलगायत प्राविधिक कर्मचारी आवश्यकताअनुसार राखिएको छ । अझ मुख्य कुरा त भूमिहीनलाई जमिन उपलब्ध गराउने र अव्यवस्थित बसोबासीलाई व्यवस्थापनको दायरामा ल्याउने काममा मुख्य भूमिका स्थानीय सरकारको छ । त्यसैले स्थानीय सरकारहरूले पनि आयोगसँग समन्वय गरेर काम गरिरहेका छन् । अर्थात उनीहरूले पनि आवश्यकताअनुसार जनशक्ति खटाइरहेका छन् ।

आयोग गठन भएको २ वर्ष बितिसकेको छ जबकि यसको म्याद नै ३ वर्ष छ । यो अवधिमा धेरै भूमिहीन र अव्यवस्थित बसोवासीले जमिनको स्वामित्व पाउनु पर्ने थियो । यसैगरी धेरै अव्यवस्थित बसोबासी व्यवस्थित भइसक्नुपर्थ्यो तर विडम्बना नै भन्नुपर्छ, जग्गा वितरणको कार्यमा उपलब्धि एकदमै कम देखिएको छ । भूमिहीनहरू आफूले भरेका फाराम कहिले जग्गा धनी पुर्जामा परिणत होला भनेर कुरेको कुर्‍यै छन् । सधैँ 'प्रक्रियामा छ' भन्ने सम्बन्धित निकायको उत्तरले उनीहरूलाई निराश मात्र तुल्याएको छ । र, यो अवस्थाले आयोगप्रति पनि नकारात्मकता जन्माउन सुरु गरेको छ ।

कतिपय ठाउँमा स्थानीय सरकारले सहयोग नगरेका होलान्, कतिपय ठाउँमा प्राविधिक कर्मचारी अपुग भएका होला, कतिपय ठाउँमा मालपोत, नापी जस्ता सरकारी कार्यालयले सहयोग नगरेका होलान्, कतिपय अवस्थामा बजेट नै पनि अपुग होला । खासमा राष्ट्रिय स्तरको, त्यो पनि शक्तिशाली आयोग गठन गर्नुपरेकै यस्तै समस्या आउँछन् र त्यसलाई छिमोलेर अघि बढ्न सकियोस् भनेर हो । नत्र त जिल्लास्थित मालपोत, नापी, भूमि सुधार जस्ता कार्यालयले नै अहिले आयोगले सम्पादन गरिरहेका काम गरिहाल्थे नि । त्यसैले यस्ता समस्या देखाएर आयोग भाग्ने वा पन्छिने हुन सक्दैन ।

नेतृत्वको परीक्षा हुने नै अप्ठेरोमा हो । सहज स्थितिमा त जसले पनि काम गर्छ । त्यसैले काम गर्ने दौरानमा देखिएका समस्या समाधान गर्दै जाने नेतृत्व नै कुशल ठहरिन्छ । राष्ट्रिय भूमि आयोगसामु अहिले यही अवस्था सिर्जना भएको छ । आयोग शक्तिशाली छ । यसका केन्द्रीयदेखि जिल्ला स्तरसम्मका पदाधिकारी सबै सत्तासीन दलहरूसँग सम्बन्धित छन् । यस्तो अवस्थामा सबै सम्बन्धित निकायसँग समन्वय गरेर अघि बढ्न कसले रोक्यो ? किन सकिएन यसरी अघि बढ्न ? त्यसैले अहिले आयोगलाई यो वा त्यो बहानामा आफ्नो कामबाट पन्छिने त के, ढिलो गर्नेसमेत छूट छैन । परिस्थितिलाई सङ्ल्याउने काम मूलतः नेतृत्वको हो ।

एकैचोटि सर्वौँतिर काम सम्पन्न गर्न खोज्नु भन्दा केही निश्चित ठाउँलाई लक्षित गरेर परिणाम निकाल्ने हिसाबले अघि बढ्न सकिन्छ । समस्या कम भएका ठाउँलाई प्राथमिकता दिएर नतिजा हात पार्ने उपायमा लाग्न सकिन्छ । सफल भएका ठाउँबाट सिकेका ज्ञान समस्याग्रस्त ठाउँमा लागु गर्न सकिन्छ । कम्तीमा पनि यति महिनाभित्र यतिवटा जिल्ला वा यतिवटा स्थानीय तहमा समस्या सक्छौँ भनेर लक्ष्य बनाएर अघि बढ्न सकिन्छ । तर अहिले आयोगको काम गराइ हेर्दा सबैतिर हात हालेको तर परिणाम भने कतै पनि नदेखिने अवस्था सिर्जना भएको छ । जसले एकातिर आयोगले आफ्नो उद्देश्य बिर्सेको हो कि भनेर शङ्का गर्नेलाई बल पुगेको छ भने अर्कोतर्फ पीडितहरू 'आकासको फल आँखा तरी मर' को नियतिमा चित्त बुझाउन बाध्य देखिएका छन् ।

आयोग शक्तिशाली छ । सत्तासीन नजिकका भएकाले उनीहरूको सरकारसम्म पहुँच नहुने कुरै भएन । जिल्ला-जिल्लासम्म संयन्त्र छ । स्थानीय सरकार मुख्य जिम्मेवार निकाय भएकाले कार्यक्षेत्रमा आउने समस्यासँग जुध्न आयोगलाई कठिनाइ छैन । भूमिहीन, अव्यवस्थित बसोबासी, दलित आदिले आवश्यकताअनुसार सहयोग गरिरहेका छन् । भूमि अधिकारका क्षेत्रमा काम गर्ने संस्था, निकाय, सङ्घ आदिले आयोगका गतिविधि, नियम/कानुन, प्रक्रिया आदिबारे व्यापक प्रचारप्रसार मात्र गरेका छैनन्, कतिपय ठाउँमा स्वयंसेवीरूपमा व्यक्ति वा समूहगतरूपमा पूरै खटिएर सघाएका पनि छन् । य त्यसैले आयोगले आफ्नो उद्देश्य प्राप्तिमा खुट्टा कमाउन जरुरी छैन । कामको गति बढाउन सक्नुपर्छ ताकि पीडितहरूले संविधानले नै व्यवस्था गरेको अधिकार चाँडो भन्दा चाँडो प्राप्त गर्न सकून् । आयोगलाई आन्तरीक रुपमा अरु चुनौती छन् भने त्यो विषय के हो ? त्यसलाई बाहिर ल्याउन आवस्यक छ । वृहद सहकार्यको वातावरण बनाएर नितीगत तहमा देखिएका समस्या छिमोल्दै आयोगले आफ्नो कामको गती बढाउन र रणनीतिहरु बदल्न आवस्यक छ ।





झलक सुवेदी

# भूमि सुधारबारे नयाँ बहसको आवश्यकता



नेपालमा भू-स्वामित्वको अवस्थाले अझै पनि परिवार र व्यक्तिको आर्थिक सम्पन्नता, सामाजिक हैसियत र राजनीतिक शक्तिलाई निर्धारण गर्छ । इतिहासको लामो कालखण्डदेखि नै राज्यले खास वर्गलाई सहयोग गर्ने जुन राजनीतिक प्रक्रिया रह्यो, राज्यको पहलमा भएको भूमि सुधार जसरी कमजोर तथा घोषित लक्षहरू भन्दा विपरित हुनेगरी लागु गरियो त्यसले भूमिमा आश्रित परिवारका बीचमा असमान भूमि वितरणको अवस्था सिर्जना गऱ्यो तथा आमनागरिकका बीचमा विद्यमान असमानतालाई संस्थागत गऱ्यो । (ढकाल, २०११)

सतहमा हेर्दा भूमि वितरणको असमान अवस्थाले सिर्जना गरेको शक्ति सम्बन्ध, भूमिमा आश्रित परिवारको जीविकाको सुनिश्चिततासहित सामाजिक न्याय स्थापना तथा भूमि स्रोतको अधिकतम उपयोगका माध्यमबाट उत्पादकत्वमा वृद्धि ल्याई समग्र आर्थिक समृद्धि हासिल गर्ने उद्देश्यले नै भूमि सुधार गर्ने प्रयास विभिन्न देशले गर्दै आएका छन् । तर भूमि सुधारको अर्थराजनीतिक सन्दर्भको भने आफ्नै ऐतिहासिक विकासक्रम छ ।

दासहरूलाई गोरुसरह जोताउनु, किसानहरूलाई जीवन धान्न मात्र पुग्ने अन्न पाउने गरी बाँकी काममा बँधुवा जस्तो जोताएर उसबाट कुत, अरू कर र बेठबेगारी लिनु मध्ययुगको सम्पत्तिशाली वर्गको सुखसयल र धनसम्पत्ति वृद्धिको मुख्य आधार थियो । यसले किसान टाक्सिने र जमिनदार सधैँ मोटाउने अवस्था सिर्जना गरेको थियो । नेपालमा पृथ्वीनारायण शाहको राज्य विस्तार अभियान जति सफल हुँदै गयो त्यति नै जमिनमाथि किसानको हक कमजोर हुँदै गयो । यो क्रम २००७ सम्म निष्कण्टक जारी थियो ।

विस्तारै यो प्रथाले उत्पादन वृद्धि रोक्ने र आर्थिक जडता सिर्जना गर्ने, किसानहरूमा असन्तोष र विद्रोह जन्माउने गर्दै थियो । यद्यपि बेलायतको हकमा औद्योगिक क्रान्ति हुनुअघि नै प्लेग, अमेरिकामा बसाइँ सराइ र जमिनमाथि सीमित व्यक्तिको नियन्त्रणको एउटा सिलसिला सुरु भएको थियो । विस्तारै भूमिपतिहरू आफैँले पुँजीवादी ढङ्गले जमिनको उपभोग तथा व्यवस्थापन गर्न थालेपछि जमिनमा आश्रिते किसानहरूको ठूलो हिस्सा जमिनबाट लखेटिएको थियो र शहरमा कामको खोजीमा पसेको थियो । उनीहरूको अवस्थाबारे एङ्गेल्सले प्रसिद्ध कृति 'दि वर्किङ क्लास अफ लन्डन' मा विस्तारमा चर्चा गरेका छन् ।

कमाउने एउटा, खाने अर्को हुने भूसम्बन्धको परम्परालाई भत्काइदिने प्रयास किसानलाई स्वतन्त्र बनाउने, उसको आयस्ता बढाउने, उपभोग्य वस्तुको माग बढाउने र पुँजीवादी उत्पादनका लागि बजार बढाउने काम पनि भूमि सुधारले गर्न सक्थ्यो । किसानलाई उसले गरेको आर्जनमाथि उसैको अधिकार दिँदा उत्पादकत्व बढ्थ्यो । उसको आत्मसम्मान बढ्थ्यो र उत्पादकत्व पनि बढी हुन्थ्यो ।

पश्चिम युरोपमा जमिनको स्वामित्व पुँजीपति वर्गमा बदलिएको सीमित भूपतिहरूको हातमा जाने र आमकिसान जमिनबाट बेदखल भएर ज्यालादारी मजदूरमा बदलिने प्रक्रिया सत्रौँ शताब्दीदेखि उन्नाइसौँ शातब्दीका बीचमा पूरा भएको थियो । उत्पादन तथा अर्थतन्त्रमा औद्योगिक क्रान्ति, राजनीतिमा पुँजीवादी क्रान्तिहरू र भूमिबाट किसानको बेदखलीको प्रक्रिया अन्तरसम्बन्धित थिए । धेरै पिछडिएको र सामन्ती भूदास प्रथा बलियो भएको रसियामा भूदासहरूका ठूला विद्रोह र राजनीतिक जागरणहरूको प्रभावका कारण सन् १८६१ मा जारले भूदास प्रथा अन्त्य गरेका थिए । त्यो घटना एकप्रकारले नेपालको दास

विमोचनसँग मिल्दोजुल्दो थियो । तर भूमि सुधार लागु भएको थिएन जसले गर्दा स्वतन्त्र भएका किसानहरू या शहरतिर झरेर ज्यालादारी औद्योगिक मजदूर बने या त जमिनदारको जमिन कमाउन थाले ।

“जहिलेसम्म सामन्ती जमिनदारलाई गलहत्याइँदैन, प्रत्येक सुधार, खासगरी हरेक कृषि सुधार, यसको कार्यान्वयन विधि, चरित्र र प्रवृत्ति सबै दृष्टिले सामन्ती नै हुन्छ । ‘महान् सुधार’ (सन् १८६१ को रसियाली भूमि सुधार) ‘सामन्ती सुधार’ थियो; न त यो त्यस भन्दा बढी हुनै सक्थ्यो जुन सामन्ती भूस्वामीहरूले सञ्चालन गरेका थिए । तर त्यस्तो कुन शक्ति थियो जसले उनीहरूलाई यस्तो सुधार गर्न बाध्य पार्‍यो ? यो आर्थिक विकासको त्यो शक्ति थियो जसले रसियालाई पुँजीवादी बाटोतर्फ लतार्दै लगेको थियो ।

सामन्ती भूमिपतिहरूले रसिया र युरोपबीचको व्यापार रोक्न सक्दैनथे । उनीहरूले पुरानो मक्किदै गरेको आर्थिक जीवनलाई ऊर्जा भर्न सक्दैनथे । क्रिमियाको युद्धले सामन्ती रसियाको अक्षमता र सडेको अवस्था प्रदर्शन गरिसकेको थियो । दास मुक्तिको घोषणाअघि जताततै हुन थालेका किसान ‘विद्रोह’ ले अलेक्ज्यान्डर द्वितीयलाई, जो देशको सबै भन्दा ठूलो जमिनदार हो, यो स्वीकार गर्न बाध्य पारेको थियो कि ‘तलबाट उठ्ने विद्रोहबाट आफू गलहत्तिनुपहिले नै माथिबाट मुक्तिको घोषणा गर्नु उपयुक्त हुन्छ ।’

‘जुन कृषि सुधार भयो त्यो सामान्ती जमिनदारहरूले गरेका बुर्जुवा सुधार थियो । यो रसियालाई बुर्जुवा राजतन्त्रमा रूपान्तरण गर्ने एउटा कदम थियो । आधारभूतरूपमा त्यो कृषि सुधार बुर्जुवा हिसावकिताव थियो ।’ उदारवादीहरू आफ्ना सामन्ती जमिनदार पूर्वजहरू, जस्तै- भूमिपतिहरूको नियम र सम्पत्तिमाथिको अधिकार कायमै राख्न चाहन्छन् । सम्पत्तिमाथिको अधिकार उन्मूलन गर्ने र सामन्ती नियमहरू पूरै खारेज गर्ने क्रान्तिकारी विचारहरूको उग्र विरोध गर्छन् ।’- लेनिन[1] लेनिनले जारकालीन भूमि सुधार कसरी जमिनको सामन्तहरूको बुर्जुवाकरणको हतियार बनेको थियो भन्ने प्रष्ट पारेका छन् जुन कुरा वि.सं. २०१६ को बिर्ता उन्मूलन र २०२१ को भूमि सुधारमार्फत नेपालमा पनि अपनाइएको थियो ।

एशिया, अफ्रिका र ल्याटिन अमेरिकी देशहरूमा राजनीतिक आन्दोलन र विद्रोहको एउटा कारण भूमि सम्बन्धमा रहेको असमानता पनि थियो । राजनीतिक आर्थिक सुधारको एउटा कार्यसूचीमा भूमि सुधार पनि जोडिएको थियो । उपनिवेशबाट स्वतन्त्रताका आन्दोलनहरू र प्रजातन्त्रका लागि भएका आन्दोलनहरू दुवैले धेरथोर भूमि सुधारको

**सामन्तवादी राजनीतिक व्यवस्थामा भूमि, सत्ता र शक्ति सीमित भूमिपति र तिनको मुख्य संरक्षक रहने राजाहरूका हातमा केन्द्रित हुन्थ्यो । पुँजीवादी विकासले यस्तो शक्ति सामन्तहरूको हातबाट पुँजीपतिहरूको हातमा लान चाहन्थ्यो ।**

माग अघि सारेका थिए । तर वामपन्थी या कम्युनिस्टहरू भूमि सुधारप्रति बढी दृढ देखिन्थे लिबरलहरू जमिन वितरण गर्नमा भन्दा पुँजीवादी फर्महरूमा परिवर्तनको पक्षमा देखिन्थे, परिणाममा किसानहरू ज्यालादारी मजदूरमा बदलिनु हुन्थ्यो ।

भूमि सुधार मूलतः सामन्तवादबाट पुँजीवादमा सङ्क्रमण गर्न थालेका देशहरूले पुँजीवादी विकासको गतिलाई छिटो छिटो सक्रिय बनाउन अपनाइएको एउटा कार्यविधि हो । सामन्तवादी राजनीतिक व्यवस्थामा भूमि, सत्ता र शक्ति सीमित भूमिपति र तिनको मुख्य संरक्षक रहने राजाहरूका हातमा केन्द्रित हुन्थ्यो । पुँजीवादी विकासले यस्तो शक्ति सामन्तहरूको हातबाट पुँजीपतिहरूको हातमा लान चाहन्थ्यो । यस्तो काम पुँजीपति एक्लैले गर्न नसकेपछि उसले पुस्तौँदेखि जमिनको स्वामित्वबाट वञ्चित गरिएका तर कृषिकर्म गर्ने र समाजको सबै भन्दा गरिब तप्काको साथ खोज्यो ।

तिमीहरू आफूले कमाएको जमिनको मालिक बन्न पाउँछौ भनेर किसानलाई भनेपछि पुँजीपतिको शक्ति बढ्थ्यो । सन् १७८९ को फ्रेन्च क्रान्तिमा किसानको सहभागिता सामन्ती शोषण अन्त्यको मागकै कारण भएको थियो । तर उपनिवेशहरूमा भने सामन्त र उपनिवेशको दलालीमा हुर्केको पुँजीपति वर्ग दुवैका बीच साँठगाँठ थियो । उपनिवेशबाट स्वतन्त्रता खोज्नेहरूका लागि यी शक्तिका विरुद्ध किसानको साथ चाहिएको थियो ।

सन् १९१७ मा भएको अक्टोबर क्रान्तिपछिको सोभियत सङ्घ र सन् १९४९ को जनवादी क्रान्तिपछिको चीनको भूमि सुधार मूलतः किसानहरूलाई शोषण र सामन्ती बन्धनबाट मुक्त गर्ने राजनीतिक हतियार थियो । आर्थिक जडता चिर्ने र किसानलाई सामन्तको अधिनस्थताबाट मुक्त गर्ने अर्थराजनीतिक कार्यसूची थियो । पहिले भूमि सुधार गरेर किसानलाई जमिन बाँडेका रुसी र चिनिया कम्युनिस्टहरूले ८-१० वर्ष नहुँदै जमिनको सामूहिकीकरण गरे । यसले गर्दा किसानको सम्पूर्ण क्षमताको उपयोग हुनसमेत पाएन । चीनले सन् १९७४ पछि बिस्तारै किसानलाई जमिन कमाउन दिने पद्धति अनुशरण गरेको थियो जसले उत्पादन ह्वात्तै बढाइदिएको थियो ।

यी दुवै भूमि सुधारको प्रभाव ल्याटिन अमेरिका, अफ्रिका र एशियाका नवस्वाधीन अर्थतन्त्रहरूमा परेको थियो । मेक्सिकोमा सन् १९१७ को संविधानले भूमि सुधारलाई किसानका हितसँग गाँसेर व्यवस्था गरेको थियो जसलाई पछि सन् १९३४ को वामपन्थी सरकारले लागु गरेको थियो । सन् १९४५ देखि आरम्भ भएको साम्यवादी विश्वसँगको शितयुद्ध जित्न र साम्यवादको प्रभाव विस्तार हुन नदिन अमेरिका या साम्राज्यवादले पनि तेस्रो विश्वका देशहरूमा भूमि सुधार गर्नमा जोड दियो । जापान, दक्षिण कोरिया र ताइवानको भूमि सुधारमा अमेरिकाको यही नीतिले काम गरेको देखिन्छ । नेपालमा वि.सं. २००७ सालदेखिका भूमि सुधारका प्रयासमा यी सबै तत्त्वको सक्रियता थियो ।

नेपाली टाइम्समा छापिएको एउटा लेखमा टोम रोबर्टसनले सन् १९५३ मा आएका नेपालका लागि पहिलो अमेरिकी राजदूत चेस्टर वावेल्सले नेपालमा भूमि सुधारका लागि दबाब दिएको उल्लेख गरेका छन्। उनी लेख्छन्- सन् १९४० र ५० को दशकमा कम्युनिस्टहरूको लोकप्रियता रोक्ने उद्देश्यले अमेरिकाले जापान, दक्षिण कोरिया ताइवान र दक्षिण भियतनामलगायतका एशियाली देशहरूमा भूमि सुधारका लागि दबाब दिएको थियो। वावेल्स भूमि सुधारका पक्षमा देखिनुमा राणाहरूले आफ्ना सम्भ्रान्त आफन्तहरूलाई बाँडेको बिर्ता बिपी कोइरालाले करको दायरामा ल्याएको घटना एउटा कारण थियो। सँगै युएनको एउटा अध्ययनले जोतभोग गरिएको जमिनको एक चौथाइ बिर्ताका रूपमा रहेको र बाँकी धेरैजसो भूमिपति जमिनदारको स्वामित्वमा रहेको देखाएको थियो। वावेल्सले भूमि सुधार तत्काल लागु गर्न राजा त्रिभुवनलाई सुझाव दिँदै किसानलाई सहयोग हुनेगरी भूमि स्वामित्वको वर्तमान अभ्यास बदल्न अत्यन्त जरुरी रहेको बताएका थिए। साथै भूमि सुधारबिना राजनीतिक उथलपुथल हुन सक्ने, नेपालमा भूमि सुधारको विषयलाई लिएर कम्युनिस्टहरूले विरोध आन्दोलन सुरु गरिसकेको जसले मोहीको दिलदिमागमा प्रभाव पारिरहेको भनेर राजालाई यसको अनिवार्यता बुझाउन खोजेका थिए।[२]

तर राजनीतिकरूपमा शक्ति र सत्ता मूलतः दरवारको हातमा रहुञ्जेल अग्रगामी भूमि सुधार हुन सक्दैनथ्यो। उदारवादी विचारका तर आर्थिक नीतिहरूमा मार्क्सवादको प्रभाव परेका बिपी कोइरालाले आफ्नो सरकार हुँदा भूमि सुधारका पक्षमा गरेका प्रयास उनको सरकारको निरन्तरताका लागि बाधक बनेको त्यतिबेलाका घटनाहरूले देखाउँछन् (यस सम्बन्धमा भुवनलाल प्रधान र लियो इ रोजले डेमोक्रेटिक इनोभेसन इन नेपाल नामक पुस्तकमा विस्तारमा चर्चा गरेका छन्)।

२०२१ को भूमि सुधार लागु हुनुअघि अमेरिकी विकास सहायतासम्बन्धी संस्था युएस एड र फोर्ड फाउन्डेसनले पनि भूमि सुधारका लागि दबाब दिएका थिए। फाउन्डेसनका परामर्शदाता उल्फ ल्याडेयिङ्सीले राजा महेन्द्रलाई एउटा प्रतिवेदन बुझाउँदै भूमि सुधार नगरिए विदेशी सहयोग व्यर्थ हुने भन्ने बुझाउन खोजेका थिए। उनले पछि एउटा लेखमा जमिन जोत्नेको नभएसम्म सबै लगानी बालुवामा पानी बन्ने (गेज २००९: १९१) भन्दै दबाब दिएका थिए।[३] यसरी हेर्दा नेपालमा भूमि सुधारका जे/जति प्रयास भए तिनमा पुँजीवादको विचार, राजनीतिक विचारधाराहरूको प्रभाव र शितयुद्धको भूराजनीतिक दबाबले समेत काम गरेको देखिन्छ।

यसैले नेपालमा भूमि सुधारको खोजी आधुनिक विचारधाराहरूको प्रभाव र राजनीतिमा उदारवादी तथा मार्क्सवादी विचारको प्रवेशले आर्जन गरेको शक्तिसँग सम्बन्धित छ। भूमि सुधारका लागि सङ्गठित माग र आन्दोलन आरम्भ भएको वि.सं. २००७ साल वरपर भूमिको असमान वितरण चरम अवस्थामा थियो। बिर्ता, गुठी र जागिरका नाममा किसानहरूको ढाड सधैँ कुप्रो परिरहन्थ्यो। राजनीतिक दलहरूले यसलाई मुद्दा बनाए। नेपाल कम्युनिस्ट पार्टी र नेपाली काँग्रेस दुवै पक्ष भूमि सुधार गरेर जमिनमा किसानको स्वामित्व स्थापित गर्न चाहन्थे र शोषण अन्त्य गर्न चाहन्थे।

भूमि सुधारको औपचारिक कार्यक्रम भने २०२१ मा भूमिसम्बन्धी ऐन जारी गरेर राजा महेन्द्रले आरम्भ गरे। तर व्यवहारमा यो प्रभावकारीरूपमा लागु भएन। भूमि सुधार कार्यक्रम आरम्भ भए पनि राज्यले किसानहरूको आत्मसम्मान बढाउने र उनीहरूलाई स्रोत सम्पन्न गराउनेतर्फ कहिल्यै ध्यान दिएन। घोषित भूमि सुधारको कार्यान्वयन पनि विद्यमान असमानतालाई नै निरन्तरता दिने गरी लागु गरियो। सामन्तवादमाथि निर्णायक हस्तक्षेप गरी पुँजीवादी उत्पादन पद्धतितिर यात्रा आरम्भ गर्न आवश्यक ठानिएको भूमि सुधार काँचो कचल्टो छाडियो जसले अहिले पनि समग्र आर्थिक विकासका ब्याकवार्ड र फरवार्ड लिङ्केजमा नकारात्मक प्रभाव पारिरहेका छन्।

माथि उल्लेख गरिएको सन्दर्भमा गेजले भूमि सुधारलाई कार्यान्वयन गर्ने नीति निर्माताहरू अधिकांश पहाडे समुदायका मानिस थिए र तिनलाई तराईका जमिनदारका हातमा रहेको जमिन पहाडेको स्वामित्वमा सार्न भूमि सुधारले सहयोग पुग्ने आशा पनि थियो भन्ने उल्लेख गरेका छन्। यसैगरी उनले भूमि सुधार गर्न ल्याइएको ऐनले विद्यमान भूमि प्रणालीलाई नै वैधानिकता दिएको, हदबन्दी भन्दा बढी जम्मा १ लाख ४६ हजार एकड जमिन भेटिएको र त्यसमध्ये ५६ हजार एकड मात्र किसानले पाएको बताएका छन् (गेज २००९:१९३)। यसरी कार्यक्रमको उद्देश्य र कार्यान्वयनमा जाँदाको व्यवहार दुवै पक्षबाट भूमि सुधार पूरै असफल भएको थियो।

पछिल्लो सयम भूमि सुधार कार्यक्रम लागु गर्ने माग असफल हुनुमा उच्चस्तरीय भूमि सुधार आयोग २०५१ का सुझाव लागु नहुनुमा चाहिँ परम्परागत अभिजात वर्गले गरेको सम्पत्तिमाथिको स्वामित्वको निरन्तरताको दबाब मुख्य कारणका रूपमा रहेको थियो। जुन तर्कलाई उदारवादी राजनीतिको जामा पनि लगाइएको थियो। यही कारण हो कि नेपालमा भूमि सुधारका प्रयासहरू २००८ सालदेखि नै आरम्भ भएर पनि अहिलेसम्म पूर्ण भएका छैनन् न तिनले उत्पादकत्व वृद्धिमा सहयोग गरे न वास्तविक

**युएनको एउटा अध्ययनले जोतभोग गरिएको जमिनको एक चौथाइ बिर्ताका रूपमा रहेको र बाँकी धेरैजसो भूमिपति जमिनदारको स्वामित्वमा रहेको देखाएको थियो।**

१ lenin, The Peasant Reform" and the Proletarian-Peasant Revolution https://www.marxists.org/archive/lenin/works/1911/mar/19.htm

२ https://nepalitimes.com/here-now/land-reform-in-cold-war-nepal

३ फ्रेडरिक एच गेज, नेपालमा क्षेत्रीयता र राष्ट्रिय एकता, हिमाल किताव २००९, पेज १९१।



जोताहा किसानलाई भूमिको मालिक बनाउने काम समयमै गर्न सके (सुवेदी २०१६)।

भूमि सुधार लागु भएको ६० वर्ष हुँदैछ। यसबीचमा भूमिको प्रश्नलाई लिएर अनेक बहस भएका छन्। आन्दोलन भएका छन्। तर वास्तविक भूमि सुधारको राजनीतिक आर्थिक महत्त्व भने अब पहिलेको जस्तो रहेको छैन।

भूमि र बजार तथा पुँजीबीचको सम्बन्धमा आएको परिवर्तनले ५० वर्षपहिलेको भूमि सुधारका माग र आधारहरू अहिले पनि कायम छन् भन्न अप्ठेरो छ। खण्डीकरण, अनुपस्थित भूपति, कृषि उत्पादन लागतमा वृद्धि र पुनर्लगानीका अवसरहरूमा कमी जस्ता आनेक पक्षले यसको परम्परागत उपयोगितामा परिवर्तन ल्याइरहेको सन्दर्भमा अब के/कस्तो भूमि सुधार नीति आवश्यक छ भन्ने विषयमा भिन्नभिन्न मतबीच बहस जारी छ।

## भूमि सुधारसम्बन्धी प्रचलित बहस

नेपालको भूमि सुधार प्रक्रिया पहिले प्रजातान्त्रिक समाजवादी या धेरै हदसम्म नयाँ जनवादी दृष्टिकोणबाट उठाइएका मागमा आधारित भएर आरम्भ भएको थियो। पुँजीवादीकरणको आरम्भिक चरणमा रहेको भूमि सम्बन्धले उब्जेको अन्तरविरोधमा यो माग जायज र स्वाभाविक थियो। राजा महेन्द्रको कदम पुँजीवादी बजारले मागेको भन्दा बढी आफ्नो राजनीतिक सत्ता र आफ्नो जनाधारका रूपमा रहेका सामन्तसहित आफ्नै भूमिमाथिको स्वामित्व बचाइरहने अभीष्टबाट प्रेरित थियो। गलत आसय राखेर थालिएको कामको परिणाम असल आउने सम्भावना हुँदैनथ्यो।

पछिल्लो समय भूमि सुधारसम्बन्धी भएका वैधानिक र अवैधानिक प्रयासहरू पनि असफल भए। बडाल आयोगका सुझावहरू पुँजीवादी या बुर्जुवामा रूपान्तरित भएको पहिलेको भूमिपति वर्गको प्रतिरोधका सिकार भएर लागु भएनन्। माओवादीहरूले जनयुद्धका क्रममा कब्जा गरेर किसानलाई वितरण गरेका जमिन उनीहरू शान्ति प्रक्रियामा आएपछि निजी सम्पत्तिको अनुल्लङ्घनीय अधिकारको उदारवादी कार्यसूचीको चेपमा परेर किसानबाट फिर्ता गरियो।

भूमि सुधार र जमिनको पुनर्वितरणलाई कसले कसरी हेरेका छन् त? जसको जोत उसको पोत गर्ने हो कि? जमिनदारबाट लिएर किसानलाई वितरण गर्ने र सबै किसानलाई साना साना जमिनका मालिक बनाएर सबैलाई निर्वाहमुखी किसान बनाउँदा समग्र कृषि क्षेत्रको विकास हुन्छ कि कृषि क्षेत्रको उत्पादकत्व पूर्ण उपयोग नहुने अवस्था पो आउँछ? यसबारे यहाँ केही विज्ञका मतमा रहेका समानता र भिन्नताको चर्चा गर्नु सान्दर्भिक हुनेछ।

नेपालमा भूमि व्यवस्थाका अध्येता महेशचन्द्र रेग्मी जसको जोत उसको पोत भन्दै जमिन टुक्र्याउने र जोतको आकार सानो बनाउने कुराको विपक्षमा देखिन्छन्। उनले भूमि सुधारलाई समग्र उत्पादकत्व वृद्धि र आर्थिक विकासमा योगदान पुग्ने गरी गरिनुपर्ने सुधारका रूपमा हेरेका छन्। उनी सानो आकारको जोतका विपक्षमा देखिन्छन्। रेग्मी भन्छन्- भूमि सुधारले गर्ने पहिलो काम भनेको अनुपस्थित जमिनदारीको अन्त हो। यसो गर्दा स्थानीय तहले जमिनको स्वामित्व लिने र किसानलाई निश्चित कर या उत्पादन बढाउने गरी कमाउन मात्र दिने गर्नुपर्छ। "सामाजिक न्यायका नाममा कृषि उत्पादन पनि नबढ्ने, समग्र अर्थतन्त्रको विकास प्रक्रियामा पनि सहयोग नपुग्ने गरी भूमि सुधार गर्न खोज्नु मेरो विचारमा गलत छ। नेपालको अहिलेको स्थितिमा जसको जोत उसको पोतले हामीलाई निर्वाह खेतीकै दायरामा कैद गर्छ। र जमिन आर्थिक हिसावले पर्ता नपर्ने टुक्रामा अरू बढी विभाजित हुन्छ। देशमा जुन जमिन नजोतीकन ओगट्ने प्रणाली छ, त्यो उन्मूलन गर्नुपर्छ। तर जमिनमा व्यक्तिगत स्वामित्वचाहिँ सिर्जना गर्नुहुँदैन। गयल जमिनदारी अन्त्य गर्नुपर्छ तर जफत गरिएको जमिन किसानका नाममा दर्ता गर्नुहुँदैन। त्यस्तो जमिन जोताहालाई लिजमा खेती गर्न दिनुपर्छ।" (रेग्मी, २०१५)

पूर्वप्रधानमन्त्री, एक समय माओवादी नेता तथा मार्क्सवादी अर्थराजनीतिक विश्लेषणमार्फत नेपालमा कृषि र भूमि सुधारको पक्षमा अध्ययन/अनुसन्धान समेत गरेका डा. बाबुराम भट्टराई रेग्मीको मतको नजिक देखिन्छन्। उनी भूमिलाई निजी स्वामित्वको वस्तु बनाउन नहुने र यो सामूहिक या राज्यको स्वामित्वमा राखेर जोताहालाई कमाउन दिनुपर्ने भनाइ राख्छन्। "विकासको बाधक बनिसकेपछि भूमिलाई सामाजिक उत्पादनको साधनका रूपमा ग्रहण गरेर यसको स्वामित्व समाजले, समुदायले अथवा राज्यले लिनुपर्छ। जो जोताहा किसान हो उसलाई उपभोगको अधिकारका रूपमा दिनुपर्छ। भूमिलाई निजी सम्पत्ति बनाउने कुराले कृषिको विकास हुन सक्दैन (भट्टराई २०१४)।

महेशचन्द्र रेग्मी र डा. भट्टराई भन्दा भिन्न जगन्नाथ आचार्य[४] चाहिँ सामाजिक न्याय हुने गरी भूमि सुधार गर्नुपर्छ भन्ने मत राख्थे। त्यसो हुँदाहुँदै पनि भूमि सुधारको अर्थ कृषिको उत्पादकत्व वृद्धि, गैरकृषि क्षेत्रमा लगानी र रोजगारीको अवसर सिर्जना गर्न प्रोत्साहन गर्ने हुनुपर्छ भन्नेमा रेग्मी र आचार्यको समान मत देखिन्छ। रेग्मीको भन्दा फरक आचार्यचाहिँ द्वैध स्वामित्वको अन्त्य गर्ने, जोताहाले मात्रै जमिन ओगट्न पाओस् भन्ने कुरा सुनिश्चित गर्ने, गुठी जमिन किसानका नाममा दर्ता होस् भन्ने

मान्यता राख्छन् । "जमिन त्योसित होस् जो जमिनमा काम गर्न तयार छ । त्योसित नहोस् जो जमिन ओगटेर राख्न त चाहन्छ तर त्यसमा परिश्रम गर्न तयार छैन । यसैलाई म सामाजिक न्याय भन्छु" (आचार्य, २०६१) । यसरी हेर्दा रेग्मी उत्पादकत्व वृद्धिमा जोड दिन्छन् भने आचार्य सामाजिक न्यायमा ।

पछिल्लो समय मनमोहन अधिकारी प्रधानमन्त्री भएका बेला २०५१ मा सरकारी पहलमा केशव बडालको नेतृत्वमा एक उच्चस्तरीय आयोग गठन गरी भूमि सुधारका क्षेत्रमा के/कसो गर्न सकिन्छ भन्ने अध्ययन र सुझाव माग गरिएको प्रयास नै भूमि सुधारसम्बन्धी उच्चस्तरको प्रयास थियो । बडाल आयोगको प्रतिवेदन आउने बेलासम्ममा मनमोहन अधिकारीको सरकार ढलेको र नयाँ सरकारले त्यसलाई स्वामित्वमा लिन र सुझावहरू लागु गर्न अस्वीकार गरेको भए पनि उक्त प्रतिवेदन नेपालमा भूमि सुधारसम्बन्धी दृष्टिकोण निर्माणमा कोसे ढुङ्गा मानिन्छ ।

> **नेपालमा भूमि व्यवस्थाका अध्येता महेशचन्द्र रेग्मी जसको जोत उसको पोत भन्दै जमिन टुक्र्याउने र जोतको आकार सानो बनाउने कुराको विपक्षमा देखिन्छन् । उनले भूमि सुधारलाई समग्र उत्पादकत्व वृद्धि र आर्थिक विकासमा योगदान पुग्ने गरी गरिनुपर्ने सुधारका रूपमा हेरेका छन् ।**

आयोगले भूमि सुधार आर्थिक विकास र किसानहरूको भलाइ तथा उत्पादकत्व वृद्धिका लागि अनिवार्य सर्त मानेर सुझाव दिँदै भनेको छ- "नेपाली जनताको सिप र क्षमताले तत्काल उत्पादनमा वृद्धि ल्याउन सक्ने उत्पादनको प्रमुख साधन भूमि हो । उक्त साधन सीमित व्यक्तिको स्वामित्वमा बढी रहँदा बहुसङ्ख्यक नेपालीहरू झन्झन् गरिब र बेरोजगार बन्दैछन् । भूमिको हदबन्दी कम गरी प्राप्त हुने जमिन भूमिहीन तथा गरिब किसानलाई वितरण गर्दा तीव्र ढङ्गले नयाँ रोजगार सिर्जना, उत्पादन वृद्धि, आय वृद्धि तथा गरिबी निवारण गर्न र देशको समग्र आर्थिक तथा सामाजिक विकासमा योगदान पुग्छ ।"[५] सामाजिक न्यायलाई आयोगले भूमि सुधार गर्नुपर्नाको मुख्य कारणका रूपमा लिएको छ ।

• • •

भूमि सुधार गरेर जोतको आकार घटाउँदा उत्पाकत्व बढ्ने तर्कसहित बडाल आयोगले भूस्वामित्वको नयाँ हदबन्दी प्रस्ताव गरेको थियो । जसमा तराई तथा भित्री मधेसमा ३ हेक्टर, मध्यपहाडी क्षेत्रमा २ हेक्टर, हिमाली क्षेत्रलाई ४ हेक्टर, काठमाडौँ उपत्यकामा १ हेक्टर, काठमाडौँ उपत्यकाका शहरी क्षेत्रमा ०.५ हेक्टर र काठमाडौँ उपत्यका बाहिरका सहरी इलाका र शहरोन्मुख इलाकाका लागि १ हेक्टर हदबन्दी कायम हुनुपर्ने सुझाव दिइएको थियो ।[६] २०५८ मा शेरबहादुर देउवाको प्रधानमन्त्रित्वकालमा भूस्वामित्वको नयाँ आकार तोक्ने प्रयास भएको थियो ।

पूर्ण नेपाली, कैलाशनाथ प्याकुरेल भने जमिन वितरणमा जोड दिन्छन् । "भौतिक (आर्थिक), प्रतीकात्मक र भावनात्मक मूल्य बोकेको हुनाले भूमि उत्पादनशील अथवा आर्थिक वैभव मात्रै नभएर शक्ति र प्रतिष्ठाको स्रोत पनि हो । यसको विषम वितरणले गर्दा हाम्रो समाजमा विविध आर्थिक वर्गहरू अस्तित्वमा रहेका छन् । भूअधिनत्वको यस्तो शैलीले सामन्ती स्वरूपको उत्पादन सम्बन्ध निम्त्याएको छ । यसरी वर्तमान शक्ति सम्बन्ध परिवर्तन गर्न भूअधिनत्वमा एउटा गरिबमुखी कार्यारम्भको खाँचो परेको छ" (पूर्णबहादुर नेपाली र कैलाशनाथ प्याकुरेल २०६६) ।

लामो समयदेखि भूमि अधिकारका क्षेत्रमा सक्रिय रहेका सिएसआरसीको कार्यकारी निर्देशक जगत देउजा (उनी पछि सरकारले गठन गरेको भूमिसम्बन्धी आयोगका सदस्य पनि भए) सामाजिक न्याय र उत्पादकत्व वृद्धि दुवै दृष्टिले भूमि सुधार र किसानलाई जमिन वितरण गर्नुपर्ने धारण राख्छन् । "सामाजिक न्याय र उत्पादकत्व वृद्धिका लागि अहिलेको भूमि व्यवस्था र कृषि उत्पादन प्रणाली बाधक छ । कृषि कर्ममा रुचि र श्रम भएका उल्लेख्य समूहसँग कृषियोग्य भूमिमा पहुँच छैन । भूमिको उल्लेख्य हिस्सा ओगटेकाहरू आफै खेती गर्दैनन् । खेती तिनको जीविकाको मूल स्रोत होइन । खेती गर्नेको भूमिमा पहुँच नहुने वा न्यून हुने अवस्थाको अन्त्य गर्नु भनेको नेपालको समग्र अर्थतन्त्र (विकास) को जग बसाउनु हो" (देउजा २०१६) ।

नेपाली कङ्ग्रेसका नेता तथा समाजवादी चिन्तक प्रदीप गिरी भूमिमा थोरै व्यक्तिको नियन्त्रणले संरचनात्मक हिंसा बढ्ने भन्दै भूमि वितरणको आवश्यकता औंल्याउँछन् । गिरी भन्छन्- "मुख्य कुरो जग्गा हावापानी जस्तै मनुष्य मात्रको जीवन यापनको साधन हो । यो कसैको सम्पत्ति छ भन्दैमा उसले बाँझो राख्छ भने त्यसबाट ४ जना भोकै मर्ने अवस्था आउँछ । यस्तो कुरा दिने हो भने मानिसलाई हत्या गर्ने काममा

.........................................

४ जगन्नाथ आचार्य (वि.सं. १९८०-२०६१) २०४८ सालमा गिरीजाप्रसाद कोइरालाको सरकारमा भूमि सुधार मन्त्री थिए । उनले २०१६ सालमा सांसद हुंदादेखि नै भूमि सुधारका पक्षमा आवाज उठाउने गरेका र आफू भूमि सुधार मन्त्री हुंदा भूमिमा किसानको पहुंच स्थापना गर्न तथा अतिरिक्त जमिन ओगटेर बस्नेहरूको जमिन खोस्न विशेष कदम चालेका थिए । तर उनलाई त्यही काम गर्न खोजेबापत मन्त्रीबाट राजीनामा दिन बाध्य पारिएको थियो । उनी आफ्ना अन्तिम दिनहरूसम्म पनि नेपालमा क्रान्तिकारी भूमि सुधार हुनपर्छ भन्ने पक्षमा सक्रिय थिए ।

५ उच्चस्तरीय भूमि सुधार (बडाल) आयोग २०५१ को प्रतिवेदन, पि.वि. प्रकाशन, २०५७, काठमाडौँ, पेज ८२

६ उच्चस्तरीय भूमि सुधार (बडाल) आयोग २०५१ को प्रतिवेदन, पि.वि. प्रकाशन, २०५७, काठमाडौँ, पेज ८४ ।

पनि उन्मुक्ति दिए हुन्छ। तर यस्तै भएको छ। यस्तै कारणले गर्दा मुलुकमा नित्य प्रतिदिन संरचनात्मक हिंसा चर्कँदैछ। यसको निराकरण कसरी हुन्छ भनेर सोच्नु भूमि सुधारको मुख्य लक्ष्य हो। यस लक्ष्य प्राप्तिका निमित्त खेती गर्न सक्ने र खोज्ने मानिसलाई जग्गामा पहुँच गराउनै पर्छ। भूमि वितरण भूमि सुधारको एउटा अनिवार्य अङ्ग अवश्य हो तर त्यो पर्याप्त छैन। भूमि वितरण गर्दा कसरी त्यसको उत्पादकत्व बढाउँदै लैजाने भन्नेसमेत सोच्न परेको छ" (गिरी २०१५)।

भूमि अधिकारकर्मी तथा सिएसआरसीका संस्थापक जगत बस्नेत भूमि सुधारको मूल उद्देश्य किसानहरूको जीवनस्तर उकास्नु हो भन्ने मत राख्छन्। यससँगै "भूमिका क्षेत्रमा उचित नीति तथा कार्यक्रममार्फत भूमिको पुनर्वितरण गर्नु, रोजगारी सिर्जना र कृषिको उत्पादकत्वमार्फत आयको पुनर्वितरण गर्नु" नै भूमि तथा कृषि सुधारको मुख्य कार्यसूची हुनुपर्छ भन्ने उनको मत छ। (बस्नेत, २०७२)। उनको थप भनाइ छ- "नेपाल पुँजीवादी व्यवस्थामा गइसकेको अवस्थामा भूमि सुधारका मुख्यतः २ वटा उद्देश्य हुनुपर्छ। पहिलो भूमिको न्यायोचित पुनर्वितरण गरेर भूमिहीन तथा जोताहा किसानलाई जमिनको स्वामित्व दिइनुपर्छ। दोस्रो जमिनमा रहेको निष्क्रिय पुँजी र जनशक्तिलाई व्यावसायिक र औद्योगिकीकरणका क्षेत्रमा लैजानुपर्छ।"[७] यो परम्परागत क्रान्तिकारी भनिने पुँजीवादी भूमि सुधार भन्दा भिन्न चरणमा प्रवेश गरेको भूमि वितरणको अवस्थातर्फ लक्षित देखिन्छ।

भूमि सुधारबारे अध्येता विष्णु उप्रेतीको अलि फरक विचार छ। "नेपालमा भूमिमाथिको विवाद प्रायः चरमखालका विचारले निर्धारण गर्छन्। एकातिर क्रान्तिकारी भूमि अधिकारकर्मी छन् भने अर्कोतिर यिनको विचारलाई परास्त गर्न परम्परावादी तथा प्रतिवादी समूह सक्रिय छन्" (उप्रेती २०६६)। नेपालमा हरेकजसो मोडमा यो दोस्रो पक्ष बलियो देखिएकाले भूमि सुधारको प्रश्न अनिर्णित छ। यस्तो लाग्छ, अब राजनीतिक दल र राज्यका लागि यसको महत्त्व सार्वजनिक खपत र आफ्ना मतदाता रिझाउनका लागि मात्र बाँकी रहेको छ।

सोही लेखमा उप्रेतीले भूमिको प्रश्नलाई भूमि सुधारले भन्दा कृषि सुधार र गैरकृषि क्षेत्रको रोजगारीले हल गर्नुपर्ने तर्क अघि सारेका छन्। उनी भन्छन्- "भूमिहीनतालाई उचिततवरले सुल्झाउनुपर्ने आवश्यकता छ। यसका लागि भूमिमा आधारित छलफलहरूले कृषिको आधुनिकीकरण तथा व्यापारीकरण र भूमिहीन जनतालाई गैरकृषि क्षेत्रमा रोजगारी सिर्जना गर्नेतर्फ पनि विचार पुर्‍याउनुपर्छ" (उप्रेती, २०६६ पेज १०)।

राजनीतिक वृत्तमा पनि भिन्नभिन्न जोड र कोणमा आधारित रहेर भूमि सुधारको बहसले खासै महत्त्व पाएको देखिन्न। राजनीतिक दलका घोषणापत्रहरू हेर्‍यो भने उनीहरू कतै न कतै भूमिको वर्तमान वितरण प्रणालीलाई सुधार गर्ने र कृषिको उत्पादकत्व वृद्धिबाट गरिबी घटाउने कुराप्रति सहमत देखिन्छन्। राणा शासनको अन्त्य र पञ्चायती व्यवस्था विरोधी आन्दोलनसम्म भूमि सुधारलाई प्राथमिकतामा राखेका नेकपा र नेपाली कङ्ग्रेस दुवैले यसलाई महत्त्व नदिनु र ओठे प्रतिबद्धतामा सीमित हुनुले भूमि सुधारको बहस नीति निर्णयको तहबाट बौद्धिक मनोरञ्जनको विषय बन्दै गएको हो कि भन्ने देखाउँछ। सन् १९५० को वरपर नेकपा र नेपाली कङ्ग्रेसका आधिकारिक दस्ताबेजले भूमि सुधारलाई जोड दिएका छन्।

नेकपाको पहिलो घोषणापत्रले बिनामुआव्जा जमिनदारी प्रथा र सबैखाले सामन्ती शोषणको उन्मूलन र जोताहाहरूलाई जमिन वितरण गर्नुलाई जनवादी कार्यक्रमअन्तर्गत बुँदा नम्बर ४ मा उल्लेख गरेको छ।

यसैगरी नेपाली कङ्ग्रेसले २०१५ सालको आमनिर्वाचनका लागि जारी गरेको घोषणापत्रमा गाउँ, किसान र जग्गा उपशीर्षकमा लेखिएको छ- भूमि सुधार नगरी हामी नेपाललाई उन्नतिको बाटामा लैजान सक्ने छैनौँ। भूमि सुधारका मुख्यतः दुइ स्वरूप हुने छन् :

क) भूमिबाट सामन्ती शोषण समाप्त गरी किसान र खेतालाको अधिकार सुरक्षित राख्नु

ख) वैज्ञानिक तरिका र उपायलाई अपनाएर जग्गाको उत्पादन बढाउनु

यसका लागि घोषणापत्रले भूमिको हदबन्दी निश्चित गरी त्यस भन्दा माथिको जमिन किसानलाई दिने, जमिनदारी र बिर्ता प्रथा हटाउने र जङ्गलको राष्ट्रियकरण गर्ने नीति लिने बताइएको छ।

यता वि.सं. २०७९ मा आइपुग्दा पार्टीहरूको भूमिसम्बन्धी नीतिमा ठूलो परिवर्तन आएको छ।[८] २०७९ को आमनिर्वाचनका लागि आफ्नो घोषणापत्रमा नेपाली कङ्ग्रेसले सुकुमबासी, मुक्त हलिया र कमैया तथा अव्यवस्थित बसोबासीको समस्या समाधान गर्न भूमि आयोग गठन गर्ने र आवासको व्यवस्थामा ध्यान दिनेबाहेक भूमि वितरणको अर्थ खुल्ने गरी भूमि सुधारको शब्द पनि समावेश गरेको छैन।

नेकपा एमालेले २ वर्षभित्र सुकुमबासी, मुक्त हलिया, मुक्त कमैया, अव्यवस्थित बसोबासीको समस्या समाधान गरिने भूमि व्यवस्थाको आधारभूत संरचनाका अन्तर्निहित समस्याहरूलाई समाधान गर्न राष्ट्रिय भूमि आयोग गठन गर्ने र कृषि भूमिको खण्डीकरण रोक्न भूमि बैङ्क स्थापना गर्ने प्रस्ताव अघि सारेको छ। यसमा पनि भूमि सुधारले प्रवेश पाएको छैन।

नेकपा माओवादी केन्द्रले आफ्नो घोषणापत्रमा जमिन जोत्ने किसानहरूलाई भूमिको स्वामित्व प्रदान गर्ने गरी वैज्ञानिक भूमि सुधार कार्यक्रम लागु गरिनेछ भन्ने उल्लेख गरेको छ। एकीकृत समाजवादीले वैज्ञानिक भूमि सुधार लागु गरी भूमिसँग सम्बन्धित मोहियानी हकलगायतका सम्पूर्ण समस्या कानुनबमोजिम समाधान गर्न पहल गरिने जनाएको छ।

प्रचण्ड आफैँ सत्तामा रहँदा यो विषय नै बिर्सिसकेको जस्तो देखिएको माओवादी र एकीकृत समाजवादीका घोषणापत्रहरू सिद्धान्ततः जोताहा किसानलाई जमिनमाथिको स्वामित्व हस्तान्तरण गर्दै भूमिमा अझै रहेको सामन्ती सम्बन्ध अन्त्य गर्ने मान्यतामा आधारित छन्। तर सरकार गठन गरिसकेपछि यसलाई प्राथमिकतामा

७ जगत बस्नेत, भूमि सुधारको बुझाइ। भूमि अधिकार, वर्ष १५, अङ्क ४६, २०७४।

८ भूमि अधिकार मञ्चलले गरेको समीक्षा

राखेको कतै पनि देखिन्न । यसैले यो केवल किसानहरूसँग मत माग्ने या आफ्नो वैचारिक आवरण उस्तै देखाउने प्रयासबाहेक केही होइन भन्न सकिन्छ ।

नेपाली कङ्ग्रेस र नेकपा एमालेका दृष्टिकोणहरू जमिनमा किसानको पहुँच स्थापित गर्ने र उत्पादकत्व वृद्धि गर्ने गरी कृषि भूमिको वैज्ञानिक प्रयोग गर्ने तथा कृषि भूमिमा भइरहेको गैरकृषि प्रयोगलाई नियन्त्रण गर्ने विचारमा आधारित छन् । यसले कृषिमा सामन्ती भूमि सम्बन्ध सकिएको अर्थ बोकेको छ । जमिनमाथि किसानको पहुँच स्थापित होस् र गैरकृषकले कृषि जमिनको स्वामित्व नराखोस् भन्ने उद्देश्यले प्रेरित देखिन्छन् ।

सुरेश ढकाल भन्छन्- "सबै राजनीतिक दलहरूका राजनीतिक, आर्थिक कार्यक्रममा महत्त्वपूर्ण स्थान पाउँदै आइरहेको भए पनि भूमि र भूमि सुधारसँग गाँसिएका मूलभूत समस्या दशकौँदेखि ज्युँका त्युँ छन् । यसो हुनुको मुख्य कारणचाहिँ भूमिसँग गाँसिएको वर्गीय राजनीतिको सवाल र यसको बढ्दो आर्थिक मूल्य नै हो" (ढकाल २०१५) ।

ढकालले भूमि सुधारको पक्षमा उभिँदा उभिँदै पनि पछिल्लो वाक्यमा भनेको भूमिसँग गाँसिएको वर्गीय राजनीति र यसको बढ्दो आर्थिक मूल्यलाई जसरी सङ्केत गरेका छन् त्यसले परम्परागतरूपमा भूमिमा रहेको सामन्ती उत्पादन सम्बन्धको ठाउँ पुँजीवादी उत्पादन सम्बन्धले लिएकोतिर सङ्केत गर्छ । पुँजीवादी उत्पादन सम्बन्धमा भूमि सुधारको अर्थ बदलिएको हुन्छ । अब भूमि सुधार गर्ने भनेको रेग्मीले भनेझैँ अनुपस्थित जमिनदारी हटाउने तर किसानलाई जमिन दिएर व्यक्तिगत स्वामित्वमा लाने हैन, कमाउन र कृषि क्षेत्रको रोजगारी र उत्पादकत्व बढाउनेतिर लक्षित हुनुपर्छ । फेरि पनि रेग्मीकै भनाइ यहाँ राख्नु उपयुक्त हुन्छ- मेरो विचारमा देशमा जुन जमिन नजोतीकन ओगट्ने प्रणाली छ, त्यो उन्मूलन गर्नुपर्छ । तर जमिनमा व्यक्तिगत स्वामित्वचाहिँ सिर्जना गर्नुहुँदैन । गयल जमिनदारी अन्त्य गर्नुपर्छ तर जफत गरिएको जमिन किसानका नाममा दर्ता गर्नुहुँदैन । त्यस्तो जमिन जोताहालाई लिजमा खेती गर्न दिनुपर्छ ।

अब नेपालमा भूमि सुधारको प्रश्न परम्परागत जमिनदार र मोहीबीच जमिनको स्वामित्व बाँडफाँट गर्ने विषय रहेन । पहाडमा जुन स्तरमा जमिन बाँझो हुँदैछ र कमाउने मानिस पाउन गाह्रो पर्दैछ, कृषि श्रम पूर्णतया ज्यालादारीमा बदलिएको छ र

**राजनीतिक वृत्तमा पनि भिन्नभिन्न जोड र कोणमा आधारित रहेर भूमि सुधारको बहसले खासै महत्त्व पाएको देखिन्न । राजनीतिक दलका घोषणापत्रहरू हेर्‍यो भने उनीहरू कतै न कतै भूमिको वर्तमान वितरण प्रणालीलाई सुधार गर्ने र कृषिको उत्पादकत्व वृद्धिबाट गरिबी घटाउने कुराप्रति सहमत देखिन्छन् ।**

भूमिमा स्थायीखालको जमिनदार र मोहीको सम्बन्ध सकिएको छ, त्यसलाई हेर्दा भूमि सुधारको प्रश्न कृषिको पुँजीवादी उत्पादन प्रणालीअनुरूपको पुनर्गठन गर्नेतिर लक्षित हुनुपर्छ । उहिले राजनीतिक औजार बनेको क्रान्तिकारी भूमि सुधारको समय सकिएको छ । राज्यले भूमिलाई निजी स्वामित्वको वस्तुबाट सार्वजनिक वस्तुका रूपमा परिवर्तन गर्नेतिर दबाब दिएर मात्र भूमिसम्बन्धी अहिलेको समस्याको अन्त्य गर्न सकिन्छ ।

एउटा कुरा मात्र थप्न सकिन्छ- जोतभोग गरिरहेको जमिन निश्चित प्रक्रिया पूरा गरेर लिजमा लिन/दिन सकिने बनाउने र घडेरी नहुनेलाई घडेरीको व्यवस्था राज्यले गर्ने गरी कानुनी व्यवस्था गर्नु आवश्यक छ ।

सन्दर्भ सामग्री


१ Dhakal Suresh and Study Team: Land Tenure and Agrarian Reforms in Nepal. Community Self Reliance Centre (CSRC). 2011 Kathmandu.

२ नेपालमा कृषि क्रान्ति सम्भावनाका आयाम, सम्पादक सीताराम तामाङ, उमानाथ रिजाल, रत्नप्रसाद जोशी, फ्याक्ट नेपाल, २०७२, काठमाडौं।

३ डा. बाबुराम भट्टराई, नेपालमा विद्यमान कृषि प्रणाली : परिवर्तनका सम्भावना र चुनौती । नेपालमा कृषि क्रान्ति सम्भावनाका आयाम, सम्पादक सीताराम तामाङ, उमानाथ रिजाल, रत्नप्रसाद जोशी, फ्याक्ट नेपाल, २०७२, काठमाडौं

४ नेपालमा भूमि राजनीति र द्वन्द्व, सम्पादन, विष्णुराज उप्रेती, सागरराज शर्मा र जगत बस्नेत, नेपाली अनुवाद सागर घिमिरे, एनसिसिआर नर्थसाउथ, सिएसआरसी र एचएनआरएससी, काठमाडौं २०६६।

५ देउजा जगत : संविधानमा भूमि सुधार। विचारविशेष, बहसमा भूमि सुधार, पब्लिक पोलिसी पाठशाला, २०१५।

६ प्रदीप गिरी, भूमि समस्या : समाधानका प्रस्थान विन्दु। विचारविशेष, बहसमा भूमि सुधार, पब्लिक पोलिसी पाठशाला, २०१५।

७ जगत बस्नेत, Shifting of land Right Movement From Political Patronage to People Based Independent Organization, नेपालमा कृषि क्रान्ति सम्भावनाका आयाम, सम्पादक सीताराम तामाङ, उमानाथ रिजाल, रत्नप्रसाद जोशी, फ्याक्ट नेपाल, २०७२, काठमाडौं

८ नेपालमा भूमि राजनीति र द्वन्द्व, सम्पादन, विष्णुराज उप्रेती, सागरराज शर्मा र जगत बस्नेत, नेपाली अनुवाद सागर घिमिरे, एनसिसिआर नर्थसाउथ, सिएसआरसी र एचएनआरएससी, काठमाडौं २०६६।

९ ढकाल सुरेश, भूमि अधिकरण र भूमि अतिक्रमण : भूमि व्यवस्थापनका नयाँ चुनौतीहरू । विचारविशेष, बहसमा भूमि सुधार, पब्लिक पोलिसी पाठशाला, २०१५।
सुवेदी झलक भूमि किसान र राज्य, फाइन प्रिन्ट काठमाडौं २०१६

१० सामुदायिक आत्मनिर्भर सेवा केन्द्र प्रतिवेदन।



नहेन्द्र खड्का

# मानव जाति, भूमि र सामाजिक क्रान्ति

वर्गीय समाजमा वर्गीय शोषण र विभेदका कारणले जनसमुदायको एउटा ठूलो हिस्सा आफ्नो भूमि अधिकारबाट वञ्चित हुँदा देशले द्वन्द्वको सामना गर्नुपर्ने हुन्छ। तसर्थ यो द्वन्द्वको कारण पनि हो। अर्कोतिर भूमिको न्यायोचित वितरणमा आधारित भएर गरिने भूमि सुधारले द्वन्द्वको समाधान गर्ने हुनाले यो शान्तिको स्रोत र विकासको द्योतक पनि हो



## मानव जाति र भूमिको सम्बन्ध

भूमि एक प्राकृतिक सम्पदा हो। यसको अर्थ यो प्रकृतिले दिएको साझा सम्पत्ति हो। भूमिलाई एक प्रयोजनबाट अर्को प्रयोजनमा रूपान्तरण गर्न सकिन्छ, यसलाई विनाश वा क्षय क्षय गर्न सकिन्छ। तर यो मानिसले बनाएको, सिर्जना गरेको वा कुनै कम्पनी र कारखानामा निर्माण गरेको वस्तु होइन। यो त प्रकृतिद्वारा सिर्जित वस्तु हो। त्यसैले यो धरतीका सबै मानिसको साझा सम्पत्ति हो। हामी मानव जातिको एककोषीय जीवबाट उत्पत्ति र विकास हुँदै जाँदा हामी जति जति विकसित हुँदै गयौँ त्यति त्यति हाम्रो भूमिसँगको सम्बन्ध स्थापित र विकसित हुँदै आयो। भूमि मानिसको जीवनको अभिन्न हिस्सा हो। भूमि मानिसको गाँस, बास र कपासको मूल स्रोत हो। यो एउटा महत्त्वपूर्ण उत्पादनको साधन हो। यो कृषि तथा खाद्य उत्पादनको स्रोत हो। मानिसको दैनिक जीवनका अत्यावश्यक वस्तुहरू आपूर्ति गर्नका लागि खोलिएका कृषिजन्य र साना उद्योग तथा कलकारखानाहरूका कच्चा पदार्थहरूको मूल स्रोत पनि भूमि हो। यो समस्त मानव जातिका लागि आफ्नो आवास र निवासको थलो हो। भूमिबिना कसैको बासस्थान सम्भव छैन। यो मानव जीवनका सम्पूर्ण दैनिक क्रियाकलापहरूको मुख्य थलो हो। यो मानव संस्कृतिसँग अभिन्नरूपमा गाँसिएको हुनाले यो मानिसको पहिचानको स्रोत पनि हो।

## विभिन्न समाज व्यवस्थामा भूमिको स्थान

आदिम साम्यवादी समाजमा भूमि र भूमिमा प्राप्त हुने सबै वस्तुहरू समुदायको साझा सम्पत्तिका रूपमा थिए। त्यतिबेला उपलब्ध ज्ञान र सिपका आधारमा भूमिको महत्तम् उपयोग हुन्थ्यो। दास युगमा भूमिमाथिको नियन्त्रण मालिकहरूसँग हुने भएकाले दासहरूलाई खेतीपाती, पशु पालन र कृषिको काममा लगाइन्थ्यो। सामन्ती व्यवस्थाअन्तर्गत भूमि राजपरिवार, तिनका भाइभारदार र सत्ताको संरक्षण प्राप्त केही मानिसको नियन्त्रणमा रह्यो। भूमिमाथि सामन्त तथा जमिनदार वर्गको स्वामित्व एवम् किसान र भूदासहरूको भूमिमा आधारित शोषण नै सामन्ती व्यवस्थाको मूल विशेषता हो। पुँजीवादी समाजमा भूमिलाई निजी सम्पत्ति र बजारको बिक्रीयोग्य तथा नाफा आर्जन गर्ने वस्तु (माल) का रूपमा लिइएको छ।

सामन्ती र पुँजीवादी व्यवस्थामा भूमिमाथि मुठ्ठीभर मानिसको निजी स्वामित्व कायम हुने भएकाले भूमिको उच्चतम् र महत्तम् उपयोग हुन सक्दैन। यी व्यवस्थामा पुँजी, सत्ता र शक्तिको प्रयोगबाट भूमिमाथिको स्वामित्व स्थापित हुने भएकाले जोसँग जमिन छ, उसले त्यसमाथि श्रम गरेर त्यसबाट उत्पादन लिन सक्दैन भने जसले भूमिमाथि श्रम गर्छ, त्यसमाथि उसको स्वामित्व नहुनाले एकातिर भूमि शोषणको माध्यम बन्न जान्छ भने अर्कोतिर यसको समुचित उपयोग गरी उत्पादन र उत्पादकत्व वृद्धि हुन सक्दैन।

## सामाजिक क्रान्तिमा भूमिको स्थान

मार्क्स-एङ्गेल्सले कम्युनिस्ट घोषणापत्रमा 'सर्वहारा वर्गलाई सत्तारुढ वर्गमा परिणत गर्नु र प्रजातन्त्रका लागि लडाइँ जित्नु मजदूर-क्रान्तिको पहिलो चरण हो' भन्ने उद्‌घोष गर्दै 'साम्यवादी क्रान्ति भनेको स्वामित्वका परम्परागत सम्बन्धहरूको आमूल विच्छेद हो' भन्नुभएको छ (मार्क्स-एङ्गेल्स, १८४८)।

'साम्राज्यवाद-विरोधी, सामन्त-विराधी जनतान्त्रिक (जनवादी क्रान्तिको) चरणमा किसान प्रश्न भन्नु नै किसान वर्गलाई जमिनदारको शोषण र दासत्वबाट मुक्त गर्नु, ग्रामीण क्षेत्रमा सामन्ती भूस्वाममित्व निर्मूल पारी कृषिका उत्पादक शक्तिहरूलाई सामन्ती उत्पादन सम्बन्धबाट मुक्त गर्ने प्रश्न हो। जमिनदारहरूको जग्गा मुआब्जा नदिइ जफत गर्ने र किसानहरूलाई सित्तैमा बाँडिदिने आधारमा भूमि सुधार पूरारूपले सम्पन्न गरी हामीले यो प्रश्न सफलताका साथ समाधान गरिदियौँ' (सुङ, १९७५)।

'समाजवादी क्रान्तिको चरणमा किसान प्रश्न र कृषि प्रश्न भन्नु नै ग्रामीण क्षेत्रमा पुँजीवादी तत्त्वहरू निर्मूल पारेर तथा व्यक्तिगत किसान अर्थतन्त्रलाई समाजवादी सामूहिक अर्थतन्त्रमा पुनर्गठन गरेर किसान वर्गलाई हरप्रकारको शोषण र दमनबाट सदाका लागि मुक्त गर्नु र कृषिका उत्पादक शक्तिहरूलाई व्यक्तिगत स्वामित्वमा आधारित पुरानो उत्पादन-सम्बन्धबाट मुक्त पार्ने प्रश्न हो। हामीले पार्टी र राज्यको सबल नेतृत्व तथा शक्तिशाली सहायता पाएर व्यवहारको शिक्षा र स्वेच्छाको सिद्धान्तको माध्यमबाट कृषिको समाजवादी सहकारीकरणद्वारा यी प्रश्न सफलताका साथ समाधान गरिसकेका छौँ' (सुङ, १९७५)।

किम इल सुङद्वारा सन् १९६४ को फेब्रुअरी २५ मा सम्पन्न कोरियाली श्रमिक पार्टीको चौथो केन्द्रीय समितिको आठौँ विस्तारित बैठकमा प्रस्तुत भई पारित भएको "हाम्रो देशको समाजवादी ग्रामीण प्रश्नबारेको थिसिज" दस्ताबेजमा उल्लिखित पूर्वउल्लिखित यी हरफहरूले प्रजातान्त्रिक जनगणतन्त्र कोरियाका अनुभवलाई मात्रै प्रस्तुत गर्दैन, बरु समस्त श्रमजीवी वर्गलाई कृषि, भूमि सुधार र किसानको प्रश्नबारे दिशानिर्देश गर्न मद्दत गर्दछ।

**जोसँग जमिन छ, उसले त्यसमाथि श्रम गरेर त्यसबाट उत्पादन लिन सक्दैन भने जसले भूमिमाथि श्रम गर्छ, त्यसमाथि उसको स्वामित्व नहुनाले एकातिर भूमि शोषणको माध्यम बन्न जान्छ भने अर्कोतिर यसको समुचित उपयोग गरी उत्पादन र उत्पादकत्व वृद्धि हुन सक्दैन।**

विद्यमान समाज व्यवस्था र त्यसमा आधारित शोषण तथा विभेदको समूल अन्त्य गरेर सो भन्दा उच्चतम् व्यवस्थाको स्थापना र संस्थागत विकास गर्ने कार्य सामाजिक क्रान्ति हो। यो एकप्रकारको उत्पादन प्रणालीबाट त्यो भन्दा उच्च स्तरको उत्पादन प्रणालीमा पुग्ने अग्रगामी छलाङ हो। यसका लागि समाजको आधार र उपरी संरचनामा आमूल परिवर्तन आवश्यक छ। यसको मूल प्रश्न सत्ताको प्रश्नसँग अटुटरूपले जोडिने हुनाले सत्ता (सरकार होइन) परिवर्तन क्रान्तिको एउटा महत्त्वपूर्ण सूचक हो।

नेपालको सात दशक लामो कम्युनिस्ट तथा लोकतान्त्रिक आन्दोलन, दश वर्षे महान् जनयुद्ध र त्यसको बलमा स्थापित १९ दिने जनआन्दोलनको परिणामस्वरूप नेपालबाट सामन्ती केन्द्रीकृत शासन व्यवस्था र त्यसको नेतृत्वकर्ताको रूपमा रहेको शाही राजतन्त्र ध्वस्त भएको छ। देश हिन्दु अधिराज्यबाट धर्म निरपेक्ष गणतन्त्रमा परिणत भएको छ। एकात्मक शासन व्यवस्थाको स्थानमा शक्तिशाली स्थानीय प्रदेश सरकारहरूसहितको सङ्घीयता स्थापित भएको छ। उत्पीडित वर्ग, क्षेत्र र लिङ्गका जनसमुदायका लागि समावेशीकरण र समानुपातिक प्रतिनिधित्वको व्यवस्था भएको छ। जननिर्वाचित संविधान सभाले जनताका महत्त्वपूर्ण अधिकारहरूलाई सुनिश्चित गरेको छ।

संविधान सभाबाट संविधान लेखिनु र त्यो संविधानमा जनताका महत्त्वपूर्ण अधिकारहरूलाई संस्थागत गरिनु, एकात्मक सामन्ती व्यवस्था र त्यसको संरक्षकका रूपमा रहेको राजतन्त्र ढल्नु, देश सङ्घीय लोकतान्त्रिक गणतन्त्रको युगमा प्रवेश गर्नु, समानुपातिक प्रतिनिधित्व र समावेशीकरण संस्थागत हुनु, देशको कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकामा महिला, दलित, आदिवासी, जनजाति, पिछडिएको क्षेत्र, गरिब, किसान, मजदूरहरूको प्रतिनिधित्व सुनिश्चित हुनु कुनै चानचुने उपलब्धि होइन। नेपालमा भूमिमा आधारित शोषण बाँकी भए पनि शोषणको मुख्य स्वरूप होइन। परिवर्तित सन्दर्भमा देखिएको उत्पादनको स्वरूप, आर्थिक तथा वित्तीय परिचालन, श्रम विभाजन, श्रम तथा वस्तुको विनिमय, वैदेशिक रोजगारी, विप्रेषण, उत्पादक शक्तिको विकास, शोषणको प्रधान रूप र समग्र आर्थिक सामाजिक प्रणालीका हिसाबले नेपाली समाजमा सामन्तवादको आधार र उपरी संरचना ध्वस्त भएको छ तर यसका अवशेषहरू विद्यमान छन्, जसमाथि

निर्णायक विजय आवश्यक छ। नेपाली समाजको सामन्तवादसँगको अन्तरविरोध प्रधान अन्तरविरोधको रूपमा विद्यमान छैन। बरु यो दलाल नोकरशाही पुँजीवादसँगको प्रधान अन्तरविरोधका रूपमा प्रस्फुटित भएको छ।

यो समग्र परिवर्तनलाई विभिन्न पक्ष तथा राजनीतिक दलहरूले विभिन्न ढङ्गले परिभाषित गरेका भए पनि हाम्रो देशमा जनवादी गणतन्त्र चीनमा जस्तो नयाँ जनवादी क्रान्ति सम्पन्न हुन नसके पनि नेपाली विशिष्टतामा यहाँको विशेषताअनुरूपको पुँजीवादी जनवादी क्रान्ति मूलतः सम्पन्न भएको छ। परन्तु जनवादी क्रान्तिका मुख्य कार्यभारको रूपमा रहेका कृषि क्रान्ति र क्रान्तिकारी भूमि सुधारका २ मूल कार्यभार भने अझै पूरा हुन सकेका छैनन्। यी बाँकी कार्यभारहरूलाई समाजवादी क्रान्तिको रणनीतिअन्तर्गत पूरा गर्नुपर्ने दायित्व नेपालको सर्वहारा श्रमजीवी वर्ग र नेपालको क्रान्तिकारी कम्युनिस्ट आन्दोलनको काँधमा आएको छ।

### नेपालमा भूमिको सवाल

नेपाल एक किसानबाहुल्य देश हो। यहाँ देशको जनसङ्ख्याको झण्डै दुईतिहाइ हिस्सा कृषिमा आश्रित छ भने कृषिले राष्ट्रिय अर्थतन्त्रमा अत्यन्तै ठूलो भूमिका खेल्छ। नेपाल र नेपालीहरूका लागि भूमि मुख्य उत्पादनको साधन हो। यो कृषि, खाद्य तथा औद्योगिक उत्पादनका साथै अर्थतन्त्र निर्माणको मूल आधार हो। परन्तु आजको यथार्थ के छ भने हाम्रो देशमा जसले खेती गर्छ, खेतबारीमा श्रम गर्छ, पसिना बगाउँछ, ऊसँग पर्याप्त जमिन छैन। जोसँग जमिन छ, भूमिमाथिको स्वामित्व छ, उसले खेती गर्दैन, श्रम गर्दैन। यो देशका लाखौँ भूमिहीन र सुकुमबासीहरूका लागि सिङ्गो देश त आफ्नो छ तर आफू उभिएको माटो, आफूले बनाएको झुप्रो-छाप्रो र जोतभोग गरेको जमिन आफ्नो छैन। आमसुकुमबासी र भूमिहीनका लागि यो देश त आफ्नै हो तर देशको माटो आफ्नो हुन सकेको छैन। आफूले आवाद-कमोत गरेको जमिनको लालपुर्जा कहिल्यै आफ्नो हुन सकेन।

भूमिमाथिको स्वामित्व स्थापित गर्नका लागि नेपालमा जग्गा धनी दर्ता प्रमाणपुर्जाको व्यवस्था छ जसलाई जनबोलीको भाषामा लालपुर्जा भनिन्छ। लालपुर्जाको अभावमा कैयौँ नेपालीले नागरिकता पाउन नसकेर अनागरिक बन्नुपर्ने अवस्था छ। बिजुलीबत्ती जोड्न नपाउने अवस्था छ। रोजगारीका कुनै पनि सरकारी निकायहरू, लोक सेवा,

**हाम्रो देशमा जनवादी गणतन्त्र चीनमा जस्तो नयाँ जनवादी क्रान्ति सम्पन्न हुन नसके पनि नेपाली विशिष्टतामा यहाँको विशेषताअनुरूपको पुँजीवादी जनवादी क्रान्ति मूलतः सम्पन्न भएको छ। परन्तु जनवादी क्रान्तिका मुख्य कार्यभारको रूपमा रहेका कृषि क्रान्ति र क्रान्तिकारी भूमि सुधारका २ मूल कार्यभार भने अझै पूरा हुन सकेका छैनन्।**

शिक्षक सेवा आयोग, बैङ्क तथा वित्तीय संस्थाहरू जस्ता रोजगारदाता निकायहरूमा फाराम भर्न र रोजगारी पाउन सक्ने अवस्था छैन। नागरिकताको अभावमा विद्यार्थीले उच्च शिक्षाबाट वञ्चित हुनुपर्ने अवस्था छ। विदेशमा श्रम गर्न वा अन्य कामका लागि जान पासपोर्ट बनाउन र विदेश जान वा स्वदेशमै बसेर कुनै पेसा व्यवसाय दर्ता गरेर सञ्चालन गर्न र कर तिर्नसमेत नपाउने अवस्था छ। सरकारले दिने विभिन्न सामाजिक सुरक्षाका कार्यक्रमहरू, राहत, सुविधा र अनुदानहरूबाट वञ्चित हुनुपर्ने अवस्था छ। महामारीको समयमा खोप लगाउनसमेत नपाउने अवस्था छ।

त्यसमाथि अझ जातीय छुवाछूत र सामाजिक उत्पीडन भोगिरहेका दलित समुदायका भूमिहीनहरू, भूमिपुत्र आदिवासी जनजाति र अल्पसङ्ख्यक समुदायका जनता र महिलाहरूको अवस्था त झनै दर्दनाक छ। यो समस्या धेरै लामो समयदेखिको समस्या हो। आमजनताले भूमिहीनता र त्यसबाट सिर्जित समस्याहरू पुस्तौँपुस्तादेखि भोग्दै आइरहेका छन्।

### नेपालमा भूमिसम्बन्धी समस्याहरू

भूमिहीनता गरिबी, अन्याय, शोषण र बहिष्करणको सबै भन्दा क्रूर रूप हो। यो भूमिमाथिको निजी स्वामित्व, भूमिको असमान तथा अन्यायपूर्ण वितरणका कारणले राज्य व्यवस्थाद्वारा सिर्जित समस्या हो। जसरी भूमिको बहुआयामिक महत्त्व छ, भूमिसँग जोडिएका समस्याहरू पनि बहुआयामिकखालका छन्।

भूमिहीन तथा सुकुमबासीहरू, ऐलानी, पर्ती वा सरकारी जग्गा लामो समयदेखि आवाद कमोत गरेर बसेका वा त्यस्ता जग्गा किनेर आवाद-कमोत गरिरहेका अव्यवस्थित बसोबासीहरूका समस्याहरू, स्ववासी र बेनिस्सा जग्गाका समस्याहरू, गाउँब्लकका समस्याहरू, जग्गा दर्ता छूटसम्बन्धी समस्याहरू, दर्तावाल र बेदर्तावाल मोहीका समस्याहरू, गुठी र विर्तासँग सम्बन्धित समस्याहरू, निकुञ्ज, संरक्षित क्षेत्र र मध्यवर्ती क्षेत्रमा रहेका जनताका समस्याहरू, नदी किनार, सडक छेउछाउ र अन्य सार्वजनिक स्थानमा बसेका जनताका समस्याहरू, पहाडमा अत्यन्तै थोरै वा खान नपुग्ने जमिन भएका र शहरमा सुकुमबासीको रूपमा सरकारी वा सार्वजनिक स्थानहरूमा पुस्तौँ-पुस्तादेखि बसेका जनताका समस्याहरू, नदीले बहाव परिवर्तन गरेपछि नदी उकासमा रहेका जनताका समस्याहरू, नाप-नक्सा र

फिल्डको जग्गामा फरक परेका जनताका समस्याहरू, जनयुद्धका क्रममा आफ्नो जग्गा बेचेर शहर पसेका तर शान्ति प्रक्रियामा पुनः आफैँले भोगचलन गरेका र रकमसमेत फिर्ता नगरेका कारणले सिर्जित घर जग्गाका समस्याहरू, २०२१ सालदेखि औपचारिक नाप नक्साको काम हुँदा गौचरन वा अन्य सार्वजनिक जग्गाको रूपमा रहेका तर पछि जनताले पुस्तौँदेखि हकभोग गरिरहेका जनताका घरजग्गाका समस्याहरू, बाबुको नाममा रहेको १-२ आना जग्गामा तलैतले घर बनाएर ५-६ परिवार बसेका (काठमाडौँ उपत्यकाको नेवार समुदायसहित) आदिवासी जनताका समस्याहरू, बाबु आमाको नाममा २-३ आना जग्गा भएका, अंशबन्डा नभएका तर ४-५ भाइ छोराछोरी रहेका जनताका समस्याहरू (जसले विद्यमान कानुनअनुसार सुकुमबासीको रूपमा समेत जग्गा प्राप्त गर्न सक्दैनन्), जनताले ४०-५० वर्षअघिदेखि झोडा फाँडेर हकभोग गरिरहेका तर भूमाफिया र दलालहरूले सत्ता, शक्ति र पैसाको बलमा गोप्यरूपमा आफ्नो नाममा दर्ता गरिसकेका र कैयौँ सन्दर्भमा प्रमाणको अभावमा अदालतले समेत तिनै भूमाफिया र दलालहरूको जग्गा भनी फैसला गरेका घर/जग्गाका समस्याहरू, आफ्नो घर/जग्गासँग जोडिएका ऐलानी-पर्ती घर/जग्गा किनेर बसेका अव्यवस्थित बसोबासीहरूलगायतका जनताका धेरैखालका समस्या देखिएका छन्। यी समस्यामध्ये कैयौँ समस्यालाई विद्यमान कानुनी व्यवस्थाले हल गर्न सक्ने अवस्था छैन।

## भूमिसम्बन्धी समस्या र राष्ट्रिय भूमि आयोग

नेपाल सरकारले भूमिसम्बन्धी विभिन्न समस्याहरू र तिनको समाधान गर्ने संवैधानिक तथा कानुनी व्यवस्थालाई कार्यान्वयन गर्न भूमिहीन दलित, भूमिहीन सुकुमबासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने प्रयोजनका लागि भूमिसम्बन्धी ऐन, २०२१ को दफा ५२क को उपदफा (३) र ५२ख को उपदफा (६) बमोजिम नेपाल सरकारले गठन आदेश जारी गरी राष्ट्रिय भूमि आयोगको गठन गरेको छ। राष्ट्रिय भूमि आयोग गठन आदेश २०७८ मा आयोगका काम, कर्तव्य र अधिकारहरू, आयोगलाई प्रत्यायोजित गरिएका अन्य अधिकारहरूको सूचीसहित आयोगका कामसम्बन्धी विभिन्न कानुनी व्यवस्थाहरूलाई सूत्रबद्ध ढङ्गले उल्लेख गरिएको छ।

यतिबेला आयोगले देशव्यापीरूपमा तीव्रतापूर्वक काम गरिरहेको छ। राष्ट्रिय भूमि आयोगले २०८० असोज १५ गतेसम्मको अवस्थामा ७१४ वटा स्थानीय तहसँग कार्य सहमतिपत्रमा हस्ताक्षर (सम्झौता) गरेको छ। त्यसमध्ये ७१२ वटा स्थानीय तहमा कम्तीमा १ पटकका लागि ३५ दिने लगत सङ्कलनसम्बन्धी सूचना प्रकाशन गरिएको छ र काठमाडौँ महानगरपालिकाबाहेक ७११ वटा स्थानीय तहले लगत सङ्कलन गरेका छन्। हालसम्म भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीका रूपमा १३ लाख ५० हजार परिवारले लालपुर्जा प्राप्त गर्नका लागि नयाँ निवेदन दिएका छन् भने ८६ हजार ४०० परिवारले विगतका भूमिसम्बन्धी आयोग, समिति र कार्यदलको अधुरो कार्य सम्पन्न गर्नका लागि निवेदन दिएका छन्। देशका ७२ जिल्लाका ४५२ स्थानीय तहका निवेदनको लगत लगत राष्ट्रिय भूमि आयोगको सूचना प्रणालीमा प्रविष्टी (डाटा इन्ट्री) गर्ने काम जारी सुरु भएको छ।

> हाम्रो देशमा भूमिसम्बन्धी समस्या समाधान गर्ने उद्देश्यले यस्तो आयोग पहिलोपटक गठन भएको होइन। विगतमा पनि यस्ता आयोगहरू पटक-पटक गठन भएका थिए।

असोज १५ गतेसम्मको तथ्याङ्कको आधारमा ९ लाख ६१ हजार ९ सय ९५ परिवारको लगत प्रविष्टी (डाटा इन्ट्री) भएको छ, जसमध्ये ७७ हजार १२८ भूमिहीन दलित, १ लाख ५० हजार ३९६ भूमिहीन सुकुमबासी र ७ लाख ३४ हजार ४७१ अव्यवस्थित बसोबासी परिवार छन्। आयोगले असोज १५ गतेसम्म ४ हजार ३२८ परिवारलाई जग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण गरिसकेको छ भने १ लाख ९१ हजार ५७६ कित्ता जमिन नापजाँच गरेर नक्सा, स्रेस्ता र लालपुर्जा तयारीको काम सुरु गरेको छ। यस क्रममा आयोगले ४६ करोड ४० लाख ४६ हजार ९३७ रुपियाँ २९ पैसा राजस्वसमेत सङ्कलन गरेको छ। आयोग गठनपश्चात भएका राष्ट्रिय सभाको निर्वाचन, स्थानीय तहको निर्वाचन, प्रदेश र सङ्घीय प्रतिनिधि सभाको निर्वाचन र राष्ट्रपतिको निर्वाचन र तिनका आचारसंहिताको अवधिबाट गुज्रनुको बाबजुद राष्ट्रिय भूमि आयोगले गरेको कामको यो तथ्याङ्कले आयोगको सक्रियता र गतिविधिबारे आफैँ सबै कुरा बोल्छ। कुनै ब्याख्या र पुष्टि गरिराख्नु जरुरी छैन।

हाम्रो देशमा भूमिसम्बन्धी समस्या समाधान गर्ने उद्देश्यले यस्तो आयोग पहिलोपटक गठन भएको होइन। विगतमा पनि यस्ता आयोगहरू पटक-पटक गठन भएका थिए। देशको तत्कालीन राजनीतिक परिस्थिति, सरकार परिवर्तन र त्यसले निम्त्याउने अस्थिरता, स्पष्ट दृष्टिकोणको अभाव, आयोगको नेतृत्वको ज्ञान, अनुभव र वर्गपक्षधरताका साथै राजनीतिक, नीतिगत, कानुनी, प्राविधिक र व्यावहारिक जटिलताका कारणले ती आयोगले आफ्नो उद्देश्यअनुरूप काम गर्न सकेनन् र विघटन भए। विगतका कामहरूको सकरात्मक अनुभवलाई ग्रहण गर्दै, तिनका चुनौतीहरू, गल्ती र कमजोरीहरूबाट शिक्षा लिँदै भूमिसम्बन्धी समस्या समाधान गर्नु आवश्यक छ। भूमिका समस्याहरूको जटिलताका कारणले आयोगका कामहरू पक्कै पनि चुनौतीपूर्ण भएकाले आयोगले जनताले अपेक्षा गरेबमोजिम काम गर्नका लागि स्थानीय तहका सरकारहरूको प्रभावकारी सहयोग तथा सहकार्य, आवश्यक स्रोत, जनशक्ति व्यवस्थापन, नीतिगत समस्याहरूको



सम्बोधन चुनौतीका रूपमा छन् । त्यसका लागि आयोगले आवश्यक नीतिगत, कानुनी, प्राविधिक र व्यावहारिक तयारीहरू गर्दै अघि बढ्नु जरुरी छ भने सङ्घीय सरकारले आवश्यक जनशक्ति र स्रोत/साधनको सुनिश्चितता गर्नु आवश्यक छ ।

## निष्कर्ष

भूमि अधिकार अत्यन्तै महत्त्वपूर्ण मानव अधिकार हो । यो उत्पादन, पहिचान, संस्कृति र समृद्धिको आधार हो । यो आमजनसमुदायको सम्मानपूर्वक, सबै प्रकारका अपमान, तिरष्कार र बहिष्करणबाट माथि उठेर सम्मानित नागरिकको रूपमा जीवन यापन गर्ने प्रक्रियाको पहिलो पाइला हो । यो समृद्धितर्फको यात्राको पहिलो खुट्किलो पनि हो । त्यसैले आमनेपाली जनताको भूमि अधिकार सुनिश्चित गर्नु अनिवार्य छ । भूमि समस्या दीर्घकालीनरूपमा समाधान गर्ने र भूमि अधिकार सुनिश्चित गर्ने वास्तविक र जनमुखी विधि क्रान्तिकारी/वैज्ञानिक भूमि सुधार मात्रै हो ।

भूमिको समस्या राज्य व्यवस्थाद्वारा सिर्जित वर्गीय समस्या हो । यसको समाधान सामाजिक न्याय र उत्पादकत्व वृद्धिको मूल उद्देश्यमा आधारित भएर गरिने क्रान्तिकारी/वैज्ञानिक भूमि सुधारबाट मात्रै हुन सक्छ । त्यसका लागि बहुआयामिक तरिकाले सोच्नु, नीतिगत, प्राविधिक र व्यावहारिक तयारी गर्नु जरुरी छ ।

हालसम्म गठन गरिएका आयोगमध्ये राष्ट्रिय भूमि आयोग शक्तिशाली र प्रभावकारी देखिए पनि विद्यमान कानुनी व्यवस्थाअन्तर्गत यसले भूमिसम्बन्धी सम्पूर्ण समस्या हल गर्न सक्दैन । यसले क्रान्तिकारी/वैज्ञानिक भूमि सुधार लागु गर्ने स्थिति छैन । यसले भूमिहीनताको अन्त्य गर्ने, भूमिहीन दलित र सुकुमबासीहरूलाई भूमि उपलब्ध गराइ कम्तीमा आवासको समस्या समाधान गर्ने, किसानहरूले जोतभोग गरिरहेको सानो आकारको भूमिमाथि उनीहरूको स्वामित्व स्थापित गर्ने काम सम्पन्न गर्न सक्नेछ । त्यसपछि क्रान्तिकारी/वैज्ञानिक भूमि सुधारको समग्र कार्यक्रम बनाइ लागु गर्न अझै बाँकी नै रहनेछ जसलाई आगामी दिनमा लागु गरिनेछ भन्ने अपेक्षा गर्न सकिन्छ ।

सबैको सकारात्मक पहलकदमीबाट पहिलो चरणमा भूमिहीनताको अन्त्य गर्ने र दोस्रो चरणमा भूउपयोग नीतिलाई कडाइका साथ लागु गरी खेती गर्न चाहने किसानहरूलाई पर्याप्त जमिन उपलब्ध गराउने कार्य सम्पन्न गर्नुपर्छ । कृषि पेसामा संलग्न हुन नचाहनेहरूलाई रोजगारका अवसरहरू सिर्जना गर्नु अर्को महत्त्वपूर्ण कार्यभार हो । तेस्रो चरणमा भूमि प्राप्त गरेका किसानहरूलाई उत्पादकत्व बृद्धिसँग जोडेर कृषिको आधुनिकीकरण, वैज्ञानिकीकरण, व्यावसायीकरण, यान्त्रिकीकरण, सहकारीकरण र सामूहिकीकरण गर्दै कृषि उद्यम र उद्योगको दिशामा अगाडि बढ्नुपर्छ । ततपश्चात समग्र भूमिलाई राष्ट्रियकरण र कृषिलाई सरकारीकरण (सार्वजनिकीकरण), सहकारीकरण र सामूहिकीकरणको माध्यमबाट समाजवादको दिशामा अग्रसर हुँदै समाजवादको आधार तयार गर्नुपर्छ ।

यसका लागि नेपाल सरकार, राष्ट्रिय भूमि आयोग र सरोकारवालाहरूको इच्छाशक्ति अति महत्त्वपूर्ण छ । संविधानमा निर्दिष्ट भूमि अधिकारको कार्यान्वयन गर्न र भूमि समस्याको समग्र समाधानका लागि राजनीतिक दलहरू, तीनवटै तहका सरकारहरू, सरोकारवाला निकायहरू, किसान, भूमिहीन, सुकुमबासी र जनवर्गीय सङ्गठनहरूले मिलेर काम गर्नुपर्ने, आवश्यक समन्वय र सहकार्य गर्नुपर्ने आवश्यकता छ भने एकअर्काका अनुभव, सिकाइ र भोगाइहरूलाई महत्त्वपूर्ण शिक्षाका रूपमा ग्रहण गर्नुपर्छ । भूमिको समस्या समाधान हुन संभव छ । भूमिहीनताबिहीन, सुकुमबासीबिहीन, भूमि अधिकारसहितको खाद्य सम्प्रभु नेपाल निर्माण संभव छ ।

## सन्दर्भ सामग्री


१. मार्क्स, एङ्गेल्स । सन् १८४८ । कम्युनिस्ट पार्टीको घोषणापत्र । (अनु. कृष्णप्रकाश श्रेष्ठ, सन् १९७९) । प्रगति पुस्तक सदन, काठमाडौँ ।


२. राष्ट्रिय भूमि आयोग (सङ्कलन तथा सम्पादन) । २०७९ । आयोगको कामसँग सम्बन्धित कानुनहरूको सङ्गालो । राष्ट्रिय भूमि आयोग, ताहाचल काठमाडौँ ।

३. नेपाल सरकार । २०७८ । राष्ट्रिय भूमि आयोग गठन आदेश (दोस्रो संशोधनसमेत) २०७८ । राष्ट्रिय भूमि आयोग, ताहाचल काठमाडौँ ।

४. खड्का, नहेन्द्र । २०६८ । नेपालमा कृषि क्रान्ति र युवा किसान । टोपबहादुर खड्का ।

५. सुङ, किम इल । सन् १९७५ । समाजवादी ग्रामीण प्रश्नबारे । (अनु. उल्लेख नभएको) । नेपाल कोरिया मैत्री सङ्घ, काठमाडौँ ।


लेखक राष्ट्रिय भूमि आयोगका उपाध्यक्ष तथा अखिल नेपाल किसान महासङ्घ (क्रान्तिकारी केन्द्र) का महासचिव हुनुहुन्छ ।



जगत बस्नेत

# सामाजिक र आर्थिक न्यायको लागि भूमि वितरण



विश्वप्रसिद्ध राजनीतिज्ञ लेनिनले कृषि रूपान्तरणको प्रक्रियामा पुँजीवादका २ मोडेल प्रस्तुत गरेका छन्- पुँजीवाद 'माथिबाट' र ' तलबाट'। हिजोका जमिनका मालिकहरू नै पुँजीवादी किसानमा परिणत हुने प्रक्रियालाई पुँजीवाद माथिबाट परिभाषित गरिएको छ भने अमेरिकन मोडल जसले हिजोका किसानलाई नै व्यावसायिक किसानका रूपमा परिणत गऱ्यो, यसलाई पुँजीवाद तलबाट परिभाषित गरिएको छ। नेपालमा यसबारे धेरै छलफल हुन सकेको छैन अर्थात भूमि सुधार माथिबाट कि तलबाट ?

लेनिनले भूमि सुधारको प्रक्रियाले कृषिमा पुँजीवाद तलबाट कि माथिबाट भन्ने कुरा बाहिर ल्याए। विशेषगरी सामन्तवादबाट पुँजीवादमा आउँदा जमिनका मालिक नै पुँजीवादी किसान हुने वा जमिन जोत्ने किसान पुँजीवादी किसान हुने भन्ने मूल विषय हो। केही देशमा भूमि सुधार माथिबाट भएका छन् भने केही देश, जस्तो- ल्याटिन अमेरिकन देश र एसियाली देशमा भूमि सुधार तलबाट पनि भएको छ। जापानको भूमि सुधारलाई भूमि सुधार तलबाट भएको मान्न सकिन्छ। यद्यपि यसका विषयमा फरक फरक मत छन्।

नेपालका राजनीतिक पार्टीका आआफ्नै व्याख्या छन्। एकथरी भन्छन्- कृषि अझै व्यावसायिक भइनसकेकाले पुँजीवाद आइसकेको छैन। अर्धसामन्ती नै छ। राजतन्त्र जाँदैमा पुँजीवाद समाप्त भएको भन्न मिल्दैन। पुँजी निर्माण नै भएको छैन। पुँजी निर्माण नभइ पुँजीवाद हुँदैन। अर्कोथरी भन्छन्- नेपालामा पुँजीवाद आइसक्यो। त्यसैले अब पहिला भनिए जस्तो भूमि सुधार सम्भव छैन। तर मूल कुरा किसानलाई नै जमिनको मालिक बनाउने कि उद्योगी वा पुँजीपति वा कम्पनीलाई भन्ने हो। जुन देशहरूमा भूमि सुधार तलबाट भएको छ ती देशहरूमा आर्थिक रूपान्तरण गरिब समुदायको पक्षमा भएको छ भने जुन देशहरूमा भूमि सुधार माथिबाट भएको छ, ती देशहरूमा किसानहरू बजारका खेतालामा परिणत भएका छन्। एमाले नेता प्रदीप ज्ञवाली भन्छन्- नेपालमा दलाल पुँजीवाद मात्रै विकास भएको हो। औद्योगिक पुँजीवादको विकास भएको छैन। कमिसनको मात्रै पुँजीवाद छ।[1]

नेपालमा भूमि सुधारका सैद्धान्तिक पक्षमा धेरै छलफल नभएको र नेताहरूले जे भन्छन् त्यही नै सिद्धान्तका रूपमा बुझ्ने गरिन्छ। नेपालमा कम्युनिस्ट पार्टीले मात्र होइन, २००७ सालमा नेपाली कङ्ग्रेसले पनि 'जसको जोत उसको पोत' को नारा उठाएको थियो। जसको जोत उसको पोत रसियन ओत्रेज्कीको अवधारणा हो। लेनिनले ओत्रेज्कीको कुरामा मात्र सहमत गरेका हुन् तर नारामा 'जसको जोत उसको पोत' लाई पूर्णरूपमा समर्थन भने गरेका होइनन् किनभने लेनिन र मार्क्स भूमिलाई राष्ट्रियकरण गर्नुपर्छ, किसानलाई बाँड्ने होइन भन्ने अवधारणामा सहमत थिए। तर जसको जोत उसको पोत भनेको किसानलाई जमिनको स्वामित्व दिनुपर्छ भन्ने हो। एकथरीले लेनिनले पनि 'जसको जोत उसको पोत' को नारालाई स्वीकारेका हुन् भनेका छन् किनभने ओत्रेज्कीसँग सहमत हुनु भनेको उक्त नारा स्वीकार्नु हो।

भूमि सुधारमा पहिला जमिनको राष्ट्रियकरणले भूमिको एकाधिकारलाई माथिबाट तोड्ने काम गर्छ भने जसको जोत उसको पोतले सामन्ती भूस्वामित्वको एकाधिकारलाई तलबाट तोड्ने काम गर्छ। र वास्तविक जमिन जोत्ने किसानलाई जमिनको स्वामित्ववाला बनाउँछ। नेपालमा 'जसको जोत उसको पोत' को नाराको सन्दर्भ सिद्धिएको अभिव्यक्ति पार्टीहरूबाट आएकाले पुँजीवाद तलबाट हुने कुरा असम्भव जस्तो भयो। पार्टीको भूमि सुधारको कार्यक्रम केवल सुकुमबासीलाई घरबासका लागि जमिन दिनेमा सीमित छ। त्यसैले हिजोका जमिनदार वा नयाँ जमिनदार नै पुँजीवादी किसानमा परिणत भइरहेका छन्। यसले मूलतः भूमि

.........................

१ नेपालमा कृषि क्रान्ति किताबको विमोचन कार्यक्रम, राष्ट्रिय प्रज्ञा प्रतिष्ठान, फ्याक्ट नेपाल

सुधार माथिबाट भइराखेको स्थिति हो। भूमिको स्वामित्वको नियन्त्रणका कारण नयाँ वर्गको पनि जन्म भइराखेको छ तर यो वर्गले खेती भने गर्दैन।

मार्क्स र लेनिनका शब्दमा हिजोको जमिनको एकुमुलेसन (सङ्ग्रह) नै आजका पुँजीवादी किसानका आधारहरू हुन्। हिजो जसको जोत उसको पोत, क्रान्तिकारी वा जनमुखी भूमि सुधारका नारा दिनेहरूका कार्यक्रम आज पुँजीवाद माथिबाट भएको छ। जस्तो सरकारकै प्रधानमन्त्री आधुनिकीकरण कार्यक्रम। अहिले अरू मन्त्री वा मुख्य मन्त्रीका नाममा पनि पुँजीवादी कार्यक्रमहरू घोषणा भइराखेका छन्।

एउटा समूहले झापामा ८ वटा कम्पनी दर्ता गरेर २०० बिघा जमिनको छूट लिइएको छ। आगामी दिनमा अरू यस्तै ८/१० कम्पनीको दर्तामा जाने योजना रहेको सुनिन्छ। तराईमा कतिवटा समूह छन् र कतिले हदबन्दी छूटमा कृषि वा उद्योग गरिराखेका छन्, यस विषयमा कृषि तथा भूमि सुधार मन्त्रालय बेखबर जस्तै छ।

अर्कोतर्फ एकजना व्यक्ति जतिवटा कम्पनीमा पनि सहभागी हुन सक्छ। चाहे जति कम्पनी दर्ता गर्न सक्छ। आफ्नो भूमि हदबन्दी भन्दा बाहिर हुन गएपछि कम्पनी दर्ता पाइहाल्ने रहेछ। एउटा कम्पनीले पुगेन अर्को, अर्कोले पुगेन अर्को खोल्न र जग्गाको संरक्षण गर्न मिल्ने रहेछ।

एक विवरणअनुसार २०७५ सम्म देशभर १६९ कम्पनीले ९६१४ हेक्टर जमिन हदबन्दी छूटमा पाएका छन्।[२] यसको मुख्य उद्देश्य नै कृषिमा पुँजीवादलाई माथिबाट विकास गर्नु हो। त्यसबाहेक जमिनका प्लट गरी बेच्नेहरूका कम्पनीमा कति जमिन राखिएको छ, भूमि व्यवस्था मन्त्रालयलाई नै थाहा छैन भन्ने लाग्छ।

भूमि व्यवस्था, सहकारी एवं गरिबी निवारण मन्त्रालयका अनुसार १८ हजार ८ सय ५ रोपनी जग्गा राजनीतिक पार्टीका आफू निकट ३ सय ५१ व्यापारिक वा गैरव्यापारिक संस्थालाई वितरण गरिएको छ। तर वर्षौंदेखि जमिनका लागि सङ्घर्ष गरिरहेका किसानलाई दिन जमिन छैन भनिन्छ।

सन् २००८ पछि जब कृषिमा पुँजीवादी उत्पादन विस्तार भयो ठूलो मात्रामा मोही किसान र अँधिया कमाउने किसानहरू बेदखल भए। कृषिमा कर्पोरेट लगानी वृद्धि गरियो। कृषि धनीहरूको कम्पनी बन्यो। धनीहरूले नै त्यसबाट पुनर्उत्पादन गर्न सके।

बर्दिया र दाङका थारू किसानले सोधे- यो युवा स्वरोजगार कार्यक्रम के हो ? यहाँ केही धनीहरूले पैसा ल्याएर हामीलाई जोतिराखेको जमिनबाट बेदखल गरे। पहिला जमिनदारी प्रथा थियो। अहिले त्यसको रूप फेरिएर कम्पनी खेती भएको छ। हिजो त्यसमा हलिया र कमैया हुन्थे भने आज दैनिक ज्यालादारी हुन्छन्। यति मात्र फरक हो। समाचारहरू प्रशस्त आइरहेका छन्, तराईमा साहूकरका कारण मानिसले आत्महत्या गर्न बाध्य भएका या त गाउँ नै छाड्न बाध्य छन्। त्यसैले पुँजीवादले वर्गबीचको अन्तर अझ बढाएको छ।

संविधानमा आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्ने सङ्कल्प छ। समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने उद्देश्य छ। के भूमि सुधार नगरी सामाजिक न्यायसहितको समृद्धि सम्भव छ ? के जमिन वास्तविक किसानको स्वामित्वमा नगई अहिलेको भोकमरी टार्न सकिन्छ ? किन कृषि क्षेत्रमा जति लगानी बढाए पनि उपलब्धि देखिएको छैन ? किन देशको गरिबी जस्ताको तस्तै छ ? के कारण ४० लाख मानिस विदेशिनु परिरहेको छ ? यसो हुनुमा भूमिको मुद्दालाई सही तरिकाले हल नगर्नु, यसलाई केही जमिनदारको स्वार्थमा जानाजान बेवास्ता गर्नु नै एउटा मूल कारण हो।

राजनीतिक लाभका लागि सबैजसो राजनीतिक दलले भूमि सुधारलाई मुद्दा बनाएका छन्। तर नीति, कानुन र कार्यक्रम बनाइ लागु गराउन तत्पर छैनन्। पूर्ण बहुमतको कम्युनिस्ट सरकार शासनमा हुँदा पनि भूमि सुधारबारे चर्चासमेत नहुनु उदेकलाग्दो छ। प्रश्न उठ्छ- के जसको जोत उसको पोतको नारा फगत भ्रम थियो ?

भूमि उसैको हुनुपर्दछ, जसले माटोलाई माया गर्छ। स्याहार गर्छ। संरक्षण गर्छ। र आफैं उत्पादन कार्यमा जोडिन्छ। भूमि सुधार गर्नका लागि नेपालको संविधानले आधार दिएको छ। संविधानले नै भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य, किसानको हितलाई ध्यानमा राखी वैज्ञानिक भूमि सुधार, अनुपस्थित भूस्वामित्वलाई निरुत्साहित आदि विषय स्पष्ट गरेको छ।

संविधानले निर्दिष्ट गरेअनुसार सरकारले भूमि नीति पारित गर्नुपर्दछ। अब भूमि ऐनमा थप संशोधन हैन, नयाँ परिवेशमा नयाँ भूमि ऐन तर्जुमा भई लागु हुन आवश्यक छ। तर अहिले संशोधन हुन लागेका ऐनमा राखिएका व्यवस्थाहरू पञ्चायतकालका भन्दा पनि प्रतिगामी ल्याउन कोसिस हुँदैछ। हदबन्दीको सीमा बढाउने, कायम भइसकेका मोहीलाई बाली बुझाएको भर्पाइ नभएमा मोही हक खोस्ने, किसानको नाममा दर्ता भइसकेको जमिन खोस्ने गरी कानुन संशोधन भइरहेको छ।

स्थानीय र प्रदेश सरकार बनिसकेको अवस्थामा अबको भूमि सुधार पहिलेको ढाँचाबाट सम्भव छैन। स्थानीय सरकारको तहमा उपलब्ध भूमि, भूमिको उपयोग, आवासबिहीन, भूमिबिहीन, साना किसान, जग्गाको स्वामित्वको लगत राख्नुपर्छ। समुदायको अगुवाइमा भूउपयोग नक्शा बनाइ आवास क्षेत्र व्यवस्थित गरिनुपर्छ। कृषि क्षेत्रमा भूमिहीन र किसानको पहुँच कायम गरिनुपर्छ।

भूमि सुधारको सवाल सामाजिक, आर्थिक रूपान्तरणको मुख्य एजेन्डा हो। बहुसङ्ख्यक गरिब, दलित, महिला र पछाडि पारिएको किसान समुदायलाई जमिनको मालिक नबनाएसम्म मुलुकमा सामाजिक तथा आर्थिक न्याय हुन सक्दैन। हजारौं बिघा जमिन बाँझो राखेर कृषि उत्पादन पनि बढ्दैन। अतः भूमि सुधार भनेको गरिबलाई जमिन बाँड्ने कुरा मात्र हैन। निश्चय नै यो जमिनको स्वामित्व कसलाई दिने भन्ने विषय पनि हो। तर अबको भूमि सुधारले भूमिको स्वामित्वसँगै, किसानको स्वामित्वमा जमिन, भूमिको उत्पादकत्व वृद्धि, उन्नत र आधुनिक कृषि उद्योगको विकास, बजारीकरण, खाद्य सम्प्रभुता र ग्रामीण गरिबीको अन्त्यमा सहयोग पुऱ्याउने छ। त्यसैले यो गरिबको मात्र कुरा हैन। समग्र राज्यको न्याय, समृद्धि र आर्थिक रूपान्तरणको मुद्दा हो भन्ने बुझ्नुपर्छ।

२ १८ वर्षमा पनि कार्यान्वयन भएन हदबन्दी, हिमाल खबर, ३ भाद्र, २०७६



कल्पना कार्की

# भूमिमा समान स्वामित्वका लागि संयुक्त पुर्जा अभियान




संसारका प्राणीले जीविकाका लागि खाद्यान्न पाउने प्रमुख साधन भूमि हो । भूमिलाई मातासँग तुलना पनि गरिएको छ । 'माटो' र 'माता' अर्थात आमालाई विशेष सम्मानस्वरूप 'जननी जन्मभूमिश्च स्वर्गदपि गरियशी' भनिन्छ । माता अर्थात् आमासँग भूमिलाई तुलना गर्छौं तर त्यही माटोको रातोदिन स्याहार गर्ने, परिवार पाल्ने तिनै आमाहरूको नाममा भूमिको स्वामित्व र नियन्त्रण छैन । सबैजसो श्रमजीवी महिला भूमिको स्वामित्वबाट वञ्चित छन् । जबकि ग्रामीण महिलाको हकमा 'भूमि' नै मुख्य सम्पत्ति हो ।

महिलाहरू दैनिक १२ देखि १६ घण्टा काममा खट्छन् । बिउबिजन र अन्नपात भण्डारण गर्छन् । कुन सिजनमा कुन बाली लगाउने भन्ने ज्ञान छ । गोठ, घर-आँगन सफाइमा खट्छन् । परिवारका सदस्यको पालनपोषणमा ध्यान दिन्छन् । मेलापात, अर्मपर्ममा उत्तिकै खट्छन् । बाख्रा, गाई र भैंसीको हेरचाह गर्छन् । बच्चा जन्माउँछन् । सृष्टि चलाउँछन् ।

महिलाहरूले गरेको रात-दिनको परिश्रमले परिवार, समाज र राष्ट्र सम्मुन्त हुन मद्दत पुगिरहेको छ । तर तिनै महिलालाई अधिकार दिने विषयमा भने परिवार र सामाजको विभेदकारी संरचनाले रोकिरहेको छ । पितृसत्तात्मक सोच, चिन्तन र अभ्यासले पनि महिलालाई पछाडि पारिराखेको छ । छोरीलाई छोरासरह परिवारको पैत्रिक सम्पत्तिमा हक छैन । जीवनभरको पसिनाले भिजाएको हरिया खेतबारीमा महिलाको स्वामित्व, पहुँच र नियन्त्रण नहुनु दुःखद् पक्ष हो ।

एउटै खेतमा उही समय र उत्तिकै मेहनत गर्दा पनि पाउने ज्यालामा समेत महिलालाई विभेद छ । यस्तो किन भइरहेको छ ? परिवारमा आमाले भूमिलगायतका सम्पत्तिमा अधिकार नपाएसम्म छोरीलाई अंश दिने संस्कारको सुरुवात हुन सक्दैन । तसर्थ पनि भूमिमा महिलाले अधिकार लिने विषय महत्त्वपूर्ण छ ।

कुनै समय यस्तो थियो, जुनबेला महिला अधिकारबारे कुरा उठाउनै पनि कठिन थियो । वि.सं. १९७० को समयमा योगमाया न्यौपानेको नेतृत्वमा सामाजिक विसङ्गति र महिलामाथिका भेदभाव, परम्परागत कुसंस्कारविरुद्ध राणा सरकारविरुद्ध विद्रोह उठ्यो । तत्कालीन समयमा त्यो मुद्दाको सुनुवाइ नभएपछि वि.सं. १९९८ असार २२ गते योगमायालगायत ६८ जनाले अरुण नदीमा हाम फालेर सामूहिक देहत्याग गरी पितृसत्तात्मक राज्य व्यवस्थालाई गतिलो चुनौती दिएका थिए ।

अब भने समय बदलिएको छ । महिलामाथि हुने हिंसा र विभेदका कारणको जरैसम्म पुगेर सम्बोधन गर्न सक्ने अवसर बढ्दै गइरहेका छन् । सचेत नेपाली महिला आफूहरूमाथि हुँदै आएका सबै प्रकारका हिंसा अन्त्य गराउने र आफ्ना आधारभूत अधिकार प्राप्तिको अभियानमा जुटिसकेका छन् । समुन्नतः लोकतान्त्रिक नेपाल निर्माणका लागि महिलामाथि हुने सबै प्रकारका हिंसा अन्त्य गर्नु अनिवार्य हुन्छ । यसको अन्त्य केवल अपेक्षाले हैन, सुझबुझसहितको आन्दोलनले मात्र गर्न सकिन्छ ।

ग्रामीण भेगका महिलाका लागि त भूमि नै सम्पत्तिको प्रमुख स्रोत हो । भूमिमा महिलाको अधिकार स्थापित हुनु भनेको महिला किसान स्वतन्त्र र सक्षम बन्न सक्नु पनि हो । भूमिमा महिलाको स्वामित्व र अधिकार भएपछि परिवार र समुदायमा महिलाको सम्मानित स्थान बढ्दै जान्छ । आफ्नो शरीरमाथि आफैंले नियन्त्रण गर्ने आधार प्राप्त हुन्छ । महिलाका लागि

ऐन, कानुन, शिक्षा, स्वास्थ्य, राजनीतिक सहभागिताको क्षेत्रमा पनि थुप्रै काम सँगसँगै लानुपर्छ । भूमिमा महिलाको अधिकार स्थापित हुनु भनेको जग बसाल्ने तहको काम हो ।

भूमि मान्छेले बनाएको वस्तु नभएर प्राकृतिक उपहार भएकाले जसले जमिनको समग्र व्यवस्थापन, संरक्षण गर्छ, त्यसमा उसको अग्राधिकार हुनुपर्छ । त्यसैले महिला र पुरुष जो जमिनमा काम गर्छन्, त्यसमा उनीहरूको बराबरी हक लाग्ने कुरा सामाजिक न्यायको सवाल हो । महिलाको भूमि अधिकार ग्रामीण तथा कृषिमा संलग्न महिलाको आर्थिक सशक्तीकरणका लागि जग नै हो । ग्रामीण जनजीवन हेर्दा भूमि नै दिगो जीविकाको महत्त्वपूर्ण स्रोत बन्दै आएको छ । ग्रामीण महिला नै भूमिका वास्तविक संरक्षक र व्यवस्थापक भएका छन् ।

कृषि कर्ममा संलग्न महिलालाई जमिनको मालिक बनाउने व्यवस्थाले मुलुककै आर्थिक उत्पादकत्व पनि बढ्नेछ । भूमिमा महिलाको अधिकार, महिलाको सम्मान, पहिचान, इज्जत, तागत र आत्मविश्वास हो । महिलाले सार्वजनिक क्षेत्रको पद र जिम्मेवारी तब लिन सक्छन् जब व्यवहारिकरूपमै श्रमको बाँडफाँट र उत्पादनका साधनमा बराबरी हक स्थापित हुनेछ ।

भूमिमा महिलाको अधिनत्व नहुँदा महिलाले त हिंसा र भोक खेप्नुपरेकै छ । यसको असर बालबच्चाको खाना र विकासमा पनि परेको छ । परिवारकै स्वास्थ्य खराब हुनुसँग पनि यो विषय जोडिएको छ । भूमि महिलालाई नदिँदा भूमि मात्र नदिइएको हैन, हरेक निर्णय गर्ने अधिकारबाट समेत वञ्चित गरिएको छ ।

सम्पत्तिलगायत संस्कारमा छोरासरह छोरीले पाउने हक स्थापित नभएसम्म राज्यको संविधान, नीति, कानुन र नियमले मात्र खास परिवर्तन ल्याउन सक्दैन । महिलामाथि हुने हिंसा, विभेद र दाइजो प्रथाको विकल्प भनेको महिलाको भूमिलगायत सम्पत्तिमाथि अधिकार स्थापित गर्नु हो । महिला जब भूमिलगायत सम्पत्तिको मालिक हुन्छन् तबमात्र उनीहरूको पारिवारिक र आर्थिक कारोबारमा निर्णय क्षमता बढेर जान्छ । पारिवारिक र सामाजिक हैसियत कायम गराउँछ । छोरा र छोरीलाई बराबरी सम्पत्ति दिने अभ्यास निरन्तर गर्न सजिलो हुन्छ । सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले २०१२ मा गरेको एक अध्ययनअनुसार महिलाको भूस्वामित्व कायम हुँदा महिला हिंसा ७५ प्रतिशतले घटेको देखाएको छ ।

हाल देशमा भइरहेको संविधान, नीति र कार्यविधिहरूले महिलालाई जमिनको अधिकार दिनका लागि प्रशस्त मार्ग खोलेको छ । संविधान भाग ३, मौलिक हक र कर्तव्यको समानताको हकमा 'पैतृक सम्पत्तिमा लैङ्गिक भेदभावबिना सन्तानको समान हक हुनेछ', धारा ३८ मा महिलाको हकमा 'प्रत्येक महिलालाई लैङ्गिक भेदभावबिना समान वंशीय हक हुनेछ', धारा ३८ को उपधारा ६ मा 'सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ' जस्ता विषय समेटिएको छ ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले महिला सशक्तीकरणमा टेवा पुऱ्याउन र संयुक्त जग्गा धनी दर्ता प्रमाण पुर्जा व्यवस्था कार्यान्वयनमा सहजता ल्याउन बजेट वक्तव्यका आधारमा संयुक्त जग्गा धनी दर्ता प्रमाण पुर्जा जारी गर्नेसम्बन्धी प्रक्रिया, २०७४ समेत जारी गरेको छ । जुनसुकै प्रकारबाट महिलाको नाममा स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखतमा ऐनबमोजिम लगाइएको रजिस्ट्रेसन दस्तुरमा २५ देखि ४० प्रतिशत छूट, एकल महिलाको हकमा रजिस्ट्रेसन दस्तुरमा ३५ प्रतिशतसम्म छूट दिएको छ ।

यीबाहेक नेपालले महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (सिड) मा हस्ताक्षर गरिसकेको छ । महिला र पुरुषबीच भेदभाव भई महिलाको स्थिति पुरुषको भन्दा पछाडि रहेसम्म शान्ति र प्रगति हुन सक्दैन । यिनै विषयलाई ध्यान दिएर महिलाका अधिकार सुरक्षित गर्ने अभिप्रायले पहिलोपटक सन् १९७९ डिसेम्बर १८ मा महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि पारित भयो । जसमा महिलाको हक, हित र विकासका अधिकारको व्यवस्था गरिएको छ । यस अभिसन्धिलाई नेपालले सन् १९९१ अप्रिल २२ मा अनुमोदन गरेको थियो । यस महासन्धिमा यदि महिला आर्थिकरूपले सबल हुने हो भने जमिनको मालिक हुनैपर्छ, परिवार, समाज र देशमा स्वाभिमानी देखिने अरू उपाय छैन भन्ने उल्लेख छ । आर्थिक तथा पारिवारिक लाभको अधिकार, ग्रामीण महिलाको विशेष अधिकारको कुरा यस महासन्धिमा लेखिएको छ ।

महिला अधिकारका लागि निकै महत्त्वका साथ हेरिएको बेइजिङ सम्मेलनले पनि यदि महिला आर्थिकरूपले सबल हुने हो भने जमिनको मालिक हुनुपर्नेमा जोड दिएको छ । संयुक्त राष्ट्रसंघका पूर्वमहासचिव कोफी अन्नानका अनुसार गरिबीमा महिलाको मुहार देखे जसरी सबै जनामा यो ज्ञान हुन जरुरी छ कि उत्पादनमा पुरुषसरह अझ भनौँ धेरै योगदान पुऱ्याउने महिलाले जबसम्म जमिन र घर जस्तो आधारभूत सम्पत्तिमा पहुँच र नियन्त्रण पाउँदैनन्, समाजबाट गरिबी, अन्याय हटाउने कुरा कोरा कल्पना मात्र हुन जान्छ ।

## भूमि आन्दोलनभित्र महिला अधिकारको सवाल

नेपालमा भूमि सुधारको मुद्दा नै ओझेलमा परेकाले वि.सं. २०६१ सालदेखि सङ्गठितरूपमा भूमि अधिकार आन्दोलन सुरु भयो । भूमि अधिकार आन्दोलनको क्रममा विभिन्न मुद्दा बहसमा उठ्न थाल्यो । यीमध्ये भूमिमा महिला अधिकारको बहस पनि एक थियो । यो विषय सजिलो भने थिएन । भूमि अधिकार आन्दोलन सामाजिक न्यायको एउटा मुद्दा थियो । आन्दोलन अघि बढ्यो । किसानले मोहियानी हक पाउन थाले । जुन आन्दोलनका लागि अत्यन्त खुसीको विषय थियो ।

पछि मोही हक पाएका किसानको जीवनमा आएको परिवर्तनबारे अध्ययन गर्दै जाँदा भने मोहीको जग्गाको स्वामित्वचाहिँ अधिकांश पुरुष किसानको नाममा नै हस्तान्तरण भएको पाइयो । भूमि अधिकार आन्दोलन सामाजिक न्यायका लागि उठेको थियो । तर कृषि क्षेत्रमा महत्त्वपूर्ण योगदान गर्ने महिला किसानहरू भूमिको अधिकारबाट वञ्चित भएका पाइयो । यस



विषयलाई आन्दोलनभित्र चासोका साथ छलफल सुरु गरियो । त्यसपछि देशभर भूमिमा महिला अधिकार सुनिश्चित गर्ने विषयमा चिन्तनमनन भए ।

## संयुक्त पुर्जाका लागि भएका सङ्घर्ष

परिवेश हेर्दा महिलाको नाममा भूस्वामित्व बढाउन जग्गा रजिस्ट्रेसन गर्दा राजस्वमा छूट, संयुक्त पुर्जा उपयुक्त माध्यम हो भन्ने निष्कर्षमा पुगियो । राजस्वमा छूट र महिला र पुरुषको नाममा संयुक्त लालपुर्जाको माग राखेर २०६१ देखि २०६७ सम्म निरन्तर आन्दोलन भए । यसबीचमा दर्जनौँ पैदल यात्रा, धर्ना, स्थानीय र राष्ट्रिय बहस तथा गोलमेच अन्तर्क्रिया भए । २०६६ को अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको दिन ११ दिने पैदल यात्रा सुरु गरिएको थियो । दाङको तुलसीपुर, बाँकेको कोहलपुर र कञ्चनपुरको भीमदत्तनगर ३ ठाउँबाट सुरु भएको यात्रा ११ दिनपछि टीकापुरमा सभा गरी समापन गरिएको थियो ।

त्यसलगत्तै २०६७ को अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस पारेर ५० जिल्लाका १ हजार महिलाले काठमाडौँको टुँडिखेलमा किल्ला जमाए । प्रत्येक राजनीतिक दलका कार्यालय र संविधान सभा भवनअगाडि धर्ना बसे । आन्दोलनको आठौँ दिन सरकारका तर्फबाट उपप्रधान मन्त्री र शिक्षा मन्त्रीको तर्फबाट माग सम्बोधन गर्ने आश्वासन मिल्यो । यस्ता विभिन्न मागमध्ये संयुक्त पुर्जा नीति ल्याउने सहमति पनि एक थियो । यद्यपि आन्दोलनमा सहभागी हुन बर्दियाबाट आएका प्रतिनिधिहरू चढेको गाडी दुर्घटना भयो । २ जना अगुवाको मृत्यु भयो । थुप्रै घाइते भए । यता हावाहुरीबाट धर्नामा बसेका सहभागीले ठूलो पीडा बेहोर्नुपर्‍यो । तर पनि भूमिमा महिला अधिकारका लागि भएको यही आन्दोलनले सफलता नजिक पुर्‍यायो । यस सहमतिसहित संयुक्त लालपुर्जा जारी गर्नका लागि प्रधानमन्त्री, गभर्नर, अर्थमन्त्री सबैलाई भेटर कुरा राखियो । अन्ततः २०६८/०६९ को बजेट व्यक्तव्यमार्फत श्रीमान् र श्रीमती दुवैको फोटो राखेर संयुक्त जग्गा धनी पुर्जा बनाउँदा १ सय रुपियाँ मात्र राजस्व लाग्ने नीति आयो ।

रजिस्ट्रेसन शुल्क १ सय रुपियाँ भनिए पनि लेखापढीले लिने खर्च बढी हुने गरेको छ । भौगोलिक हिसावले पनि सदरमुकाम जानुपर्ने झन्झटलाई मध्यनजर गर्दै संयुक्त पुर्जा जग्गा धनी प्रक्रिया विधि पनि भूमि, व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले ल्याएको छ । यसले गर्दा अब संयुक्त जग्गा धनी पुर्जा बनाउने स्वयमूले वा अरूको सहयोगमा अनुसूची फाराम भर्न सक्ने, लेखापढी नचाहिने र २० परिवार भन्दा बढीले एकैपटक बनाउन तयार भएमा मालपोत कार्यालयले गाउँमै गएर संयुक्त पुर्जा बनाइदिने प्रावधान उक्त कार्यविधिमा छ ।

## संयुक्त पुर्जा अभियान

हाम्रो जस्तो पितृसत्तात्मक समाजमा परिवारको महत्त्वलाई राम्रोसँग बुझ्न जरुरी छ । परिवार भन्ने बित्तिकै महिला र पुरुष सदस्यको सम्बन्ध, एकअर्काबीचको माया, प्रेम र सद्‍भावको कुरा आउँछ । त्यसैले अहिलेको परिवेशमा भूमिमा महिलाको अधिकार स्थापित गर्नका लागि संयुक्त पुर्जा उपर्युक्त माध्यम बनिरहेको छ । यसले घर/परिवारमा आपसी मेलमिलापको वातावरण बढाउन मद्दत पुगेको छ । जमिनको अधिकारमा समानता कायम राख्न मद्दत पुगेको छ ।

घर परिवारमा सल्लाह गरेरमात्र घर जग्गा किनबेच हुन थालेको छ । यो अभ्यासले भावी पुस्तालाई पनि त्यही संस्कार विकास गराउँदै लग्न प्रेरणा मिल्छ । त्यति मात्र हैन, भूमिमा महिलाको स्वामित्व कायम हुँदा परिवार र समाजमा महिलाको हैसियत बढाउन मद्दत पुग्छ । महिला पनि वित्तीय कारोवार (ऋण लिन, कुनै उद्यम गर्न, सापटी लिन/दिन) गर्न सक्षम हुन्छन् । सामाजिक न्याय बढाउन सहयोग पुर्‍याउँछ ।

भूमिमा महिला अधिकार सुनिश्चित हुनु भनेको केवल महिलाका लागि मात्र नभई परिवारका अन्य सदस्य, समाज र राष्ट्रको समग्र विकाससँग जोडिएको विषय हो । संयुक्त लालपुर्जा हेर्दा कागजको टुक्रा होला तर यही कागजभित्र शक्ति लुकेको छ । त्यही शक्तिले महिलाको आँट, क्षमता, पहिचान र अन्य क्षेत्रका बन्द ढोकाहरू खोल्न मद्दत पुर्‍याउँछ । जग्गाको स्वामित्वको प्रसङ्गमा भारतको बोधगयाका महिलाहरूको भनाइ यहाँ सान्दर्भिक छ,- "हामीसँग गोडा थियो हिँड्न सकिरहेका थिएनौँ, मुख थियो बोल्न सकिरहेका थिएनौँ, आज हामीसँग जग्गा छ, हामी हिँड्न पनि सक्छौँ र बोल्न पनि सक्छौँ ।" समग्र महिलाको सशक्तीकरणका लागि भूमिमा महिलाको स्वामित्व प्रमुख आधार हो ।

## केही उपलब्धि

नीतिगत व्यवस्थामा आएको परिवर्तनका कारण भूमिमा महिलाको स्वामित्व बढेर गएको छ । २०७८ को जनगणनाको

तथ्याङ्कअनुसार २३.८ प्रतिशत महिलाको नाममा घर जग्गाको पहुँच पुगेको देखिन्छ। यो सङ्ख्या क्रमशः बढ्दो छ।

१० हजार ३ सय ६४ परिवारले २८२५ हेक्टर जमिनमा संयुक्त पुर्जा बनाएका छन्। जिल्लामा भूमिमा महिला अधिकार आन्दोलनपछि अधिकारका लागि वकालत गर्न सक्ने अगुवाहरू निर्माण भई परिचालन भइरहेका छन्। पैदल यात्रा, धर्ना तथा ¥यालीले महिलाहरूलाई अधिकार खोज्न सशक्त बनाएको छ। समुदायका विभिन्न निकायमा नेतृत्व गरिरहेका छन्। राजनीतिक निर्वाचनमा भाग लिन थालेका छन्।

### अभियानमा चुनौती

जब भूमिमा महिला अधिकार आन्दोलन हुँदै थियो, त्यतिबेला नीतिमात्र आए पनि संयुक्त पुर्जा अभियान त सजिलै अघि बढ्छ भन्ने लागेको थियो। जब नीति आयो तब सोचे जति सजिलोसँग परिणाम आउन सकेन। हुन त हाम्रो देशमा महिला आन्दोलनपछि आएका थुप्रै नीति, ऐन र कानुनको कार्यान्वयन पक्ष निकै फितलो देखिएको छ। तर आन्दोलनको तर्फबाट जे सकिन्छ निरन्तर प्रयास जारी छ। पितृसत्तात्मक सोच र चिन्तनले प्रत्येक पाइला पाइलामा गाँजेको छ। परिवार र समुदायमा उत्साह भन्दा हतोत्साह बढी छ। सम्पत्ति महिलाको नाममा जाने कुरा केवल महिलाका लागि मात्र हेर्ने प्रवृत्ति बढी छ। त्यसैले पैत्रिक सम्पत्ति पुरुषमा हस्तान्तरण हुने परम्परा छ। महिलालाई सहायकका रूपमा लिइन्छ, पुर्जामा ल्याप्चे हान्न मात्र बोलाउने गरिन्छ।

भूमिसम्बन्धी काम गर्ने कार्यालय अहिले पनि जिल्ला सदरमुकाममै छ। ती कार्यालयमा महिला कर्मचारी छैनन्। भए पनि सीमित छन्। धेरै परिवारको जग्गा धनी पुर्जा बैङ्कमा धितो राखिएको छ। नीतिहरू अझै लैङ्गिकमैत्री छैनन्। महिलाका नाममा भूमिको स्वामित्व जाने कुरालाई भूमिसम्बन्धी काम गर्ने कार्यालय, परिवारका सदस्य, गाउँ समुदाय र राजनीतिक व्यक्तित्वले धेरै नै सतही तरिकाले लिने प्रचलन बढी छ। मालपोत कार्यालयका केही कर्मचारीले यससम्बन्धी नीति तथा प्रक्रिया कार्यान्वयनमा आलटाल गर्न खोज्नु पनि अहिलेको चुनौती बनिरहेको छ।

महिलाहरू अहिले पनि घरेलु हिंसालगायतका समस्याबाट ग्रसित छन्। हिंसापीडित महिलाहरूको उद्धार र संरक्षणका लागि काम भैरहेको छ। तथापि हामीले हिंसाको कारणमा काम गर्न सकिरहेका छैनौं। महिला अधिकारका लागि समानताको बहस गरिरहेका छौं तर समानताका लागि महिलाको सम्पत्तिमाथिको अधिकारका बारेमा बहस कम भइरहेको छ।

### अवसर

संविधान, नीति र कार्यविधिहरूले महिलालाई जमिनको अधिकार दिनका लागि प्रशस्त मार्ग खोलेका छन्। करिव २० वर्षपछि स्थानीय निर्वाचन भयो। हरेक गाउँपालिका र नगरपालिकामा जनप्रतिनिधिको समूहमा उपाध्यक्ष, उपप्रमुखमा महिला निर्वाचित भने क्रम सुरु भयो। न्यायिक समितिको संयोजन पनि उनीहरूले नै गर्दैछन्। त्यसैले लैङ्गिक समानताका लागि संयुक्त पुर्जाको अभियान अब स्थानीय तहको नीति तथा कार्यक्रममा समावेश गरेर अभियानकै रूपमा अगाडि बढाउने अवसर आएको छ।

साथै, सरकारी कार्यालय स्थानीय तहमै हुनुले पनि काममा सहजता ल्याएको छ। भूमिसम्बन्धी काम पनि अब स्थानीय तहबाटै सुरु गर्नुपर्दछ। संयुक्त जग्गा धनी पुर्जा प्रक्रिया विधिले आधा झन्झट हटाएको छ। यसले काममा गति दिनेछ। अहिले धेरै सङ्घ/संस्थाले पनि भूमिमा महिला अधिकारका लागि काम गर्ने चासो देखाएका छन्। यस अभियानमा सहजकर्ता थपिएका छन्।

प्राकृतिक प्रकोपपछिको पुनर्निर्माणका लागि र हलिया, कमैया, भूमिहीन सुकुमबासी, दलित भूमिहीन र अव्यवस्थित बसोबासीहरूलाई सरकारले जग्गा उपलब्ध गराउँदा संयुक्त स्वामित्व हुनेगरी नीतिमै तोकिएको छ। पछिल्लो समय मिडियाले पनि भूमि र भूमिमा महिलाको स्वामित्वलाई प्राथमिकतासाथ बाहिर ल्याइरहेका छन्। यी अवसरले भूमिमा महिलाको स्वामित्व बढाउन मद्दत पुऱ्याइरहेको छ।

### सिकाइ

कुनै पनि नीतिगत परिवर्तनका लागि एउटै मुद्दामा निरन्तररूपमा अभियान उठाउन जरुरी हुने रहेछ। यही निरन्तरताले सरकार १ सयमा संयुक्त पुर्जा बनाउने नीति ल्याउन बाध्य भयो। हाम्रो परिवेशमा जसरी नीति र कानुन ल्याउन सङ्घर्ष गरिन्छ, त्यसरी नै नीतिलाई व्यवहारमा उतार्नका लागि पनि खट्नु जरुरी हुने रहेछ। सरकारले नीति ल्याएपछि त्यो प्रणालीगत हिसावले सबै तह र तप्कामा लागु हुनुपर्ने हो तर त्यसो हुन सकेन। संयुक्त पुर्जाको नीति आएपछि कार्यान्वयनका लागि अभियान नै गरेर लागिएका कारण केही उपलब्धि आएका हुन्। अन्यथा नीति कार्यान्वयन हुन नसक्ने रहेछ।

शिविर, धर्ना, यात्रा तथा सभा जस्ता अभियानका गतिविधिले अगुवाहरूको क्षमता विकासमा महत्त्वपूर्ण भूमिका खेल्यो। तसर्थ अगुवाहरूको क्षमता विकासका लागि कोठाभित्रको तालिम, कार्यशालाको साथसाथमा बाहिरको परिचालनसम्बन्धी योजनाहरू पनि जरुरी हुन्छ।

### आगामी कदम

अब संविधानको मौलिक हकअन्तर्गतको समानताको हकमा 'पैत्रिक सम्पत्तिमा लैङ्गिक भेदभावबिना सन्तानको समान हक हुनेछ' भन्ने विषयलाई बहसमा ल्याउन जरुरी छ। भूमिमा महिला अधिकारको महत्त्वको विषयलाई स्थानीय सरकारअन्तर्गत रहेको न्यायिक समितिहरूले पनि अभियान चलाउनुपर्छ। स्थानीय सरकारको नीति तथा कार्यक्रमहरूमा संयुक्त पुर्जालाई प्राथमिकतामा राखेर कार्यान्वयनमा जोड दिइनुपर्छ। साथै सञ्चार माध्यम र शिक्षण संस्थाहरूले हालसम्म भूमिमा महिला अधिकारसम्बन्धी भैरहेका कार्य र यसबाट आएका नतिजाको प्रभावबारे अध्ययन गरेर बाहिर ल्याउन आवश्यक छ। लैङ्गिकमैत्री नीतिको वकालत (जस्तो- संयुक्त पुर्जालाई अनिवार्य गर्ने कानुन) गर्नुपर्छ। यस अभियानमा शैक्षिक सङ्घ/संस्थाको संलग्नता, अध्ययन र प्रचार पनि जोड्नु आवश्यक छ। ✿



कुमार थापा

# चुरे संरक्षणमा स्थानीय



### घटना १

इन्द्रबहादुर रुम्बा। वर्ष ६६। त्यति कान सुन्दैनन्। ४ कठ्ठा ढुङ्ग्यान पाखो बारी छ। मकै र बोडी लगाउँछन्। ३ महिना खान पुग्छ। ३० वर्ष भयो त्यही ढुङ्ग्यानमा मकै उमार्न थालेको। घरमा उनी र श्रीमती छन्। बाँस र खरले बनेको ढल्नै लागेको झुपडी।

२०५२ सालमा मकवानपुरको निमनडाँडा गाविस पान्द्राङमा पहिरोले घर पुऱ्यो। ३ कठ्ठा ऐलानी जमिन पहिरोसँगै बग्यो। आफन्त गुमाए। कमानेमा आइ ७ वर्ष अरूको जमिन कमाए। २०५९ सालमा उनी चुरे पसे। वनमारा र घोडताब्रेका बुटा फाँडे। उनको हातमा बाँस र निगालाको काम गर्ने सिप छ। त्यसैले निगालो र बाँस लगाए। वैशाखदेखि असारसम्म खेतीको काम गर्छन्। न उनले चुरे मासे न वनका काठ नै काटे। वनमारा उम्रेको ठाउँमा मकै फलाए। भिरालो पाखामा, बाँस र निगालो।

### घटना २

निजगढ-२, बाराका ६८ वर्षीय टीकाबहादुर तिमिल्सिना २०१६ सालमा काभ्रेको ढोके डाँडामा बाढीबाट बिस्थापित भए। बाराको निजगढ आए। प्रशासनको धम्कीले धेरै टिक्न सकेनन्। ३ वर्षपछि मकवानपुरको सचिन भन्ने ठाउँमा पुगे। पहिरोले २ वर्ष पनि टिक्न दिएन। फेरि लालाबाला च्यापेर मकवानपुरकै धारापानी भन्ने ठाउँमा सरे। खनीखोस्री ज्यालाबनी गरेर जीविका चलाउँदै थिए। २०४४ सालमा सरकारले आगो लगाइ घरबास उठाइदियो।

अनि हेटौँडा बजार र काठमाडौँमा भारी बोक्दै गुजारा टार्न थाले। बच्चा हुर्काउनै पऱ्यो। बिरालोले बच्चा सारेझैँ विभिन्न ठाउँमा सर्दै गरे। उनी भन्छन्- धेरै कठिन भयो बालबच्चा हुर्काउन। खेती नै गरेर गुजारा टार्ने भनेर फेरि २०५३ सालमा बाराको निजगढमा आयौँ। एमाले र कङ्ग्रेसको सहमतिमा बाँफो रहेको चौरमा घर बनाउन दिए। ज्यालाबनीका काम गर्न थाल्यौँ।

### चुरेको महत्त्व

जलको भण्डार चुरे हो भने अन्नको भकारी मधेस। चुरे दोहनले जल भण्डार नष्ट हुँदैछ। र, अन्न भण्डार पनि खस्कँदो छ। धान भुल्ने फाँटहरू बालुवा गिट्टीले पुरिँदैछन्। तराई आधा नेपाल हो। एकतिहाइ भन्दा बढी जनसङ्ख्या चुरेआसपास बसोबास गर्छन्। दाना, पानी, वायु, जडीबुटी, फलफूल, कन्दमूललगायत खाद्यवस्तु उनीहरू चुरेबाटै उपभोग गर्छन्।

हाम्रो अन्नभण्डारसँगै ५० प्रतिशत मानिसको क्षेत्र जोगाउन चुरेको अस्तित्व बचाइराख्नुपर्छ। चुरेबाट उपलब्ध प्राकृतिक स्रोतले नै तराईलाई थेग्छ। यसलाई नजोगाउँदा ठूलो जनधनको क्षति हुन्छ। अब पनि चुरेलाई बेवास्ता गर्ने हो भने अधिकांश जमिन गिट्टी र बालुवाको कङ्क्रिटमा परिणत हुने देखिन्छ।

चुरे र भावर क्षेत्रले मधेसका निम्ति भूमिगत जल भण्डारको काम गरेका छन्। कतिपय खोलानाला मौसमी प्रकारका छन्। वर्षातमा मात्रै पानी देखिन्छन्, हिउँदमा सुक्खा। तर सुक्खा भए पनि जमिनमुनि पानी हुन्छ। उक्त पानीलाई सिपेज वाटर रेजिङ प्रविधिमार्फत उपयोगमा ल्याउन सकिन्छ। तराईमा पानीको मुख्य स्रोत भूमिगत जलस्रोत नै हो र यो चुरेकै कारण सम्भव भएको हो। चुरेको पहाड सकिने बित्तिकै रहेको क्षेत्रलाई हामी भावर भन्छौँ। त्यसले पानी सोस्छ र तल भण्डारण गर्छ। त्यही पानी अलि तल मधेसमा पुग्दा प्रयोग गरिन्छ।

जैविक विविधताको दृष्टिकोणबाट पनि चुरे संरक्षण उत्तिकै महत्त्वपूर्ण छ। चितवन राष्ट्रिय निकुञ्ज, पर्सा निकुञ्जलगायत चुरे क्षेत्रमा पर्छन्। यहाँ प्रशस्त जैविक विविधता पाइन्छ। चुरे क्षेत्रले आफ्नो भौगोलिक आकार र विशेषताअनुसार संरक्षण पाउन सकेन। यस्तै नियति भोग्दै जाँदा देशको एउटा भौगोलिक तथा जैविक क्षेत्र नै विनास हुने खतरा पनि छ।

### चुरे दोहन

दुई दशकदेखि तराई-मधेसमा पिउने पानीको समस्या चुलिँदो छ। बाढी र

डुवानको वितण्डा खपिनसक्नु छ। कुनैबेला वरदान भएको चुरे अहिले किन अभिशाप बन्यो ? यसको दोषी को ? राज्य, चुरेमा बस्ने नागरिक या आमजनता ? अनगिन्ती प्रश्न अनुत्तरित छन्। बाहिरबाट चुरे पढ्नेले 'चुरेको उत्पादन बालुवा, गिट्टी, ढुङ्गा, काठ हो भनेर बुझे अनि चुरेको दोहनले तीव्र रूप लियो। वन फँडानी बढ्यो, खोला खोल्सीहरूमा डोजर र ट्याक्टर चले।

सरकारसमेत भारतलाई चुरेको गिट्टी, ढुङ्गा र बालुवा बेच्न तत्पर देखियो। ढुङ्गा, बालुवा र गिट्टी निकासी गर्न चुरे क्षेत्र उत्खनन गर्न दिने घोषणा नेपालको तराई क्षेत्रलाई मरुभूमीकरण गर्ने, बाढी, डुबान र पानीको स्रोत सुक्ने समस्यामा पार्दै जनजीवनलाई नै जोखिमयुक्त बनाउने राष्ट्रघाती र जनघाती हो जुन सरकार स्वयंले गरेको थियो। चुरेको स्रोतलाई दोहन गर्न पल्केकाहरूले झन् सीमित स्वार्थका लागि चुरे सिध्याउने नै भए। यसले चुरेको विनासमा सरकार तथा मातहतका निकाय बुख्याँचा मात्र हैन, आफैँ दोहनकारी भएको देखिन्छ।

स्थानीय सरकार आएसँगै चुरे क्षेत्रमा बुल्डोजरको जगजगी बढेको छ। गाई/गोरुको यात्राले समेत छियाछिया हुने कमसल बुल्डोजरले खलबलिएको छ। पूर्वाधारको विकास तथा विस्तारका नाममा अत्यधिक दोहन भइरहेको छ। चुरे संवेदनशील क्षेत्र हो त्यसैले विकासको काम गर्दा यसको मर्मलाई पनि बुझ्नुपर्छ।

चुरे छरिएर बसेको बस्ती हो, घर-घरमा बाटो पुऱ्याउन सम्भव छैन। राज्य र नागरिक दुवै पक्षको विकासे योजनाअनुसार बाटो, पार्क, पिकनिक स्पोर्टलगायतका संरचनाहरू बनाउनाले चुरेको मौलिकता मात्र हैन, पानीका मुहानहरू पनि मासिँदै गएको छ।

## संरक्षणको प्रयास

सरकारले २०६६ सालदेखि राष्ट्रपति चुरे संरक्षण कार्यक्रम सुरु गऱ्यो। २०७१ सालको असारमा राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास समिति गठन गरेर सरकारले संरक्षित क्षेत्रका रूपमा घोषणा पनि गरेको थियो। २०६२ मा सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले चुरेको वास्तविकता, संरक्षण र जनजीविकाका विषयमा गरेको अध्ययन प्रतिवेदनअनुसार चुरेका नागरिकहरूको अधिकार, स्थानीय ज्ञान, सिप क्षमताको उपयोगसहित चुरेको संरक्षण गर्नुपर्ने अध्ययनको निष्कर्ष थियो।

सरकारले चुरे संरक्षणका लागि ठूलो धनरासी खर्चेर अभियान चलाएको १५ वर्ष पुग्नै लाग्यो। चुरे संरक्षणको अभियानले केही उपलब्धि भएको छैन भन्न पनि मिल्दैन। तर जति हुनुपर्ने हो त्यो नभएकोचाहिँ पक्कै हो। महोत्तरीमा सामुदायिक विकास तथा पैरवी मञ्च नेपालले पुनर्भरण पोखरी, नदी उकास जग्गाको उपयोग, खहरे खोल्सीमा चेक ड्याम बनाइ पानी सङ्कलनलगायतको काम गरी चुरे संरक्षणको राम्रो प्रयास गरेरको छ। यी काम सरकार र अन्य सङ्घ/संस्थाले सिक्न लायक छ तर त्यतिले मात्र पनि चुरे संरक्षण हुँदैन।

चुरे संरक्षणका लागि धेरै वातावरणविद् हरूले चासो र चिन्ता व्यक्त गर्न थालेका छन्। अध्ययन र अनुभवका आधारमा उनीहरूका धेरै विचार ठीक छन्। तर चुरे संरक्षणको विषयमा उनीहरूको मात्र ज्ञान अपूर्ण हुन सक्छ। पुस्तौँदेखि चुरेमा बसोबास गर्ने चुरेवासीको रैथाने ज्ञान, सिप र क्षमतालाई पनि समावेश गरी चुरे संरक्षण गर्दा बढी प्रभावकारी हुने देखिन्छ।

## सुरू गरौँ 'चुरे जोगाउँ' जनअभियान

संसारका धेरै देशले मरुभूमिलाई हरियालीमा परिणत गरेका छन्। कति देशमा नेपालबाट मजरा (कृषि फाम) मा नेपाली युवाले काम गरिरहेका छन्। हामी भने भएको हरियालीलाई समेत संरक्षण गर्न नसकेर मरुभूमीकरणतर्फ उन्मुख गराइरहेका छौँ। अब यसरी चूप लागेर हुँदैन जुन हालतमा पनि चुरे दोहन रोक्नैपर्छ। नाङ्गा पाखामा वृक्षरोपण गर्ने र भएका वृक्षहरू जोगाउँदा पनि चुरेको घाउमा ५० प्रतिशत मलमपट्टी लाग्छ तर त्यतिले मात्र चुरेले गुमाएको तागत फर्कँदैन।

चुरे जोगाउने मानवले नै हो। त्यसैले मानवसहितको चुरे संरक्षण गर्न जरुरी छ। चुरे संरक्षण स्थानीय जनजीविकासँग जोडिएको विषय हो। खेतीयोग्य र बस्नयोग्य भूमिहरूको पहिचान गर्नुपर्छ। र, कुन जग्गामा कस्तो खेती गर्ने ? कस्तो बाली बिरुवा लगाउने ? यी विषयमा माटोको जाँचसहित भूगर्भ अध्ययन गर्नुपर्छ यसका लागि ३६ जिल्लाका चुरे क्षेत्रमा पर्ने सबै स्थानीय सरकारले पहिलो चरणमा भूमिको वर्गीकरणसहित भूउपयोग योजना बनाउन जरुरी छ। यसले खेती र बस्तीलाई व्यवस्थापन गर्न सकिन्छ। र, बाँकी रहेको अन्य जमिनमा भूगर्भ अध्ययनका आधारमा के गर्ने भन्ने विषयमा विज्ञ र स्थानीय समुदायको सुझावअनुसार स्थानीय तहले संरक्षणको काम थाल्नुपर्छ।

चुरे संरक्षणमा हाम्रो सोच बदल्न जरुरी छ। हामीले गिट्टी र बालुवा हैन, फलफूल बिक्री गर्ने नीति लिने हो। जसका लागि नदी उकास जग्गाहरूमा फलफूलका बिरुवा लगाउन सकिन्छ। चुरेको माथिल्लो भागमा वृक्षरोपण गर्दा पनि वन तथा कृषि बालीको वर्गीकरणअनुसार लगाउने। यसले जीविका र संरक्षण दुवैमा सहयोग पुग्छ। साथै खाद्यान्नको आयात पनि घट्छ। यसका लागि तराई-चुरे हरित जनअभियान सञ्चालन गर्नुपर्छ। यसले खल्बलिएको चुरेलाई सन्तुलित बनाउन मद्दत पुग्छ।

राष्ट्रिय भूमि आयोगले भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थीत परिवारको व्यवस्थापनका लागि काम गरिरहेको छ। चुरेमा यी तीनै सवाल पीडितहरूको बसोबास छ। त्यसैले भूउपयोग योजना र भौगर्भिक अध्ययनका आधारमा व्यवस्थापन गर्नुपर्छ। त्यसबाट त्यहाँका बासिन्दामा चुरेको अपनत्व र संरक्षण दुवै बढेर जान्छ।

चुरे, भावर र तराई क्षेत्रका भूभागमा रहेको खडेरीको समस्यालाई दीर्घकालीनरूपमा न्यूनीकरण र निवारण गर्न स्थानीय जनतासँगको सहकार्यमा वर्षातृको पानी सङ्कलन, जल तथा जलाधार व्यवस्थापनका कार्यक्रम कार्यान्वयन गर्न अत्यावश्यक देखिन्छ। जसका लागि चुरे तथा चुरे आसपासको क्षेत्रमा क्षतिग्रस्त भूमि पुनर्उत्थान, पुनर्भरण पोखरी, खहरेखोल्सीहरूमा चेक ड्याम बनाइ पानी सङ्कलनलगायतका कार्य गर्न सकिन्छ।

चुरे प्रकृतिको अनुपम उपहार हो। चुरेले निःशुल्क दिएको प्राकृतिक उपहारको संरक्षण गर्न ढिला नगरौँ। नागरिक, वातावरणविद्, सरोकारवाला र सरकार सबैको सहभागितामा चुरे जोगाउन जनअभियानहरू थालनी गरौँ।



# भूमि नीति र ऐनको कार्यान्वयन नै आजको प्राथमिकता

**भर्खरै नापी विभागबाट प्रशिक्षण केन्द्रमा जानुभएको छ, अहिलेको व्यस्तता केमा छ ?**

प्रशिक्षण केन्द्रको सञ्चालन र व्यवस्थापनसम्बन्धी विधि, प्रशिक्षण केन्द्रद्वारा सञ्चालनमा रहेका शैक्षिक र प्राज्ञिक कार्यक्रम, व्यावसायिक तालिम प्रशिक्षण, वार्षिक कार्यक्रम र बजेटलगायत विविध पक्षहरूको जानकारी लिने काम गरिरहेको छु। त्यसबाहेक विभिन्न समूहका प्रशिक्षार्थीहरूलाई प्रशिक्षण दिने कार्यमा पनि संलग्न छु।

**सरकारले भर्खरै भूउपयोग नियमावली २०७९ को पहिलो संशोधन गरेको छ, यसमा संशोधन भएका वा थपिएका मुख्य व्यवस्था के के छन् ?**

सरकारले भूउपयोग नियमावलीको पहिलो संशोधन २०८० साउन ३२ गतेको नेपाल राजपत्रमा प्रकाशित गरेको छ। यस संशोधनअनुसार प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्रमा भूउपयोग कार्यक्रम सञ्चालन गर्ने समयावधि २ वर्ष तोकेको छ। भूउपयोग कार्यक्रम सञ्चालन नहुँदासम्म आफ्नो क्षेत्रभित्र कम्तीमा ४ किल्ला तोकी कृषि क्षेत्र निर्धारण गर्न १ वर्षको समयावधि थप गरेको छ। त्यस्तै कित्ताकाट गर्ने प्रयोजनका लागि व्यावसायिक क्षेत्रमा पनि आवासीय क्षेत्रसरहको मापदण्ड लागु हुने व्यवस्था गरेको छ।

कित्ताकाट गर्ने प्रयोजनका लागि सम्बन्धित निकायबाट जग्गा विकास अनुमति लिइ नक्सा स्वीकृत गरिसकेको स्थानमा र सम्बन्धित स्थानीय तहबाट सडक बाटो आदि मापदण्ड लागु भएको स्थानमा सो स्थानीय तहको सिफारिसमा ८० वर्गमिटर भन्दा कम नहुने गरी कित्ताकाट गर्न सकिने व्यवस्था गरेको छ। यसअघि यो १३० वर्गमिटर थियो। यसैगरी नेपाल सरकारद्वारा सञ्चालित विभिन्न विकास निर्माण आयोजनाका लागि जग्गा प्राप्त गर्दा, नेपाल सरकारको नाममा जग्गाको लगत कट्टा गर्दा, मोही र जग्गा धनीको बीच जग्गा बाँडफाँड गर्दा, अंशबन्डा वा अंश भर्पाइ गर्दा, साविकदेखि नै भोगचलन गरिआएको जग्गा नापी गरी कित्ता कायम गर्दा पनि कित्ताकाट गर्न सकिने प्रावधानहरू थप भएका छन्।

साथै, यसअघि वर्गीकरण गर्दा व्यक्तिको नम्बरी जग्गा सार्वजनिक उपयोगलगायत फरक किसिमले वर्गीकरण भएको वा कुनै त्रुटि भएकामा सच्याउन सकिने, एउटै कित्ता जग्गा २ वा २ भन्दा बढी किसिममा वर्गीकरण भएको छ भने वर्गीकरण भएअनुसार फरक फरक किसिमको फरक फरक कित्ता कायम गर्न सकिने, कित्ता मिलान गर्न सकिनेलगायत व्यवस्था थप गरिएका छन्।

**भूउपयोग योजना तर्जुमा र वर्गीकरणको कार्य स्थानीय तहले मात्रै नभएर प्रदेश र सङ्घीय सरकारले पनि बनाउनुपर्ने थियो। यो काम सङ्घ र प्रदेशले किन अघि नबढाएका होलान् ?**

भउपयोग ऐन, नियमअनुसार वर्गीकरणको कार्य स्थानीय तहले गर्नुपर्ने हुन्छ। तर भूउपयोग योजना ३ वटै सरकारले आआफ्नो अधिकार क्षेत्रबमोजिम आआफ्नो तहको आफैँले बनाउनुपर्ने व्यवस्था गरिएको छ। सङ्घ, प्रदेश र स्थानीय सरकारले आआफ्नो तहको भूउपयोग योजना तयार गरी लागु गर्नुपर्ने हुन्छ।

यो कार्य हालसम्म कुनै पनि सरकार वा तहले गरेको जस्तो लाग्दैन। सङ्घीय तहमा र प्रत्येक प्रदेशमा सङ्घीय र प्रादेशिक भूउपयोग परिषद् रहने व्यवस्था ऐनले गरेको छ। हालसम्म सङ्घमा वा कुनै पनि प्रदेशमा सो परिषद् गठन भएको जानकारी छैन। स्थानीय तहमा भने स्थानीय कार्यपालिकाले नै स्थानीय भूउपयोग परिषद्को काम गर्ने व्यवस्था रहेकाले परिषद् त छ तर त्यसले प्रभावकारी काम गरेको अवस्था देखिएको छैन। यसरी भूउपयोग कार्यक्रम लागु नहुनु वा भूउपयोग योजना तर्जुमा नहुनुमा सरकारको चासो, प्राथमिकता, जनशक्ति, क्षमता, स्रोत/साधनको उपलब्धता, इच्छाशक्तिलगायत विषयहरू हुन सक्छन्।

**एकातिर भूउपयोग योजना तर्जुमा र वर्गीकरणको काम अघि बढिरहेको छ अर्कोतर्फ कित्ताकाट खोलिदिँदा यसको असर कस्तो पर्ला ? फाइदा वा बेफाइदा कस्तो होला ?**

कित्ताकाट पहिले बन्द भएको र अहिले खुलेको भन्ने होइन। स्थानीय तहले आफ्नो क्षेत्रभित्रको जग्गाको वर्गीकरण गरेर मात्र कित्ताकाट गर्नुपर्ने भन्ने व्यवस्था लागु गरिएको हो। जुन स्थानीय तहले आफ्नो क्षेत्रभित्रको जग्गाको वर्गीकरण गरे वा कम्तीमा कृषि क्षेत्र निर्धारण गरे ती स्थानीय तहमा कित्ताकाट भइरहेकै हो। जुन स्थानीय तहले वर्गीकरण गरेनन्, त्यसमा कित्ताकाटको कार्य भएन किनभने कानुनले नै वर्गीकरणपश्चात मात्रै कित्ताकाट गर्नुपर्ने व्यवस्था गरेको छ। कित्ताकाट नहुँदा व्यक्तिका कतिपय व्यवहार रोकिएको अवस्था हो। त्यसै विषयलाई सम्बोधन गर्न स्थानीय तहलाई जग्गाको पूर्ण वर्गीकरण नहुँदासम्मका लागि ६ महिनाभित्र कृषि क्षेत्र मात्रै भए पनि छुट्याउन र यसरी छुट्याइएको स्थानमा कित्ताकाट गर्न सकिने व्यवस्थासमेत गरिएको हो।

गत वर्षको मंसिर २३ गतेभित्र नै भूउपयोग योजना तर्जुमा एवं वर्गीकरण सक्नू भन्दै स्थानीय तहलाई सङ्घीय सरकारले पत्र काटेको थियो तर तोकिएको समयमा कुनै पनि स्थानीय सरकारले त्यो

काम गर्न सकेनन्, यसको कारण के थियो ?

यसका विभिन्न कारण हुन सक्छन् । सबै भन्दा महत्त्वपूर्ण कारण स्थानीय तहमा यस विषयको जानकारी नहुनु, यसमा काम गर्न सक्ने जनशक्ति र प्रविधि नहुनु नै हो भन्ने लाग्छ । तर स्थानीय तहको चासो, यस विषयप्रतिको गम्भीरताको अभावलगायत पनि हुन सक्छ । कतिपय अवस्थामा बुझाइको कमी, स्वार्थ बाझिने वा स्वार्थको टकराव जस्ता कारणले पनि यो काम नभएको हुन सक्छ । यस विषयलाई आमजनमानसमा सुसूचित गर्ने किसिमले र स्थानीय तहको क्षमता विकास गर्ने गरी समानान्तर कार्यक्रम, निर्देशिका, कार्यविधिलगायत पनि समयमा सञ्चालन गर्न नसकिएको हो कि भन्ने पनि लाग्छ ।

**अबको कानुनअनुसार स्थानीय, प्रदेश र सङ्घीय सरकारले भूउपयोग योजना र वर्गीकरण कहिलेसम्म गरिसक्नुपर्ने व्यवस्था गरिएको छ ?**

भूउपयोग नियमावलीमा नेपाल सरकारले २०८० साउन ३२ गते पहिलो संशोधन गरी नेपाल राजपत्रमा प्रकाशित गरेको छ । यस संशोधनअनुसार अब प्रत्येक स्थानीय तहले यो संशोधन प्रकाशित भएको मितिले १ वर्षभित्र अर्थात २०८१ साउन मसान्तसम्ममा आफ्नो स्थानीय तहभित्रको क्षेत्रमा ४ किल्ला खुलाइ कृषि क्षेत्र निर्धारण गरिसक्नुपर्नेछ । साथै प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्रभित्र भूउपयोग कार्यक्रम लागु गर्न नेपाल राजपत्रमा सूचना प्रकाशन गर्नुपर्ने र सो सूचना प्रकाशित गरेको मितिले २ वर्षभित्रमा उपयोग सञ्चालन गर्नुपर्ने व्यवस्था गरेको छ ।

भूमिको वर्गीकरण स्थानीय तहले नै गर्नुपर्ने भएकाले प्रदेश र सङ्घीय सरकारले वर्गीकरण गरिरहनु परेन । प्रदेश र सङ्घीय सरकारले प्रादेशिक र सङ्घीय भूउपयोग योजना भने तयार गर्नुपर्ने हुन्छ । तर कानुनले यसका लागि कुनै समयसीमा नतोकेको भए पनि स्थानीय भूउपयोग योजना बनाउनुपूर्व नै सङ्घीय र प्रादेशिक भूउपयोग योजना तयार गरिसक्नुपर्ने आशय कानुनको रहेको देखिन्छ ।

**राज्यले बाध्यकारी बनाएर गर्न लागिएको भूमिको वर्गीकरणका फाइदाचाहिँ के/के छन् ?**

भूमिको व्यवस्थित र महत्तम उपयोग सुनिश्चित गर्न सकिन्छ । यसबाट कृषियोग्य जग्गाको पहिचान, उपयोग र संरक्षण हुन्छ । जसले गर्दा कृषि उत्पादन वृद्धि र खाद्य सुरक्षाको प्रत्याभूमिमा मद्दत पुग्छ । स्वच्छ, सुन्दर, सुरक्षित र मर्यादित बसोबासको व्यवस्था गर्न/गराउन सकिन्छ । व्यवस्थित र योजनाबद्ध शहरीकरणमा सघाउ पुग्छ । व्यवस्थित व्यावसायिक र औद्योगिक क्षेत्रहरूको विकास गर्न भूमिको उपलब्धता र व्यवस्था सुनिश्चित गर्न सकिन्छ । वातावरण संरक्षण, जैविक विविधताको रक्षा, वन, राष्ट्रिय निकुञ्ज र संरक्षित क्षेत्रलगायत विविध प्राकृतिक स्रोत/साधनहरूको संरक्षण र विकासमा योगदान पुऱ्याउन सकिन्छ । जलवायु परिवर्तन, विभिन्न मानवीय गतिविधि र प्राकृतिक कारणबाट सिर्जना हुने प्रकोपहरूको जोखिम न्यूनीकरण गर्न सकिन्छ । समग्रमा मानव जीवनका सम्पूर्ण सामाजिक, आर्थिक र वातावरणीय गतिविधिहरूलाई व्यवस्थित ढङ्गबाट दिशानिर्देश गर्न र दिगो विकासको अवधारणा कार्यान्वयमा भूउपयोग योजनाले ठूलो योगदान पुऱ्याउन सक्ने देखिन्छ ।

**सरकारले भूमिहीनलाई जग्गा वितरण गर्नका लागि २०७६ सालदेखि नै आयोग बनाएर काम सुरु गरेको भए पनि अहिलेसम्म पनि देखिने गरी लालपुर्जा वितरण हुन सकेन । यसमा नापी गर्ने प्राविधिक जनशक्तिकै अभाव भएको कारण पनि ढिलाइ भएको भन्छन्, यसको अन्य कारण पनि छन् ?**

यसलाई विभिन्न किसिमले हेर्न सकिन्छ । पहिलो, आयोग गठन भएको केही समय आयोगको काम कारबाही सुचारु गर्नेसम्बन्धी व्यवस्था गर्न, आयोगको कार्यालय, भवन, भौतिक पूर्वाधार, कर्मचारीलगायत व्यवस्था गर्न, विभिन्न किसिमका निर्देशिका, कार्यविधि, फारमलगायत तयार गर्न, बजेट कार्यक्रम तर्जुमा गर्नेलगायत प्रशासनिक क्रियाकलापमा केही समय लाग्यो । त्यसपछि जिल्ला समितिहरूको गठनलगायत कार्यमा थप समय लाग्यो । आयोगले त्यसपछि कार्य सुरु गरी विभिन्न स्थानीय तहमा तालिम, अनुशिक्षण, गोष्ठीलगायत क्षमता विकासका कामहरू गऱ्यो । स्थानीय तहहरूसँग सहमति र सम्झौता गरी तथ्याङ्क सङ्कलन कार्य सुरु गरेको थियो । साथसाथै सङ्कलित तथ्याङ्कलाई अनलाइन प्रणालीमा व्यवस्थित ढङ्गबाट सुरक्षित राख्न कम्प्युटर प्रणालीको विकास गरेको थियो ।

यसैबीचमा एउटा आयोग विघटन भयो । फेरि नयाँ आयोग गठन हुन समय लाग्यो । नयाँ आयोगलाई काम सुरु गर्न र लय समात्न स्वाभाविकरूपमा केही थप समय लाग्ने नै भयो । नयाँ आयोगले फेरि काम सुरु गर्न लाग्दा निर्वाचन आचारसंहिता लागु भै कामकाज गर्न कठिनाइ देखियो । नयाँ निर्वाचनबाट स्थानीय तहमा नयाँ नेतृत्व आयो जसलाई फेरि यस कामबारे प्रशिक्षण दिनुपर्ने भयो । यति गरिसकेपछि हाल लगभग ७ सय भन्दा बढी स्थानीय तहसँग समझदारी भै तथ्याङ्क सङ्कलनको कार्य लगभग समापनतिर पुगेको र नापजाँचको कार्य सुरु भएको छ । जनशक्तिको कमी त छ नै ।

७५३ स्थानीय तहमा काम सुरु गर्न जम्मा ६०० नापी प्राविधिकको दरबन्दी स्वीकृत भएको छ । नापी कार्यालयहरूको आफ्नै कार्यबोझ छ । आयोगको काममा नापी कार्यालयको भूमिका चेकजाँचसम्म सीमित छ । यावत सीमितताका बाबजुद जग्गा नापजाँचको कार्य सुरु भै केही स्थानबाट पुर्जा वितरणको कार्य पनि सुरु भएको र करिव ५ हजार भन्दा बढी जग्गा धनी प्रमाण पुर्जा वितरण भएको छ । अहिलेसम्म अधिकांश तयारी कार्यमा समय लागेको र अब नापजाँच सुरु भएपश्चात पुर्जा वितरणको कार्यले निरन्तरता पाउने र छिटो प्रगति देखिने अवस्था सिर्जना भएको छ ।

**स्थानीय सरकारले भनिरहेका छन्, भूमिहीन र अव्यवस्थित बसोबासीलाई लालपुर्जा वितरण गर्न, जग्गा दर्ता गर्नका लागि पटक-पटक सार्वजनिक सूचना जारी गर्नुपर्दा ठूलो खर्च भयो । धान्न नसकिने भयो भन्दैछन्, यसलाई कसरी सरलीकरण गर्न सकिएला ?**

यो खासै ठूलो समस्या हो जस्तो लाग्दैन । सार्वजनिक सूचना प्रकाशनका माध्यमहरू विभिन्न हुन सक्छन् । पटक-पटक राष्ट्रिय दैनिकमा नै सूचना प्रकाशन गर्नुपर्छ भन्ने लाग्दैन । आजभोलि गाउँपालिका वा नगरपालिकाका आफ्नै वेबसाइट हुन्छन्, त्यसैमार्फत पनि सूचना प्रकाशन गर्न सकिन्छ । जिल्ला समिति, वडा समिति वा पालिकाको कार्यालय, नापी वा मालपोत कार्यालयको सूचना पाटीमा पनि सूचना प्रकाशित गर्न सकिन्छ । नियमावली वा कार्यविधिमा यसैअनुसार परिमार्जन गरेर सरलीकरण गर्न सकिन्छ ।

**अव्यवस्थित बसोबासीको जग्गा दर्ता गर्दा तिर्नुपर्ने राजस्व बढी भयो, कतैकतै त जग्गाको चलनचल्ती मूल्य भन्दा बढी राजस्व तिर्नुपर्ने भयो भनेर लालपुर्जा लिन सकिएन भन्ने गुनासोहरू पनि आइरहेका छन् । यसलाई कसरी लिनुभएको छ ?**

यस्तो गुनासो पनि सुनिएको छ । यसमा थप अध्ययन र छानबिन हुनुपर्छ जस्तो लाग्छ । राजस्व जणना गर्न केही त्रुटि भएको हुन

सक्छ। राजस्व गणना गर्न बसोबास गरेको वा आवादकमोद गरेको जग्गाको विविध पक्षको मूल्याङ्कन गरिनुका साथै र सो जग्गामा बसोबास गर्ने व्यक्तिको आर्थिक सामाजिक हैसियतको समेत मूल्याङ्कन गरिने व्यवस्था गरिएको छ। सो प्रयोजनका लागि सम्बन्धित व्यक्तिले निर्धारित फाराममा विभिन्न तथ्य र सूचना भर्नुपर्ने हुन्छ।

लगत सङ्कलन कार्यमा खटिएका व्यक्ति वा सम्बन्धित व्यक्ति स्वयम्को असावधानीका कारण सो फारममा त्रुटिपूर्ण सूचना वा तथ्याङ्क सङ्कलन भएमा वास्तविक राजस्व निर्धारण नहुन सक्छ। यस विषयमा ध्यान दिनु जरुरी देखिन्छ। यदि राजस्व बढी नै भएको हो भने तिर्न नसक्ने वर्गका लागि ७५ प्रतिशतसम्म छूट दिन सकिने, किस्ताबन्दीरूपमा तिर्न सकिनेलगायत व्यवस्था पनि गरिएको छ। फेरि पनि राजस्व बढी नै भएको हो भने नेपाल सरकारले नियमावली संशोधन गरी घटाउन सकिने अवस्था त छँदैछ।

भूमिहीन र अव्यवस्थित बसोबासीले लालपुर्जा पाउने प्रक्रिया झन्झटिलो र लामो भयो भन्ने गुनासो छ। अहिलेकै प्रक्रिया र गतिमा काम हुने हो भने सबै भूमिहीन र अव्यवस्थित बसोबासीले कहिलेसम्म लालपुर्जा पाउन सक्लान् ?

भूमिहीन नागरिकलाई राज्यका तर्फबाट जग्गा उपलब्ध गराउने कार्यलाई सामान्यरूपमा कपडा, चामल, चिउरा, चाउचाउलगायत राहत बाँडे जस्तो रूपमा लिनुहुँदैन। निश्चित कानुन र प्रक्रियाको पालना गरिनुलाई अन्यथा लिइनुहुँदैन। तर नियम, कानुन र प्रक्रियाका नाममा वर्षौं वा दशकौंसम्म झुलाएर राख्नु पनि उपयुक्त हुँदैन। हालको प्रक्रियामा केही सुधार हुनुपर्छ।

हाल अपनाइएको प्रविधि र प्रक्रियालाई सरलीकरण गर्नुपर्ने देखिन्छ। हालकै प्रविधि, प्रक्रिया, जनशक्ति, बजेटलगायतका आधारमा यो कार्यलाई निरन्तरता दिने हो भने यसले दशकौं लामो समय लिने निश्चित छ। तसर्थ उद्देश्यसापेक्ष भूमि प्रशासनका रणनीति, विधि र प्रक्रिया अपनाइ यस कार्यको अझै थप स्रोत र साधन जुटाइ सक्दो छिटो यसलाई टुङ्गोमा पुऱ्याउनु उपयुक्त हुन्छ। यसका लागि भूमिसम्बन्धी ऐनमा पनि केही समयसापेक्ष परिमार्जन, नियमावलीमा सुधार र कार्यविधि, निर्देशिकाहरूको पुनर्लेखन र केन्द्र, जिल्ला र स्थानीय तहमा समेत संस्थागत पुनर्संरचना गरी यस कार्यलाई अघि बढाउनु उपयुक्त हुन्छ। ✿



पातली थामी

# अभियानमा सिकाइ र भोगाई

म पातली थामी। ठेगाना, बाह्रबिसे नगरपालिका वडा नं. ९ पखेरा टोल सिन्धुपाल्चोक। उमेर ४२ वर्ष। परिवारमा ३ महिला र २ पुरुष गरी ५ सदस्य छौं। कृषि पेसा गर्छौं र खेतीपातीबाट नै जीविकोपार्जन चलाउँदैछौं। भूमि अधिकार अभियानमा २०५८ सालदेखि जोडिएकी हुँ। आफ्नै जमिन ३ रोपनी क्षेत्रफल छ। साहूको जग्गा ३ रोपनी मोहीका रूपमा कमाउँदै आएका छौं। परिवारले भनेअनुसार साहूको जग्गा कमाउन थालेको ४ पुस्ता बितिसक्यो।

यति लामो समयदेखि जोतभोग गर्दै आएको जग्गाको मोही हक लिनुपर्ने कुरा उठायौं। २०५८ सालदेखि सङ्गठित भई जसको जोत उसको पोतको नारा लगायौं। र पीडितहरूलाई सङ्गठित गर्दै अभियानमा जोडियौं। जब जग्गा कमाउने मोहीको पनि आधा हक लाग्छ भन्ने थाहा भयो त्यसपछि किसानहरू सङ्गठित हुन थालियो। त्यतीबेला भूमि अधिकार मञ्चबारे थाहा थिएन। सामुदायिक आत्मनिर्भर केन्द्रमार्फत अभियान गाउँ-गाउँ पुगेको थियो र मञ्च गठन गरिएको थियो।

जग्गा अँधिया (मोही) कमाएको भन्ने प्रमाणका रूपमा ४ नं. अस्थायी जोताहा निस्सा रहेछ। तर छिमेकी टोलका कतिपय किसानहरूसँग त्यस्तो प्रमाणहरू पनि थिएन। अभियान फैलँदै जाँदा हामी अन्य गाउँ/ठाममा पनि गयौं। अन्यत्र त कोही मोही, कोही गुठी, कोही बिर्ता र कोहीचाहिँ भूमिहीन रहेछन् ।

सिन्धुपाल्चोक जिल्लाभरिकै समस्या भनेको गुठी, मोही, सुकुमबासी र भूमिहीन बेदर्तावाल मोही रहेछ। सुरु आफैंबाट गर्नुपर्छ भनेर आन्दोलनमा सङ्गठित भयौं। अभियानपछि अधिकांश किसानको मालपोत कार्यालयको दर्ता स्रेस्तामा मोही जनाउन सफल भइयो। बेदर्तावाल मोहीको विवरण निकालिएका छौं। प्रमाण भएका मोहीहरूको आधा हक लिनका लागि मालपोत कार्यालयमा निवेदन दर्ता गर्न सहजीकरण गरियो।

पहिले पहिले अभियानमा हिँड्न कठिन थियो। गाडी चढ्नै नहुने समस्या थियो। गाडी चढ्यो कि बान्ता (बान्ता) हुन्थ्यो। तर अभियानमा हिँड्ने क्रममा जय भूमि जस्ता...नाराको आवाज सुनेपछि भित्रैदेखि जोश र जाँगर बढेर आउँथ्यो। थकाइ र दुःख हराउँथ्यो। मान्छेलाई शक्तिचाहिँ पीडाले पनि दिने रहेछ भन्ने महसुस र सिकाइ अभियानले दियो।

उतिबेला घरदेखि सदरमुकाम जानसम्म पनि पैसा हुँदैनथ्यो। कैयौंपटक त आधा बाटो गाडी र आधा हिँडेर पनि आइयो गइयो। अभियानमा हिँड्दा पैसा तिरेर खाना खान सक्ने अवस्थाहरू हुन्थेन, आफ्नै घरमा मकै भुटेर झोलामा बोकिन्थ्यो। कत्ति हिँडेकी भनेर घरमा उत्तिकै कराउँथे। निरन्तर हिँडियो। आन्दोलन र अभियानले नै आज यहाँसम्म ल्याइपुऱ्याएको छ। खुसी पनि दिएको छ।

स्थानीय सरकारसँग मिलेर अभियान गर्दा धेरै सहज हुने रहेछ। समुदायले पत्याएको अगुवा भयो भने काम गर्न सजिलो हुने रहेछ। यो सिकाइ हामीले आफ्नै गाउँ र जिल्लामा गर्दा सिक्यौं। अभियानका दौडानमा धेरै चुनौती पनि भोगियो। आफ्नो अधिकार

पाउनका लागि साहूहरूसँग धेरै लफडा र झगडा भयो। धेरै धम्की पनि आयो। कतिपयलाई जग्गाको नामसारी अशंबन्डा पुस्तौँदेखि नभएकाले अधिकार लिन गाह्रो भयो। मालपोतको कर्मचारीले गर्न सक्ने काम पनि नगरिदिँदा कति दुःख पायौँ। पैत्रिक सम्पत्ति पुरुषमा हस्तान्तरण हुने तर महिलामा नहुने भएकाले धेरै झन्झटहरू पनि आए। यस्तो समस्या अझ बढी संयुक्त लालपुर्जा अभियान गर्दा भोग्यौँ। आफ्नो नाममा भएको जमिनमा चाहिँ हामी (श्रीमान्/श्रीमती) ले संयुक्त लालपुर्जा बनाएका छौँ। हामी अगुवा उदाहरण पनि बन्नुपर्छ।

म गाउँ मञ्चको सदस्य हुँदै जिल्ला अध्यक्ष पनि भएँ। अहिले राष्ट्रिय मञ्चकी सदस्य पनि भएकी छु। काम र जिम्मेवारीले यहाँसम्म पुऱ्याएको हो। हामीले सिन्धुपाल्चोक जिल्लामा गरेको अभियानले केही उपलब्धि पनि आयो। जस्तो- जिल्लाभरका मोही किसान भेला छलफल गराइ ३३५ किसानको मोही निवेदन मालपोत कार्यालयमा दर्ता भएको छ। यीमध्ये हालसम्म १७६ किसानले मोही जग्गा बाँडफाँट गरी आधा जग्गा लिएका छन्। २०५ घर/परिवारले गुठी जग्गाको जग्गा धनी पुर्जा लिएका छन्। 'आधा पुरुष आधा नारी : जमिनमा हक बराबरी' अभियान सञ्चालन गरी ३८७ परिवारमा संयुक्त लालपुर्जा निर्माण गरी जमिनमा महिला र पुरुषको बराबरी स्वामित्व कायम गराउन मद्दत गरियो। जिल्लामा रहेको १ हजार १ सय परिवार बेदर्तावाल मोहीको विवरण सङ्कलन पनि गरी अभिलेखीकरण गरी राखिएको छ। भूमिहीन सुकुमबासी १०१ मध्ये ४६ परिवारको निवेदन दर्ता गर्न सहजीकरण गरेका छौँ।

अबको दिनमा बाँकी रहेका भूमिका मुद्दा समाधानका लागि अभियानमा सहभागी हुनुपर्नेछ। पहिलेको तुलनामा अभियानमा केही शिथिलता आएको महसुस भएको छ। पुनः पहिलेकै ऊर्जा निकालेर अघि बढ्नुपर्ने आवश्यकता छ। स्थानीय तहले अहिले भूउपयोग योजना तर्जुमाको काम गरिरहेको छ। यो समयमा हामी भूमि अभियानकर्मीहरू पनि सक्रियरूपमा लाग्नुपर्ने अवस्था छ। थप सहजीकरण गर्नुपर्ने अवस्था छ। र, तहगत सङ्गठनहरूलाई पनि बलियो बनाएर अघि बढाउनुपर्नेछ। ✿



विष्णु पोखरेल

# सुकुमबासी उठिबास र दलीय मौनता



गरिबका मुद्दा प्रायः न्यायालयमा हराइन्छ। गरिबहरू हुनेखानेसँग प्रतिस्पर्धा नगरुन् भन्ने मनसाय राखिन्छ। सुकुमबासीका घर-टहरा वर्षायाममै भत्काइन्छन्। किनकि उनीहरूले धेरै दुःख र पीडा भोगून् भन्ने मनसाय राखिन्छ। अरूबेला दलहरू एकापसमा मिलेको विरलै देखिन्छन् तर जब गरिबको घरबास उठिबास गराउने मुद्दा आउँछ तब उनीहरू एकै ठाउँमा हुने गर्छन्। लोकतान्त्रिक आन्दोलनमा लड्ने र मर्नेहरूमा अधिकांश गरिब भए पनि उनीहरूको अवस्था दिनदिनै कष्टकर बन्दै गइरहेको छ। उनीहरूले न्याय पाउन सकिरहेका छैनन्। आफूले भरोसा गरेका दल र नेतृत्वले समेत गरिबको पक्षमा नबोल्दा उनीहरू दिक्क छन्।

सन्दर्भ हो, बाँकेको कोहलपुर नगरपालिकास्थित भूमिहीन बस्ती उठिबास गराउने निर्णय। २०८० भदौ ४ गते नगरपालिकाले सर्वदलीय बैठक बोलायो। विषय थियो वडा नं. ११ मा अन्तर्राष्ट्रिय क्रिकेट मैदानको वरपर बसोबास गर्ने सुकुमबासी बस्ती हटाउने। नगर प्रमुखले बैठकको उद्देश्यबारे बोले। आशय थियो, जसरी हुन्छ सुकुमबासी हटाउँ। जमिन खाली गरौँ। अरूबेला उनी गरिब र भूमिहीनको पक्षमा बोल्थे र वकालत गर्थे। आज एकाएक सुकुमबासीविरुद्ध बोलेको सुन्दा केही सहभागी आश्चर्यमा परे। त्यहाँ उपस्थित दलका प्रतिनिधि कसैले पनि भूमिहीन सुकुमबासीको पक्षमा बोलेनन्।

चुनावमा आफूहरूकै मतले विजय भएका दलका नेतासमेत भूमिहीनको पक्षमा नबोलेको देख्दा भूमिहीनको मन अमिलो भयो।

सबैले सुकुमबासीलाई नै नराम्रो ठाने। मानौँ, कोहलपुरको कुरूपता निम्त्याउन सुकुमबासीहरू बाधक छन्। केहीले त यतिसम्म पनि भने कि यहाँ हुने चोरी, डकैतीमा पनि उनीहरूकै संलग्नता छ। दलहरू चाहे पुराना हुन् या नयाँ, कसैले पनि सुकुमबासी बस्ती जोगाउँ भनेनन्। अन्त्यमा बहुमतले सुकुमबासी हटाउने निर्णयमा नै हस्ताक्षर गरे। र पालिकाबाट एक हप्ताभित्र सबै सुकुमबासी हट्नू भन्ने सूचना जारी भयो।

यहाँनेर अनौठो कुरा त के भने नेपाली कङ्ग्रेसका नेता बिपी कोइराला जो हरेक गरिबको घरमा एक हल गोरु र एउटा दुहुनो गाईको होस् भन्ने परिकल्पना गर्थे। आज तिनै कङ्ग्रेस नेताले सुकुमबासी उठाउने विषयमा असहमति जनाउन सकेनन्। आफूलाई कम्युनिस्ट भन्दै सर्वहारा र गरिब वर्गको कुरा गरेरै नथाक्ने र पटक-पटक सत्तामा पुगेका दलका नेताले पनि हुँदैन भन्न सकेनन्। उनीहरूकै सहभागितामा गरिबको उठिबासको योजना बन्नु आफैँमा विडम्बना थियो।

यसरी बिनापहिचान र बिनाविकल्प गरिबलाई उठिबास गराउनु भनेको आफैँमा अन्यायपूर्ण र अमिल्दो काम हो। जसबाट बसोबास गरिरहेका महिला, दलित, जनजाति, अल्पसङ्ख्यक, बालबालिका, वृद्धहरूको बाँच्न पाउने अधिकार हनन् हुन्छ। सामाजिक सद्भाव, बालबालिकाको पठनपाठन, औषधि उपचार, जीविकोपार्जन आदिमा प्रत्यक्ष असर गर्छ। वैकल्पिक व्यवस्था नगरिकन बसिरहेको ठाउँबाट कसैलाई बेदखल गर्नु कानुनसम्मत त हुँदै होइन।

यहाँ बसोबास गर्ने अधिकांश परिवार गन्धर्वसहितका दलित भूमिहीन हुन्। जसले संविधानतः २०७८ भित्र जग्गा प्राप्त गरिसक्नुपर्ने थियो तर उल्टै हुँदैछ बेदखली। कस्तो अचम्म! के यसो गर्नु लोकतन्त्र प्राप्तिका निम्ति उनीहरूले गरेको योगदानको सम्मान गर्नु हो? यहाँनेर के भ्रम नहोस् भने जथाभावी शहरभित्र सुकुमबासी बसालेर भद्रगोल निम्त्याउनुपर्छ भन्ने आशय होइन। न त सुकुमबासीका नाममा हुकुमबासीलाई जग्गा दिनुपर्छ भन्ने नै हो। सबै सुकुमबासीलाई एउटै डालोमा राखी बस्ती नै बेदखल गर्दा वास्तविक सुकुमबासीको पहिचान लोप हुन्छ। उसलाई अन्याय हुन्छ। उनीहरूको आत्मा रुन्छ।

नक्कली सुकुमबासी त आआफ्नो ठाउँतिर लाग्लान् वास्तविक भूमिहीनहरू कहाँ जाने र कसरी जीविका चलाउने? सरकार चलाउनेले नागरिकको बास अधिकारको जिम्मा लिनुपर्दैन? अध्ययन नै नगरी गरिएको यस्ता कामले सकारात्मक परिणाम ल्याउला र? राज्य र सबै तहका सरकारले मनन गर्न जरुरी छ कि पहिलेदेखि बसोबास गर्दै आएको बस्ती खाली गर्नुपूर्व उनीहरूको वैकल्पिक व्यवस्थापन हेर्नुपर्छ। यसका लागि कानुनी प्रावधान पनि छन्। भएका कानुनको पनि परिपालना नगर्नु भूमिहीनमाथि अन्याय गर्नु हो।

संविधानको धारा ३७ मा प्रत्येक नागरिकलाई आवासको हक सुनिश्चित गरिएको छ। धारा ४२ मा सामाजिक न्यायको हकभित्र आर्थिकरूपमा विपन्न नागरिकलाई आवासको अधिकार तोकिएको छ। धारा ४० को उपधारा ५ मा भूमिहीन दलितले भूमि प्राप्त गर्ने अधिकार सुरक्षित गरिएको छ। त्यस्तै उपधारा ६ मा राज्यले भूमिहीन दलितलाई कानुनअनुसार बसोबासको व्यवस्था गर्ने कुरा उल्लेख छ। यति मात्र होइन, धारा ४२ बुँदा २ मा आर्थिकरूपमा विपन्न र लोपोन्मुख समुदायका नागरिकलाई आवासलगायत अन्य विशेष अवसर र सुविधा प्रत्याभूत गर्ने लेखिएको छ। जसअनुसार आर्थिकरूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षा विशेष अवसर तथा लाभ पाउने हक हुने भन्ने छ। त्यसैगरी धारा १६ मा प्रत्येक व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने हक छ। यहाँनिर बुझ्नुपर्ने कुरा के हो भने आवासको अधिकारबिना नागरिक सम्मानपूर्वक बाँच्न सक्ने कुराको कल्पना गर्न सकिँदैन।

भूमिसम्बन्धी ऐन २०२१ को आठौँ संशोधनअनुसार भूमिम्बन्धी समस्या समाधान गर्न नेपाल सरकारले राष्ट्रिय भूमि आयोग गठन गरेको छ। स्थानीय तहसँग सम्झौता गरी लगत लिने र प्रमाणीकरण गर्ने काम भइरहेको छ। संशोधित ऐनको दफा ५२ ख मा भूमिहीन सुकुमबासीलाई जग्गा उपलब्ध गराउने भन्ने छ। त्यस्तै ५२ ग मा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने भन्नेअन्तर्गत प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए पनि यो दफा प्रारम्भ हुँदाका बखत ऐलानी वा अन्य सरकारी जग्गा वा अभिलेखमा वन क्षेत्र जनिएको भए पनि आवादीमा परिणत भएको जग्गामा कम्तीमा १० वर्षअघिदेखि आवाद कमोद गरिआएका अव्यवस्थित बसोबासीलाई एकपटकका लागि नेपाल सरकारले निजहरूले आवादकमोद गर्दै आएको स्थानमा तोकिएको क्षेत्रफलको हदमा नबढ्ने गरी जग्गा उपलब्ध गराउन सक्नेछ भन्ने व्यवस्था गरिएको छ।

जबर्जस्त नागरिकलाई बिस्थापनबाट संरक्षण गर्ने र सुरक्षित आवासको व्यवस्थापन गर्ने कुरा राष्ट्रिय कानुनी दायित्व मात्र नभई मानव अधिकारको प्रचलित अन्तर्राष्ट्रिय मान्यताको कार्यान्वयन गर्ने विषय पनि हो। मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा २५ अनुसार आवासको अधिकारलाई जीवनस्तरको अधिकारका रूपमा मानिन्छ। २०६४ भाद्र १० गते अनुमोदन गरिएको अन्तर्राष्ट्रिय श्रम सङ्गठनको आदिवासी जनतासम्बन्धी महासन्धि १९८९ (महासन्धि १६९) अनुसार पनि आदिवासी जनताको भूमि, आवास र जीविकोपार्जनका आधार र पहुँचलाई राज्यले संरक्षण गर्नुपर्ने हुन्छ।

यसरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनको अवहेलना गरी एकोहोरोरूपमा जबर्जस्त सुकुमबासी बस्तीलाई बेदखल गर्ने कार्य कदापि सही हुन सक्दैन। बल प्रयोग होइन, भूमिहीनहरूकै सहभागितामा गरिएको व्यवस्थापन नै दूरदर्शी र दिगो हुन्छ। पारदर्शी ढङ्गले लगत लिई उक्त बस्तीको परिवारको अन्यत्र जग्गा भए/नभएको बुझी वास्तविक भूमिहीन सुकमबासीको उपयुक्त विकल्प दिएर मात्र कदम उठाउन उपयुक्त हुन्छ। हैन भने यो ज्यादतीले कसैलाई राम्रो हुँदैन। ✿



ल्यामबहादुर दर्जी

# भूमि अधिकारका लागि सङ्घर्ष यात्रा




पहिले आत्मनिर्भर विकास मञ्चमा काम गर्थें, अभियानकर्मीका रूपमा। २०५६ सालतिर यो संस्थाले पर्वत र बाग्लुङका केही गाविसमा दलित सशक्तीकरणका क्षेत्रमा काम गर्थ्यो। सामुदायिक आत्मनिर्भर सेवा केन्द्रसँग मैले काम गर्ने संस्थाको पनि समन्वय र सम्पर्क रहेछ। त्यही हुनाले २०५८ सालमा ललितपुरको इमाडोलमा आयोजना भएको भूमिसम्बन्धी प्रशिक्षणमा सहभागी हुने अवसर पाएँ। त्यहाँ अभियानकर्मीका रूपमा काम गर्दै जाँदा यता राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालको अभियानमा जोडिन पुगें। त्यसपछिको लामो यात्रा भूमि अधिकार अभियानमै बित्यो।

## आफ्नै परिवेश

पर्वत पहाडको जिल्ला। पहाडैले घेरिएको छ। दलित बस्ती धेरै छन्। बस्तीमा यातायात, बाटो, खानेपानी, विद्यालय, स्वास्थ्य चौकी थिएन। दलित परिवार हली प्रथा, बालीघरे प्रथा, अँधिया खेती, भारी बोक्ने र ज्यालादारी एवं कृषि श्रमिकहरूमै सीमित थिए। जमिन थिएन, जीविकाका लागि यो गर्नु बाध्यता पनि थियो।

हामी गरिब परिवारका, खेत थिएन। जीविकोपार्जनका लागि साहूको घरमा बुबा हली गर्नुहुन्थ्यो। बुबापछि दाजुले पनि साहूकै हली गर्नुभयो। यो गर्नैपर्थ्यो। हली नगरे हात-मुख जोड्न नपाइने अवस्था थियो। चाडपर्व मनाउन पनि दुःख हुन्थ्यो। रहर भन्दा कर बढी। करले जित्थ्यो। बाध्यता पनि थियो। आफ्नो बारीको उब्जनीबाट ३ महिना खाना पुग्दैनथ्यो। दुई छाक पेट भर्न निकै गाह्रो थियो। जीविकाका लागि थप भारी बोक्ने, मजदूरी गर्ने कार्य पनि गर्नुपर्थ्यो। यस्तो काम मैले पनि गरेको अनुभव धेरै छन्।

हामीसँग किन खेत नभएको होला ? हामी किन गरिब भएका होला ? किन कोही गरिब र कोही धनी भएका होलान् ? कसले जग्गा देला ? हामीलाई दिने जमिन कहाँ छ होला ? यस्तै अनिगिन्ती र जटिल प्रश्नले घोचिरहन्थे।

## अभियानका सुरूवाती दिनहरू

आत्मनिर्भर केन्द्रले इमाडोलमा आयोजना गरेको तालिमले 'जसको सवाल, उसैको नेतृत्व' भन्ने विषयमा धेरै नै जानकारी गरायो। त्यो पहिलो प्रशिक्षण लिएपछि अभियानमा जोडियौं। समस्यामा छौं भने अभियानमा पनि स्वाभाविकरूपमा हामी आफैं जोडिनुपर्छ भन्ने ज्ञानसहितका अठोट त्यहाँबाट पाएँ। अनि अभियानमा जोडिएँ, त्यसपछि परिवार, टोल, गाउँ, जिल्ला हुँदै राष्ट्रिय मञ्चसम्म विभिन्न जिम्मेवारीमा रही भूमिका निर्वाह गरेँ।

पहिले आफ्नो मात्रै समस्या देखिन्थ्यो। आफ्नै सवाल ठूलो लाग्थ्यो। अभियानमा जोडिएपछि समुदाय, जिल्ला र देशभर रहेका भूमिहीनको अवस्था भयाबह लाग्यो। धेरै समस्या रहेछन् भन्ने प्रत्यक्ष अनुभूति पनि भयो। हामी अभियानमा जोडियौं। पर्वत हुँदै बाहिर जिल्लातिर पनि अभियानमा हिँड्न थालें। जसको सवाल उसैको नेतृत्व हुनुपर्ने अठोटका साथ सङ्गठन विस्तारलाई पनि तीव्रता दिने अभियानमा केही इँटा थप्न मद्दत गरेको छु। यो अभियान अगुवा एवं सदस्यहरू थपिएर अहिले मञ्च राष्ट्रिय तहमै एउटा पीडितको प्रतिनिधिका रूपमा उभिएको छ।

## केही सिकाइ

अभियानमा हिँड्दा सिकाइँसँगै चुनौती र विभिन्न अनुभव पाएँ। सङ्गठन शक्ति हो र सङ्गठन नभई हाम्रो अधिकार प्राप्त गर्न कठिन छ। सङ्गठकहरूको क्रियाशीलताले नै अभियानलाई जीवन्त राख्छ। ज्ञान

निर्माण, अध्ययन र क्षमता वृद्धिलाई सँगसँगै लैजानुपर्दो रहेछ। जनदबाब नै अभियानको बल हो। अभियानहरू गर्दा सचेत र सङ्गठितरूपमा जनमानस परिचालन गर्ने योजना बनाइ कार्यान्वयनमा जोड दिइँदा त्यसले नतिजा पनि दिन्छ।

आन्दोलन आफ्नै न्यूनतम् स्रोत, स्थानीय स्रोतको परिचालन गरी पनि गर्न सकिन्छ। अभियानमा प्रमुख स्रोत भनेकै अगुवा हुन्, त्यसैले कस्तो अगुवा बनाउने, कसरी परिचालन गर्ने भन्ने कुरा पनि उत्तिकै महत्त्वपूर्ण पक्ष हो। अगुवाहरूलाई दिइने जिम्मेवारी, उनीहरूको सहभागिता र परिचालनबाट आन्दोलन बलियोसँग उठ्छ।

आन्दोलन भोको मान्छेबाट उठ्छ। अघाएको मान्छेबाट उठ्दैन। भोको मान्छेलाई अधिकार प्राप्ति तीव्र चाहना हुन्छ। त्यसैले भूमि अधिकार अभियान यो उचाइमा पुग्नुमा वास्तविक पीडितहरूको व्यापक सहभागिता र आबद्धता हो भन्ने मेरो बुझाइ र अनुभव छ।

### केही उपलब्धि

म पर्वतको एउटा गाउँमा जन्मिएँ। अभियानमा जोडिएँ, गाउँ, जिल्ला हुँदै राष्ट्रिय मञ्चको नेतृत्व गर्ने तहसम्म पुगेँ। एक कार्यकाल राष्ट्रिय मञ्चको अध्यक्ष पनि भएँ। त्यसअघि विभिन्न जिम्मेवारीमा रही काम गरेँ। देशभर सङ्गठन निर्माण, सुदृढीकरणका लागि खटिएँ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहको कार्यक्रमहरूमा भएको सहभागिताले क्षमता विकासको अवसर दियो। साथै ती मञ्चहरूमा आफ्नो सङ्घर्ष र अनुभवहरू पनि आदान-प्रदान गर्ने मौका पाएँ। राष्ट्रिय तहमा भएका विभिन्न सङ्घर्षपूर्ण आन्दोलनमा सहभागी हुने एवं कतिपय समयमा नेतृत्व सम्हाल्ने कार्यहरू पनि गरेँ। यी आन्दोलन, सङ्घर्ष र अभियानले राष्ट्रिय मञ्चको सन्दर्भमा धेरै उपलब्धि प्राप्त भएको छ।

यो अभियान देशव्यापी भएको छ। अन्तर्राष्ट्रिय मञ्चहरू पनि सहभागी हुने र नेपालको भूमि मुद्दालाई अन्तर्राष्ट्रिय समुदायसम्म पुऱ्याउन मद्दत पुगेको छ। मञ्चको अभियानपछि भूमिहीन एवं भूमिका समस्या पीडितहरूको पक्षमा विभिन्न कानुन बनाउन सफल भएका छौँ। संविधान, ऐन तथा विभिन्न कानुनहरूमा भूमिका मुद्दाले स्थान पाएका छन्। त्यसैको फलस्वरूप अहिले देशव्यापीरूपमा भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीको जग्गा दर्ता अभियान अघि बढेको छ। महिलाको भूस्वामित्व कायम गराउनका लागि सयमा संयुक्त पुर्जा अभियान देशव्यापी छ। यसलाई

---

**पहिले आफ्नो मात्रै समस्या देखिन्थ्यो। आफ्नै सवाल ठूलो लाग्थ्यो। अभियानमा जोडिएपछि समुदाय, जिल्ला र देशभर रहेका भूमिहीनको अवस्था भयाबह लाग्यो। धेरै समस्या रहेछन् भन्ने प्रत्यक्ष अनुभूति पनि भयो। हामी अभियानमा जोडियौँ। जसको सवाल उसैको नेतृत्व हुनुपर्ने अठोटका साथ सङ्गठन विस्तारलाई पनि तीव्रता दिने अभियानमा केही इँटा थप्न मद्दत गरेको छु।**

---

राज्यले पनि आफ्नो नीतिहरूमा समेटेको छ। मोही, गाउँब्लकबासी र भूमिहीनहरूले लालपुर्जा पाउने अवसर बनेको छ। अहिले धेरै भूमिहीनले लालपुर्जा पाइने क्रम सुरु भएको छ।

### केही चुनौती र दुःख

बल्लतल्ल गाउँ मञ्च निर्माण गऱ्यो, सक्रिय नहुने। सदस्यहरूलाई बुझाउन कठिन। भेला गर्न कठिनाइहरू हुन्थे। गाउँमा जाँदा एनजिओ हो डलर खान आएको भन्दै विभिन्न बिल्ला लगाउँथे। यसले पनि समुदायको सहभागिता घटाउन बढाउन भूमिका खेल्थ्यो। अर्कोतर्फ राज्यको ऐन, कानुनी भाषा, शैली बुझ्न नै नसकिनेखालका थिए। जनपक्षीय थिएनन्। यस्ता चुनौती अभियानमा धेरै भोग्दै यो स्थितिमा आइपुगेका हौँ।

### अनुभव र केही सन्देश

अहिले हाम्रो परिवारमा आफ्नै थोरै खेत छ। न्यूनबाट मध्यमखालको अवस्थामा पुगेका छौँ। अरूको जमिन पनि जोतखन गर्छौँ। वार्षिक ५ हजार भाडा तिर्नुपर्छ। पशु पालन (भैँसी, बाख्रा र कुखुरा) र तरकारी खेती गर्छौँ। यसरी खेती गर्दा ७ देखि १० मुरी धान आफ्नै जग्गाबाट उत्पादन हुन्छ भने भाडामा लिइएको खेतबाट १२ मुरीसम्म थप धान उत्पादन गर्छौँ। चामल, कोदो, गहुँ, मकै, लसुन, प्याज तरकारी आजकल आफ्नै उत्पादन खान्छौँ। केही तरकारी छरछिमेकीलाई पनि बाँड्छौँ, उनीहरूले पनि बेलाबेला बाँड्छन्।

अधिकार प्राप्ति सजिलो अभियान होइन। निरन्तर खटिरहनुपर्छ। डग्मगाउनु हुँदैन। अगुवा र अभियानकर्ताले क्षमता वृद्धिका लागि स्वःअध्ययनहरू पनि बढाउनुपर्छ। नत्र ज्ञान प्राप्ति हुँदैन। विपक्षीहरू हुन्छन्, कुरा काट्छन्। आलोचना गर्छन्। तर कुरा सुन्नुपर्छ। आफ्नो लक्ष्यमा लम्किरहनुपर्छ। आफ्नो विचार राख्दा सकारात्मक हुनुपर्छ। सवाल पीडितहरूप्रति आशा (तिर्खा) जगाउने र समुदायको बास बढाउने कार्यलाई प्राथमिकीकरण दिनुपर्छ।

सङ्गठनका लागि मुख्य स्रोत अगुवा निर्माण र परिचालन हो। उनीहरूकै माध्यमबाट हामी गाउँ/समुदाय जान सक्छौँ। सञ्जालीकरण महत्त्वपूर्ण छ। आन्दोलन तथा अभियानका लागि सहभागी जुटाउने र स्रोत जुटाउन उनीहरूकै सक्रियता आवश्यक हुन्छ। हामीले यो अभियानमा अगुवाकै माध्यमबाट मानो-मुठी-आन्दोलन कोष, सहकारी निर्माणको अभ्यास पनि गरेका छौँ। यसलाई निरन्तरता दिनुपर्छ।



ओमप्रकाश राम

# मधेसमा दलित भूमिहीनता



गुजरा नगरपालिका-७ रौतहट परसवाको पश्चिम गुजरा खोला किनारमा औरहीडिह गाउँ छ। तत्कालीन प्रधानपञ्च पलट चौधरीले २०२८ सालमा रौतहटकै सङ्ग्रामपुर, शितलपुर बैरगनिया, प्रतापपुर पल्टुवालगायत गाउँबाट बसाइँ सरी आएकाहरूलाई ऐलानी जग्गा दिइ बस्ने व्यवस्था मिलाइदिए। प्रतिपरिवार ३ देखि ५ कठ्ठासम्म जग्गा दिइएको दियो। झाडी, पर्ती सफा गरेर भूमिहीनहरू बसोबास सुरु गरेका थिए।

घर/परिवार बढ्दै गएर अहिले ५२ पुगेका छन्। तीमध्ये ४५ घरधुरी दलित राम (चमार) र पासवान (दुषाद) र बाँकी केही चौधरी (थारू) र महतो (कोइरी) समुदायका मानिस बसोबास गर्छन्। बस्तीका मानिस प्रायःजसो सबै इँटा बनाउने तथा घोडा जोतेर चलाउने गाडा (टाँगा) ले इँटा ओसारपसार गरेर जीविका चलाउने गर्छन्।

औरहीडिहमा बस्ती बसोबास सुरु गरिएको ५० वर्ष भयो। तत्कालीन प्रधानपञ्चको मौखिक निर्णयबाट बसोबास सुरु भएको थियो। जग्गा ऐलानी। रैकर गराउन धेरै प्रयास भयो। प्रत्येक घरधुरीबाट हप्ता, १५ दिनमा १० देखि २० रुपियाँ कर पनि बुझाइएको थियो। जग्गा रैकर गराइदिन्छु भन्दै पटक/पटक पैसा उठाएर लगे तर जग्गा भूमिहीनको नाममा होइन, विद्यालयको नाम दर्ता भयो।

पटल चौधरी लगातार ४ कार्यकाल प्रधानपञ्च निवार्चित भए। तर २०३४ सालमा ३४ बिघा १८ कठ्ठा १४ धुर ऐलानी जग्गा वीरेन्द्र आधारभूत विद्यालयको नाममा दर्ता भयो। भूमिहीनले लालपुर्जा पाएनन्। एकपटक रामपवित्र महतोले पुरानो घर भत्केर नयाँ घर बनाउन थाल्दा विद्यालयले रोक्यो।

बस्तीबासीले २ बिघा १२ कठ्ठा १८ धुर जग्गा उपभोग गरेका छन्। २०४९ मा प्रतापपुर पल्टुवा गाविस अध्यक्षमा रामफुल चौधरी निर्वाचित भए। २०४९ साल माघ १३ गते विद्यालय व्यवस्थापन समितिले बस्ती रहेको किता नं. १७० बाट प्रतिपरिवार ६ धुरका दरले घडेरी दिने भनी निर्णय गर्‍यो। तर भूमिहीनले जाग्गा पाउन सकेनन्। न बसोबास गरेको कुनै प्रमाण पाउन सके। २०४९ माघ १३ कै निणर्यलाई आधार मानी २०७७ चैत २६ गते पुनः विद्यालय व्यवस्थापन समितिले प्रतिपरिवार ६ धुरसम्म जग्गा दिने तर प्रतिधुर ५०० रुपियाँका दरले तथा ६ धुर भन्दा बढी जग्गा भोगचलन गरेका परिवारले प्रतिधुर २००० रुपियाँको दरले विद्यालयको कोषमा बुझाउनुपर्ने निर्णय भयो। फेरि पनि केही भएन। अवस्था उस्तै रह्यो। विद्यालयले कुत उठाउन भने छाडेको छैन।

२०५४ मा रूपनारायण चौधरी गाविस अध्यक्ष निर्वाचित भएका थिए। उनी बस्तीकै भूमिपीडित पनि हुन्। गाविस अध्यक्ष भएपछि बस्तीको जग्गा रैकर गराउन जिल्ला नापी तथा मालपोत कार्यालय धेरै पटक धाए तर जग्गा ल्याउन सकेनन्।

२०६५ देखि यहाँका भूमिहीनहरू भूमि अधिकार मञ्चमा सङ्गठित भएका छन्। आफ्नो बसोबास भएको जग्गा दर्ता गरी लालपुर्जा दिन माग गरिरहेका छन्। २०६७/६८ मा महेन्द्र चौलागाईंको अध्यक्षतामा जिल्लामा सुकुमबासी समस्या समाधान आयोग बन्यो। भूमिहीनहरूले निवेदन दर्ता गराए। कसैले पनि लालपुर्जा पाउन सकेनन्।

२०६८/६९ मा हरि पौडेलको अध्यक्षतामा अर्को आयोग बन्यो। त्यसबेला यस बस्तीका समेत गरी २ हजार सुकुमबासीहरूले निवेदन दर्ता गराए। त्यतिबेला केही परिवारले सुकुमबासी परिचयपत्र मात्रै पाए। त्यसपछि पनि निरन्तर अरू आयोगहरू बन्यो। पटक-पटक निवेदन पेस गरियो तर लालपुर्जा पाउन सकेनन्। त्यति मात्रै होइन, भूमिहीनले जनता आवास कार्यक्रमबाट घर बनाउन पाउने अवसरबाट समेत वञ्चित हुनुपर्‍यो। त्यतिमात्र होइन, उनीहरूले सरकारबाट उपलब्ध हुने अन्यखालको सहयोगसमेत पाउनबाट वञ्चित हुँदै आएका छन्।

यसपालिको राष्ट्रिय भूमि आयोगले दलित भूमिहीन सुकुमबासीहरूलाई जग्गा वितरण गर्ने भने पनि हालसम्म पनि यहाँका भूमिहीनले लालपुर्जा पाउन सकेका छैनन्। उनीहरूले अहिलेको आयोगमा पनि निवेदन पेस गरेका छन्। जग्गा ऐलानी भए पनि पछि विद्यालयको नाममा दर्ता गराएकाले भूमिहीनले आफ्नो नाममा नपाएर लालपुर्जा पाउन सकेका छैनन्।



जगत देउजा

# भूमि साक्षरता र जग्गा मिसन अभियान



भारतको पश्चिम बङ्गालमा महिलाका लागि भूमि साक्षरता कार्यक्रम र उडिसा राज्यको जग्गा मिसन अभियानको सिकाइ भ्रमणका लागि ह्याबिटाट फर ह्युमिनिटीको निम्तो थियो । उडिसा राज्यले सञ्चालन गरेको जग्गा मिसनबारे समाचार र लेखहरू पहिले पढेकाले यसबारे जान्ने हुटहुटी पहिलेदेखि नै थियो । भदौको तेस्रो साता पश्चिम बङ्गालको महिलाका लागि भूमि साक्षरता र उडिसाको जग्गा मिसनबारे जान्न हामी ६ जनाको टोली कलकत्ता पुगेका थियौँ ।

कलकत्ता शहरमा २५ वर्षपछि दोस्रोपटक पुग्दा फरक अनुभूति भइरहेको थियो । सन् १९९८ को अक्टोबरमा उडिसाको पुरीमा भएको पहिलो रिफ्लेक्ट विश्व सम्मेलनमा भाग लिन यही कलकत्ता हुँदै रेल चढेर गएको सम्झना ताजा भयो । सहभागिमूलक विधि र प्रक्रियाको मुख्य अभ्यासकर्ता रोवर्ट चेम्बर्स सँगै हुनुहुन्थ्यो ।

सेप्टेम्बर ४ को बिहान ल्यात्डडेसाका निर्देशक पिनाकी हल्दारले पश्चिम बङ्गालको भूमि सुधारबारे सङ्क्षेपमा बताउनुभयो । पश्चिम बङ्गालमा सन् १९५३ मा सम्पत्ति अधिग्रहण ऐन लागु गरिएको थियो । जसले जमिनदारी प्रणालीलाई समाप्त गर्‍यो । जग्गाको हदबन्दी तोकियो । हदबन्दी भन्दा बढी जग्गा भूमिहीनलाई बाँडियो । उक्त ऐनले जग्गा भाडामा लिने र अधिया/बटैया गर्नेको पनि सुरक्षा प्रदान गर्‍यो ।

छोटो विफ्रिङपछि हाउरा जिल्लाको भारतमाता सहकारी पुगेका थियौँ । कलकत्ताबाट करिब २ घण्टा टाढाको शहरोन्मुख ठाउँमा रहेको उक्त सहकारीका सदस्यसँग असाध्यै आत्मीय छलफल भयो । सहकारीको आफ्नै भवनमा छलफल भएको थियो । सन् २००७ बाट सुरु भएको उक्त सहकारीको २४० वटा सेल्फहेल्प समूह र २४०० सदस्य रहेछन् ।

सहकारीले भूमि सेवा केन्द्र सञ्चालन गरेको छ । सेवा केन्द्रमा जग्गाको तिरो बुझाउन, नामसारी गर्न, गलत विवरण सच्याउन मिल्छ । केन्द्रले जग्गाको विषयमा सल्लाह पनि उपलब्ध गराउँछ । ३० मिनेटसम्म निःशुल्क र त्यसपछिको न्यूनतम् शुल्क पनि लिने गरिएको रहेछ । जग्गा खरिद गर्नुपूर्व खरिद गर्न लागिएको जग्गा कस्तो प्रकारको हो भनेर बुझ्न पनि सजिलो हुने भयो । यसका लागि सहकारीले सरकारबाट सूचना प्रणालीको आइडी लिएको छ । काउन्सेलिङका लागि तालिम

प्राप्त सहजकर्ताहरू नियुक्त छन् । यसले नियमितरूपमा आम्दानी दिइरहेको छ भने सदस्यहरूलाई सेवा लिन सजिलो भएको छ ।

यहाँका हाम्रा सहकारी वा सङ्गठनले त्यस्तो भूमिसम्बन्धी काउन्सेलिङ गर्ने, सूचना दिने, सेवा दिने काम गर्न सक्दा राम्रो हुने देखिन्छ । त्यहाँ सहकारीबाट सञ्चालित भूमि सेवा केन्द्रले समुदायको विश्वास जितेको छ । यी केन्द्रहरूमार्फत मानिसले सजिलैसँग भूमि परामर्शमा पहुँच गर्न, भूमि कर भुक्तानी गर्न र भूमि हस्तान्तरण गर्न सक्छन् । सबै सेवा केन्द्र सरकारबाट प्रशिक्षित सहजकर्ताहरूद्वारा सञ्चालित छन् ।

अर्को त्यहाँ ल्यान्डडेसाको प्राविधिक सहयोगमा पश्चिम बङ्गाल सरकारले लागु गरेको महिला भूमि साक्षरता कार्यक्रम पनि महत्त्वपूर्ण थियो । महिला भूमि साक्षरता कार्यक्रमका लागि समुदायबाट नै सहजकर्ताका लागि आवेदन माग गरिँदोरहेछ । यसरी आवेदन दिनेहरूलाई सरकारी अधिकारीले अन्तर्वार्ता लिएर तालिमका लागि छनोट गर्दा रहेछन् । छनोटपछि ३ दिनको आवासीय तालिम दिइँदोरहेछ । यस्तो तालिममा भाग लिएर जसले ८० भन्दा बढी अङ्क प्राप्त गर्छ ऊ सहजकर्ता छानिँदोरहेछ । सहजकर्ताले प्रत्येक ३ वटा समूहका ३० जनालाई एक ठाउँ ल्याएर ३ घण्टाको भूमि साक्षरता कार्यक्रम सञ्चालन गर्नुपर्ने रहेछ । यस्तो कार्यक्रममा आउनेलाई ४० रुपियाँ खाजाबापत र सहजकर्तालाई सहजीकरणबापत २५० रुपियाँ दिने गरिएको रहेछ । यो रकम पनि कार्यक्रम गरेर सबै विवरण सूचना प्रणालीका राखेपछि प्राप्त हुने गर्दोरहेछ । यस्ता साक्षरता केन्द्रहरू भूमि र भूमि अधिकारको बारेमा आधारभूत सचेतना प्रदान गर्न प्रभावकारी सावित भएका छन् । यसले व्यक्तिहरूलाई भूमि अधिकार दाबी गर्ने प्रक्रिया बुझ्न मद्दत गरेको छ । र, द्वन्द्व कम गर्न र शक्तिशाली व्यक्तिहरूद्वारा हुने शोषण घटाउन सहायक भएको छ ।

यस्तो साक्षरता हामीकहाँ पनि जरुरी छ । वास्तवमा समुदायलाई भूमिसम्बन्धी व्यवस्थित ढङ्गले बुझाउने कार्य गर्न सकेका छैनौँ । भूमि नहुनेले भूमि पाउनुपर्छ भनेर आवाज उठाउन झक्झकाए पनि प्रत्येक व्यक्तिलाई भूमिका सम्बन्धमा, कानुनी विषयमा आधारभूत साक्षर बनाउने काम अभियानकै रूपमा गर्न आवश्यक छ । यस क्रममा भूमिहीन, जोताहा र साना किसानले भोगेका अनेकन समस्याका विषयमा छलफल हुन सक्छ ।

जस्तो- केही समयपहिले दाङको गढवामा जाँदा एकजना दिदीले आफूले केही वर्षपहिले किनेको जग्गा पास नगरिदिएको समस्या सुनाउनुभयो । पहिले जग्गा खरिद गरेर पैसा बुझाइसकेपछि उक्त जग्गा बैङ्कमा धितो राखेको भेटियो । अहिले उनीहरू समस्यामा छन् । जग्गा खरिद गर्दा के/के कुरामा ध्यान दिनुपर्छ भनेर पहिले नै साक्षर बनाउन सकिएको भए र माथि भनेको जस्तो सेवा केन्द्र भएको भए त्यस्तो समस्या आउने थिएन । वास्तवमा भूमि साक्षरता भूमिको समस्या कम गर्न नगरी नहुने काम हो । व्यावहारिक समस्याहरूमा यसलाई केन्द्रित गर्न सकिन्छ । र, हाम्रो कामलाई नयाँ ढङ्गले दिगोतवरले लैजान सकिन्छ । यसका लागि अभियानकै रूपमा निश्चित सङ्ख्यामा पुग्ने गरी भूमि साक्षरता कार्यक्रम सञ्चालन गर्न जरुरी छ ।

पश्चिम बङ्गालमा महिला स्वःसहायता समूहहरू समुदायदेखि ब्लकसम्म, सङ्घ स्तरसम्म राम्रोसँग सङ्गठित छन् । सहकारीले सबै भूमिहीन र साना सिकान महिलालाई आर्थिक र जीविकोपार्जनसम्बन्धी गतिविधिहरू सञ्चालन गर्ने कार्य गरिरहेको छ । समुदायका मुख्य चासोलाई खासगरी उनीहरूको जीविकोपार्जनको विषयलाई सम्बोधन नगरी, लामो समयसम्म मानिससँग जोडिन चुनौतीपूर्ण छ । स्वःसहायता समूहका लागि सरकारले प्रदान गर्ने अनुदान उनीहरूको दिगोपनका मुख्य आधार हो । यहाँको सहकारीलाई सरकारले ५० लाख रुपियाँ अनुदान दिएको छ । र, यसको ब्याजबाट उनीहरूको सम्पूर्ण व्यवस्थापन खर्च चल्छ ।

भूमि साक्षरता कार्यक्रमलाई नेपालमा अझै राम्रो गर्न सक्छौँ । लचिलो पाठ्यसामग्री बनाएर समुदायबाट नै सहभागीमूलक ज्ञान सिप भएका सहजकर्ता तयार गरेर यस्तो साक्षरता केन्द्र सञ्चालन गर्न सकिन्छ । भूमि साक्षरता कार्यक्रम र जग्गा मिसन कार्यक्रम दुवैमा सामुदायिक संस्था, नागरिक समाज सङ्गठन र सरकारबीच बलियो सम्बन्ध छ । ओडिसामा भूमि बाँडफाँट कार्यक्रमको सफलतामा स्लम डवेलर्स एसोसिएसनले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइयो । सरकारले सुकुमबासीकै सङ्गठनलाई पूरै विश्वास गरेर कार्यक्रम गरेको देखियो ।

जग्गा मिसनअन्तर्गत १ लाख ७२ हजार परिवारलाई जग्गाको स्वामित्वको प्रमाणपत्र वितरण गरिसकेको छ । यो अभियान सफल हुनुमा धेरै तत्त्वले काम गरेका छन् । जग्गा मिसन पूर्णतः सरकारी अधिकारीको नेतृत्वमा सञ्चालित छ । यस कार्यक्रमको कर्मचारी ७ वर्षदेखि एउटै छन् । उनीहरूले यसलाई मिसनकै रूपमा अघि बढाएका छन् । उनीहरूले शहरी सुकुमबासीलाई बोझ भन्दा पनि सुन्दर शहर निर्माणको अवसरका रूपमा लिएका छन् ।

जग्गा र आवासको कार्यक्रमलाई जोडेर लगेका छन् । जग्गाको लगत सङ्कलनका लागि भोग र घरको अवस्थितिलाई अनिवार्य बनाइएको छ । पहिलो चरणमा भइरहेकै जग्गा दिँदा हुने परिवारलाई केन्द्रित गरिएको छ । स्थानान्तरण गर्नुपर्ने हकमा पनि सोही समुदायभित्र नै व्यवस्थापन गरिएको छ ।

जग्गा वितरणसम्बन्धी अड्डाहरू नापी वा मालपोतलाई यस जग्गा वितरण कार्यक्रमसँग जोडिएको छैन । पुर्जा वितरणपछि रेकर्डका लागि पठाउने र उनीहरूले अनिवार्य रेकर्डमा राख्नुपर्ने गरिएको छ । सरकारी र राजनीतिक नेतृत्वको प्रतिबद्धता बलियो छ । जसका लागि जग्गा उपलब्ध गराउने हो उनीहरूलाई नै हरेक प्रक्रियामा बलियोतवरले संलग्न गरेर लगिएको छ । सङ्घ/संस्थालाई पनि साथमा लगिएको छ । सक्षम विज्ञ कर्मचारीहरू बाहिरबाट नियुक्त गरी परिचालन गरिएको छ । निजी कम्पनीहरूसँग मिलेर प्राविधिक कामलाई तीव्र तुल्याइएको छ ।

हामीले पनि यस सिकाइबाट राष्ट्रिय भूमि आयोगको कामलाई अहिले आएका चुनौती चिर्ने ढङ्गले नयाँ रणनीति, संरचना बनाइ अगाडि बढाउन जरुरी छ । नयाँ विधि र रणनीति चाहिन्छ । र, यो कार्य गर्न सक्ने बुझेका केही गरौँ भन्ने हुटहुटी पनि उत्तिकै जरुरी छ । अहिलेको जग्गा वितरण कार्यको विस्तृत र एकीकृत योजना पनि उत्तिकै जरुरी छ ।

# बाँझो जग्गा जोगायौं, हराभरा बनायौं



# शब्द तस्बिर



पहिरो र खेती प्रणालीसम्बन्धी छलफल गर्दै नौकुण्ड गाउँपालिका-६ घोर्मुका स्थानीय



भोटेकोशी गाउँपालिका- २, लार्चा समुदायको जोखिम नक्सा अवलोकन गर्दै स्थानीय



उत्तरगया गाउँपालिका-२ डाँडागाउँमा बायो इन्जिनियरिङ गरिँदै



भोटेकोशी गाउँपालिका -४ मा पहिरो जोखिम न्यूनीकरणका लागि प्रकृतिमैत्री विधिको अभ्यास



आपत्कालिन खोज तथा उद्धारसम्बन्धी तालिम उत्तरगया गाउँपालिका-५, नौबिसे




आपत्कालिन आश्रयस्थल, बाह्रबिसे नगरपालिका